# बद्रीप्रसाद दाहालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागअन्तर्गत
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
**शिवराज अधिकारी**
शैक्षिक सत्र : ०६२/०६४
त्रि.वि.द.नं. : ६-३-१९-८०४-२००५

वीरेन्द्र बहुमुखी क्याम्पस
**नेपाली विभाग**
भरतपुर, चितवन
२०७६/२०१९

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन

नेपाली विभाग

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी शिवराज अधिकारीले नेपाली एम.ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **बद्रीप्रसाद दाहालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

प्रा.डा. होमनाथ सापकोटा ____________________

विभागीय प्रमुख हस्ताक्षर

सहप्रा. डा. एकनारायण पौड्याल ____________________

शोधनिर्देशक हस्ताक्षर

सहप्रा. भवनाथ सडौला ____________________

बाह्य परीक्षक हस्ताक्षर

मिति : २०७६/०४/२९

१४ अगस्त २०१९

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र शिवराज अधिकारीले **बद्रीप्रसाद दाहालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७६/०४/२०
१४ अगस्त २०१९

**डा. एकनारायण पौड्याल**
सहप्राध्यापक
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

# प्रतिबद्धतापत्र

यस शोधपत्रभित्रका सामग्री कहीँ कतैबाट साभार गरिएका होइनन् । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । तसर्थ यो शोधपत्र नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

मिति : २०७६/०४/२०
१४ अगस्त २०१९

..............................
**शिवराज अधिकारी**
शोधार्थी

# कृतज्ञता ज्ञापन

**बद्रीप्रसाद दाहालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रमअनुसार दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु सहप्रा. डा. एकनारायण पौडेलको निर्देशनमा तयार गरेको हुँ । आफ्नो कार्यव्यस्तताका बीच पनि यो शोधपत्र तयारीका सन्दर्भमा प्रेमपूर्वक निर्देशन तथा विविध ज्ञानवर्धक सल्लाह र सुझाव दिएर अविस्मरणीय सहयोग गर्नुहुने श्रद्धेय गुरूप्रति म सदा ऋणी रहनेछु ।

प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न सहयोग गर्ने विभागीय प्रमुख प्रा.डा. होमनाथ सापकोटा तथा नेपाली विभागप्रति म कृतज्ञ छु । शोध-पत्र लेखनका क्रममा शोधनायक श्री बद्रीप्रसाद दाहालका परिवारजनहरूबाट पाएको सहयोगप्रति आभार प्रकट गर्न चाहन्छु ।

शोधपत्रको तयारीका सिलसिलामा सहयोग गर्ने वीरेन्द्र बहुमुखी क्याम्पसको पुस्तकालय, बालकुमारी क्याम्पसको पुस्तकालय, भानु पुस्तकालय, रत्ननगर नगरपालिका तथा सम्बन्धित सबै सङ्घ-संस्थाप्रति आभार व्यक्त गर्नु मैले आफ्नो कर्तव्य सम्झिएको छु ।

प्रस्तुत शोधपत्र तयार गर्ने विविध सन्दर्भमा मलाई सहयोग गर्ने प्रकाशचन्द्र भट्टराई, नवराज अधिकारी, फणिन्द्र पनेरु, सुमन अर्याल, पुष्प अधिकारी, पुरुषोत्तम दाहाललगायतका व्यक्तित्वहरू विशेष धन्यवादका पात्र हुनुहुन्छ । यसका साथै यस शोधपत्रको तयारीका क्रममा विभिन्न कोणबाट अमूल्य सहयोग गर्नुहुने मेरा सहृदयी मित्र एकबहादुर जी.सी.लाई धन्यवाद दिन चाहन्छु । यो शोधपत्र टङ्कन छिटो-छरितो र शुद्ध रूपमा गरी सहयोग गर्ने श्री सुमन अर्याल र महेश पौडेललाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यो **बद्रीप्रसाद दाहालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** नामक शोधपत्र आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७६/०४/२०
१४ अगस्त २०१९

..............................

**शिवराज अधिकारी**

# सङ्क्षेपीकृत शब्दहरू

प्रस्तुत शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरू यस प्रकार छन् :

| | | |
|---|---|---|
| ई. | : | ईश्वी |
| उ.म.न.पा | : | उप-महानगरपालिका |
| एम.ए. | : | मास्टर अफ आर्टस् |
| एम.एच्. | : | मास्टर अफहेल्थ |
| एस.एल.सी. | : | स्कुल लिभिङ सर्टिफिकेट |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| गा.पा | : | गाउँपालिका |
| गो.प. | : | गोरखापत्र |
| चौ.सं. | : | चौथो संस्करण |
| डा. | : | डाक्टर |
| ते.सं. | : | तेस्रो संस्करण |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | : | दोस्रो संस्करण |
| नी.न.पा | : | नीलकण्ठ नगरपालिका |
| ने.रा.प्र.प्र. | : | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| ने.रे.सो. | : | नेपाल रेडक्रस सोसाइटी |
| प. | : | पण्डित |
| पाँ.सं. | : | पाँचौ संस्करण |
| प्र.सं. | : | प्रथम संस्करण |
| प्रा. | : | प्राध्यापक |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |
| पृ. | : | पृष्ठ |
| भू. | : | भूमिका |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| र.न.पा | : | रत्ननगर नगरपालिका |
| वि.सं. | : | विक्रम सम्वत् |
| वी.पी | : | विश्वेश्वरप्रसाद कोइराला |
| स.प्रा. | : | सह-प्राध्यापक |
| सम्पा. | : | सम्पादक |
| हा.व्य.शै. | : | हास्यव्यङ्ग्य शैली |

# विषयसूची

**परिच्छेद : एक**

**शोधपरिचय**


१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३ शोधपत्रको उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ शोधकार्यको औचित्य ३

१.६ शोधकार्यको सीमाङ्कन ४

१.७ सामग्री सङ्कलन र शोधविधि ४

- १.७.१ सामग्री सङ्कलन विधि ४
- १.७.२ शोधविधि ५

१.८ शोधपत्रको रूपरेखा ५


**परिच्छेद : दुई**

**बद्रीप्रसाद दाहालको जीवनी र व्यक्तित्व**


२.१ विषयपरिचय ६

२.२ जीवनी ६

- २.२.१ वंश-परम्परा ७
- २.२.२ पारिवारिक पृष्ठभूमि ८
- २.२.३ जन्मस्थान र जन्म ८
- २.२.४ नामकरण ८
- २.२.५ बाल्यकाल ९
- २.२.६ शिक्षा-दीक्षा ९
- २.२.७ कार्यक्षेत्र प्रवेश र निरन्तरता १०
- २.२.८ दाम्पत्यजीवन र पारिवारिक स्थिति १०
- २.२.९ लेखन प्रेरणा र प्रभाव ११

२.२.१० वैयक्तिक जीवनका विशेष घटना-सन्दर्भ १२
२.२.११ रुचि तथा स्वभाव १२
२.२.१२ सङ्घ-संस्थासँगको आबद्धता १३
२.२.१३ चिन्तन, दर्शन र विचार १३
२.२.१४ आर्थिक अवस्था १४
२.२.१५ पुरस्कार, प्रशंसा र सम्मान १४
२.३ व्यक्तित्व १५
२.३.१ बाह्य व्यक्तित्व र स्वभाव १५
२.३.२ आन्तरिक व्यक्तित्व १६
२.३.३ साहित्यिक व्यक्तित्व १७
२.३.३.१ कवि व्यक्तित्व १७
२.३.३.२ सम्पादक व्यक्तित्व १८
२.३.३.३ गीतकार व्यक्तित्व १९
२.३.४ साहित्येतर व्यक्तित्व १९
२.३.४.१ शिक्षक व्यक्तित्व १९
२.३.४.२ सामाजिक एवं साङ्गठनिक व्यक्तित्व १९
२.३.४.३ राजनीतिक व्यक्तित्व २०
२.३.४.४ प्रेरक व्यक्तित्व २०
२.४ जीवनी, व्यक्तित्व र साहित्य लेखनबीच अन्तःसम्बन्ध २०
२.५ साहित्यसम्बन्धी बद्रीप्रसाद दाहालको धारणा २१
२.६ निष्कर्ष २१

**परिच्छेद : तीन**

**साहित्यिकयात्रा र चरण विभाजन**

३.१ विषयप्रवेश २३
३.२ चरण निर्धारणका प्रमुख आधारहरू २३
३.२.१ सामाजिक-राजनैतिक परिवेश २४
३.२.२ बौद्धिक-साहित्यिक परिवेश २५

३.३ साहित्ययात्रा र चरण विभाजन २५
३.३.१ पूर्वार्ध चरण (प्रारम्भदेखि वि.सं २०४० सम्म) २६
३.३.२ उत्तरार्ध चरण (वि.सं २०४६ देखि २०६३ सम्म) २८
३.४ निष्कर्ष २९

## परिच्छेद : चार

## साहित्यिक कृतिहरूको अध्ययन

४.१ विषयपरिचय ३१
४.२ बद्रीप्रसाद दाहालका काव्यकृतिको विश्लेषण ३१
४.२.१ गङ्गा (२०४०) कवितासङ्ग्रहको विश्लेषण ३२
४.२.१.१ शीर्षक ३२
४.२.१.२ संरचना ३३
४.२.१.३ विषयवस्तु ३३
४.२.१.४ लयविधान ३३
४.२.१.५ भावविधान ३५
४.२.१.६ बिम्ब-विधान ३५
४.२.१.७ भाषाशैली ३६
४.२.१.८ उद्देश्य ३६
४.२.१.९ कृतिगत निष्कर्ष ३६
४.२.२ हेनरी ड्युना कवितासङ्ग्रहको विश्लेषण ३८
४.२.२.१ शीर्षक ३८
४.२.२.२ संरचना ३८
४.२.२.३ विषयवस्तु ३९
४.२.२.४ लयविधान ४०
४.२.२.५ भावविधान ४१
४.२.२.६ अलङ्कारविधान ४१
४.२.२.७ भाषाशैली ४२
४.२.२.८ उद्देश्य ४३

४.२.२.९ कृतिगत निष्कर्ष ४४
४.२.३ 'भस्मासुरका खित्का' कवितासङ्ग्रहको विश्लेषण ४४
४.२.३.१ शीर्षक ४४
४.२.३.२ संरचना ४४
४.२.३.३ विषयवस्तु ४५
४.२.३.४ लयविधान ४५
४.२.३.५ भावविधान ४६
४.२.३.६ बिम्बविधान ४७
४.२.३.७ भाषाशैली ४७
४.२.३.८ उद्देश्य ४८
४.२.३.९ कृतिगत निष्कर्ष ४८
४.२.४ 'भस्मासुरका खित्का'का निबन्धहरूको विश्लेषण ४९
४.२.४.१ शीर्षक ४९
४.२.४.२ विषयवस्तु ४९
४.२.४.३ संरचना ५०
४.२.४.४ उद्देश्य ५०
४.२.४.५ कथन पद्धति ५०
४.२.४.६ भाषाशैली ५१
४.२.४.७ कृतिगत सारांश ५१
४.२.५ 'डिबडिबे' कवितासङ्ग्रहको विश्लेषण ५२
४.२.५.१ शीर्षक ५२
४.२.५.२ संरचना ५३
४.२.५.३ विषयवस्तु ५३
४.२.५.४ लयविधान ५४
४.२.५.५ भावविधान ५५
४.२.५.६ बिम्ब र अलङ्कार ५६
४.२.५.७ भाषाशैली ५७
४.२.५.८ उद्देश्य ५७
४.२.५.९ कृतिगत निष्कर्ष ५८

४.२.६ 'बाँसुरी' कवितासङ्ग्रहको विश्लेषण ५८
४.२.६.१ शीर्षक ५८
४.२.६.२ संरचना ५९
४.२.६.३ विषयवस्तु ६०
४.२.६.४ लयविधान ६१
४.२.६.५ भावविधान ६२
४.२.६.६ बिम्बालङ्कार विधान ६३
४.२.६.७ भाषाशैली ६५
४.२.६.८ उद्देश्य ६५
४.२.६.९ कृतिगत निष्कर्ष ६६
४.३ निष्कर्ष ६७

**परिच्छेद : पाँच**

**उपसंहार तथा निष्कर्ष**

५.१ विषयपरिचय ६८
५.२ परिच्छेद एकको निष्कर्ष ६८
५.३ परिच्छेद दुईको निष्कर्ष ६८
५.४ परिच्छेद तीनको निष्कर्ष ६८
५.५ परिच्छेद चारको निष्कर्ष ६८
५.६ समग्र निष्कर्ष ६९

**सन्दर्भग्रन्थसूची** ७२

**परिशिष्ट**

क) फुटकर रचना प्रकाशित भएका पत्र-पत्रिका तथा स्मारिका ७४
ख) शोधनायसँग लिइएको अन्तर्वार्ताको नमुना ७५
ग) बद्रीप्रसाद दाहालका सम्बन्धमा अन्य प्रमुख व्यक्तिहरूसँग लिइएको अन्तवार्ताको नमुना ७६
घ) बद्रीप्रसाद दाहालका बारेमा अन्तर्वार्ता लिइएका विशेष व्यक्तित्वको विवरण ७७
ङ) बद्रीप्रसाद दाहालले प्राप्त गरेका केही कदार तथा सम्मानपत्रहरू र छायाचित्र ७८

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषयपरिचय

कुनै पनि साहित्यको विकास साहित्यिक स्रष्टा र उनीहरूको रचनाको माध्यमबाट नै हुन जान्छ । व्यक्तिविशेषको सम्बन्ध समाज, संस्कृति, राजनीति आदिसँग हुने भएकोले साहित्यिक व्यक्तित्वको जीवनी र कृतित्वबाट सामाजिक, सांस्कृतिक वा राजनैतिक परिवेश बुझ्न सकिन्छ । व्यक्तिविशेषको सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना, मानसिक प्रभाव, अनुभव, तथा क्रियाकलापको क्रमबद्ध विवरण सविस्तार प्रस्तुत गरिएको गद्यरचनालाई जीवनी भनिन्छ । शेलीले भनेजस्तै कविहरूले सर्वसाधारण दुनियाँलाई उच्च आदर्श दर्साई यस संसारका नियमहरूसमेत बाँधी सबैलाई धर्मको मार्ग देखाउँछन् । यिनै योगदानको कदर गर्न यहाँ धादिङ जिल्ला नीलकण्ठ नगरपालिका-६, नेवारपानीमा जन्मिएका बद्रीप्रसाद दाहालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ ।

२०११ षौष २७ गते धादिङ जिल्लाको नेवारपानीमा जन्मिएका बद्रीप्रसाद दाहाल धादिङका प्रबुद्ध र सशक्त साहित्यकार हुन् । विद्यालयीय जीवनकालदेखि नै साहित्य सिर्जनामा लागेका दाहालले विशेष गरी कविता, निबन्ध, हास्यव्यङ्ग्य र समालोचना विधामा कलम चलाएका छन् ।

उनका प्रकाशित प्रमुख कृतिहरूमध्ये उनको पहिलो कृति *गङ्गा* (२०४०), कवितासङ्ग्रह हो । यसलाई उनी स्वयंले प्रकाशित गरेका हुन् । उनको दोस्रो कृति *हेनरी ड्युना* (२०४६), कवितासङ्ग्रह हो र यसलाई तीर्थराज वन्तले प्रकाशित गरेका हुन् । यसै गरी तेस्रो *भस्मासुरका खित्का* (२०५७), निबन्ध तथा कवितासङ्ग्रह, चौथो *डिबडिबे* (२०६०), पाँचौ *बाँसुरी* (२०६३), रहेका छन् । यी कृतिहरूलाई क्रमशः श्रीमती मिश्रा दाहाल, हेमन्तराज दाहाल र संगीता दाहालले प्रकाशित गरेका हुन् । उल्लेखित कृतिहरूलाई आधार मान्दा बद्रीप्रसाद दाहाल प्रभावशाली साहित्यिक व्यक्तित्व भएको पुष्टि हुन्छन् । आजसम्म पनि उनको व्यवस्थित अध्ययन नभएकोले यस शोधपत्रमा साहित्यकार **बद्रीप्रसाद दाहालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** विषय शीर्षक चयन गरेर अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

जबसम्म साहित्यिक सर्जकको व्यक्तित्व खोजी हुँदैन, तवसम्म ती स्रष्टाहरूको योगदानको मूल्याङ्कन हुन सक्दैन । त्यसैले यहाँ नेपाली साहित्यमा अमूल्य योगदान दिएका बद्रीप्रसाद दाहालको अध्ययनको प्रयास गरिएको छ । यसका लागि बद्रीप्रसाद दाहालको जीवनी, व्यक्तित्व र कृतित्व शीर्षकसँग सम्बन्धित समस्या कथन यसप्रकार रहेका छन् :

क) बद्रीप्रसाद दाहालको जीवनी र व्यक्तित्व के कस्तो रहेको छ ?

ख) बद्रीप्रसाद दाहालको साहित्यिकयात्रा र चरण विभाजन के कस्तो रहेको छ ?

ग) बद्रीप्रसाद दाहालका साहित्यिक कृति विधातत्त्वका आधारमा के कस्ता रहेका छन् ?

उक्त समस्यामा केन्द्रित रही शोधपत्रमा साहित्यकार बद्रीप्रसाद दाहालको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरिएको छ ।

## १.३ शोधपत्रको उद्देश्य

अनेकौं प्रतिभाहरूले साहित्य सिर्जनामा दिएको अमूल्य योगदानले नै राष्ट्रको साहित्यिक अस्तित्व बाँचेको हुन्छ । देशको सभ्यता, संस्कृतिको परिचय गराउन यस्ता साहित्यिक स्रष्टाको देन महत्त्वपूर्ण हुन्छ । साहित्य तथा वाङ्मय नै राष्ट्रको गर्व भएकाले साहित्यिक सर्जकहरूको अध्ययन अनुसन्धान हुनु आवश्यक हुन्छ । यस्ता कुनै स्रष्टा प्रचार-प्रसारमा आउने सुअवसर पाएका हुन्छन् भने कोही यसको अभावमा ओझेलमा परेका हुन्छन् । यस क्रममा नेपाली साहित्यको क्षेत्रमा लामो समयदेखि निरन्तर सेवा र साधना गर्दै आएका बद्रीप्रसाद दाहालको साहित्यिक योगदानको मूल्याङ्कन गर्ने उद्देश्यले शोधकार्य गरिएको छ । यसका लागि उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने मुख्य उद्देश्यसँग सम्बन्धित निम्न उद्देश्यहरू रहेका छन् :

क) बद्रीप्रसाद दाहालको जीवनी र व्यक्तित्वको परिचय दिने,

ख) बद्रीप्रसाद दाहालको साहित्यिक यात्रा र चरण विभाजन पुष्टि गर्ने,

ग) उनका साहित्यिक कृतिहरूको विधातत्त्वको आधारमा विवेचना गर्ने ।

यिनै उद्देश्य प्राप्त गर्न यो शोधकार्य गरिएको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

बद्रीप्रसाद दाहालका बारेमा विभिन्न समयमा विभिन्न लेखकले सामान्य रूपमा चर्चा परिचर्चा गरेको पाइन्छ तापनि उनको जीवनी, व्यक्तित्व र कृतित्वलाई समेट्ने गरी विस्तृत अध्ययन हुन सकेको छैन । ती चर्चा-परिचर्चाले मात्र उनको समग्र अध्ययन पूर्ण हुँदैन तैपनि उनका बारेमा गरिएका केही टिप्पणीहरूको कालक्रमिक विवरण यसप्रकार रहेको छ :

कृष्ण गौतम (२०४०) ले *गङ्गा* कवितासङ्ग्रहको अगाडि पृष्ठमा प्रस्तुत कृतिको सङ्क्षेपमा टिप्पणी गर्दै स्वजनको मृत्युमा बाँच्नेहरूलाई काव्यले नै व्यक्त गर्न सक्ने र सो गुण कृतिमा रहेको मनोधारणा व्यक्त गरेका छन् ।

हरिविनोद अधिकारी (२०५७) ले *भस्मासुरका खित्का* कवितासङ्ग्रहको बाहिरी पृष्ठमा कृतिको सङ्क्षेपमा टिप्पणी गर्दै नूतन भविष्यका लागि वर्तमानलाई ध्वस्त पार्ने आकाङ्क्षा कृतिमा रहेको धारणा व्यक्त गरेका छन् ।

मोहन कोइराला (२०५७) ले *भस्मासुरका खित्का*को बाहिरी पृष्ठमा प्रस्तुत कृतिको सङ्क्षेपमा टिप्पणी गर्दै मानिसलाई युगवोध गर्ने हा.व्य.शै.मा समाजको सुधारको आकाङ्क्षा राखी आफ्ना अन्तर्वेदनालाई सर्जकले अभिव्यक्त गरेको वताउँदै सो कृति सबैका लागि पठनीय रहेको धारणा व्यक्त गरेका छन् ।

दिनेश अधिकारी (२०५७) ले *भस्मासुरका खित्का*को बाहिरी पृष्ठमा प्रस्तुत कृतिको सङ्क्षेपमा टिप्पणी गर्दै हा.ब्य.शै. मार्फत एउटा स्रष्टाको तेस्रो जन्म अर्को स्रष्टाको लागि के हुन सक्छ र ? भन्दै पाण्डुलिपि पढेर खुसी भएको धारणा व्यक्त गरेका छन् ।

बलदेव मजगैयाँ (२०६३) ले *बाँसुरी* कवितासङ्ग्रहको अगाडि पृष्ठमा प्रस्तुत कृतिको सङ्क्षेपमा टिप्पणी गर्दै पद्य र गद्यमा समान रूपले कमल चलाउन सक्ने कविलाई साधुवाद भनेर दुई शब्द व्यक्त गरेका छन् ।

भुवनहरि सिग्देल (२०६३) ले *बाँसुरी* कवितासङ्ग्रहको अगाडि पृष्ठमा प्रस्तुत कृतिको सङ्क्षेपमा टिप्पणी गर्दै मानिसलाई चेतना भर्ने प्रकारको प्राञ्जल, नूतन र वर्तमान नेपालको दर्पणझैं आलङ्कारिक कविता बुझेको धारणा व्यक्त गरेका छन् ।

## १.५ शोधकार्यको औचित्य

लामो समयदेखि साहित्यिक क्षेत्रमा आफ्नो जीवन व्यतित गरिसकेका साधक बद्रीप्रसाद दाहाल (२०११ पौष २७) का *गङ्गा* (शोककाव्य, २०४०), *हेनरी ड्युना*

(स्मृतिकाव्य, २०४६), *भस्मासुरका खित्का* (कविता तथा निबन्धसङ्गह, २०५७), *डिबडिबे* (खित्का सङ्गालो, २०६०), र *बाँसुरी* (कवितासङ्गह, २०६३) जस्ता कृतिहरू पुस्तकाकार रूपमा प्रकाशित भइसकेका छन् । उनका बारेमा गहन अध्ययन अनुसन्धान हुन बाँकी नै छ । सामान्य टीका-टिप्पणी र छिटपुट चर्चा परिचर्चा मात्र भएको वर्तमान अवस्थामा उनका सम्बन्धमा सुव्यवस्थित र विस्तृत अध्ययन र अनुसन्धान आवश्यक देखिएको छ । समवर्ती र उत्तरवर्ती प्रतिभाहरूका लागि उनको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण प्रेरणादायी देखिन्छ । यसरी उनको औचित्य स्वतः सिद्ध हुन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

शोधपत्रमा बद्रीप्रसाद दाहालको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरिएको छ । उनका जीवनीका विभिन्न पाटाहरूका साथै २०६३ सालसम्म प्रकाशित भएका सम्पूर्ण पुस्तकाकार कृतिहरूको अध्ययन र विवेचना गर्नु शोधकार्यको अभीष्ट रहेको छ । शोधकार्यमा विभिन्न पत्र-पत्रिका तथा पुस्तकमा प्रकाशित दाहालका रचनाहरूको कालक्रमिक विवरण साथै प्रकाशोन्मुख रचनाहरूको विवरण दिइएको छ । समकालीन साहित्यकारहरूसँग उनको तुलनात्मक अध्ययन एवम् उनका सबल दुर्बल पक्षहरूको पूर्ण विश्लेषण भने गरिएको छैन। यही नै यस शोधकार्यको सीमा हो ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

शोधपत्र तयारी क्रममा प्रस्तुत अनुसन्धानमा सामग्री सङ्कलन विधि र शोधविधि निम्नानुसार अवलम्वन गरिएको छ । अनुसन्धेय व्यक्ति जीवितै भएकाले आवश्यकता अनुसार भेटघाट, प्रश्नावली आदिबाट पनि सामग्री सङ्कलन गरिएको छ । यसका साथै आवश्यकता अनुसार शोधनायकका परिवार, विद्वान् एवं अन्य साहित्यकारहरूसँग पनि लिखित एवं मौखिक जानकारी लिइएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

साहित्यकार बद्रीप्रसाद दाहालको जीवनी, व्यक्तित्वको अध्ययन-विश्लेषणका लागि सामग्री सङ्कलन गर्दा अन्तर्वार्ता र भेटघाट पद्धतिलाई अपनाइएको छ । साथै पुस्तकालय उनका पुस्तक तथा सन्दर्भ पुस्तकको अध्ययययबाट पनि सामग्री लिइएको छ ।

### १.७.२ शोधविधि

साहित्यकार बद्रीप्रसाद दाहालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन-विश्लेषण गर्ने क्रममा जीवनीपरक र विधापरक अध्ययन पद्धतिलाई अँगालिएको छ भने कृतित्व सम्बन्धी लेखनकार्यमा समालोचनाका सामान्य सिद्धान्तलाई अँगालिएको छ । प्रस्तुत शोध-कार्यअन्र्तगत जीवनी खण्डमा स्वयम् अनुसन्धेय व्यक्तिसँगको अन्तर्वार्ता र भेटघाटलाई मूल आधार मानिएको छ भने व्यक्तित्व खण्डमा मूल आधार प्रायः अनुसन्धेय व्यक्तिका कृतित्वलाई मानिएको छ । यसै क्रममा कृति विश्लेषणका लागि कविता शीर्षक, लयविधान, कथनपद्धति, भाषाशैली, संरचना, भाव/विचार र बिम्बालङ्कारलाई आधार मानिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

शोधपत्रको बाह्य संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा गर्नका लागि तल उल्लेखित खण्ड, परिच्छेद, शीर्षक, उपशीर्षक, परिशिष्ट, सन्दर्भसूची आदिमा विभाजित गरिएको छ ।

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : बद्रीप्रसाद दाहालको जीवनी र व्यक्तित्व

परिच्छेद तीन : बद्रीप्रसाद दाहालको साहित्यिकयात्रा र चरण विभाजन

परिच्छेद चार : बद्रीप्रसाद दाहालको कृतित्वको अध्ययन

परिच्छेद पाँच : उपसंहार तथा निष्कर्ष

यसरी प्रस्तुत शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ र आवश्यकताअनुसार प्रत्येक परिच्छेदलाई विविध शीर्षक र उपशीर्षक आदिमा विभाजन गरिएको छ ।

# परिच्छेद : दुई

# बद्रीप्रसाद दाहालको जीवनी र व्यक्तित्व

# परिच्छेद : दुई

# बद्रीप्रसाद दाहालको जीवनी र व्यक्तित्व

## २.१ विषयपरिचय

जीवनी भनेको एउटा व्यक्ति विशेषको वृत्तान्त हो (थापा, २०५० : २२७) । व्यक्तिविशेषका सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना मानसिक प्रभाव, अनुभव तथा क्रियाकलापको क्रमबद्ध विवरण सविस्तार प्रस्तुत गरिएको पद्यरचना जीवनी साहित्यअन्तर्गत पर्दछ (शेष्ठ र शर्मा, २०५६ : १७०) । जीवनी साहित्यमा आख्यान साहित्यमा झैँ कल्पनाको होइन वस्तुपरक तथ्यको सर्वाधिक महत्त्व हुन्छ । जीवनी जीवनभर गरेका कामकुराको क्रमबद्ध लेख वा कथन हो (पोखेल, २०५८ : ११७५) । यसरी जीवनीमा कुनै व्यक्तिविशेषको जीवनको सम्पूर्ण वा आंशिक पक्षको विवरण हुन्छ । सम्पूर्ण जीवनको विवरण एउटा ग्रन्थमा समेटिन सक्छ तर यो लेख विशेषमा मात्र जीवनका सम्पूर्ण पक्षको बेली विस्तार गर्न साध्य पनि हुँदैन । यसैले जीवनीमा आवश्यकता र उपयुक्तता हेरी कुनै व्यक्ति विशेषको जीवनका समय वा आंशिक वृतान्तको प्रस्तुती हुन्छ (थापा, २०५० : २२७) । यस शोधपत्रमा बद्रीप्रसाद दाहालले गरेका साहित्यिक योगदानलाई हेरेर उनको जीवनीका साथै जन्मदेखि हालसम्मका सङ्क्षिप्त वृत्तान्त प्रस्तुत गरिएको छ । उनले हालसम्म साहित्यका विधामध्ये कविता, गीत, निबन्ध तथा समालोचना क्षेत्रमा कलम चलाएर उल्लेखनीय योगदान दिएकाले उनको जीवनीबारे विश्लेषण गर्नु उपयुक्त ठानिएको हो ।

## २.२ जीवनी

बद्रीप्रसाद दाहाल धादिङको नेवारपानी सुनौलो बजारमा गङ्गादत्त र देवमायाको कोखबाट सातौं सन्तानका रूपमा २०११ साल पौष २७ गते जन्मिएका हुन् (शोधनायकबाट प्राप्त जानकारीअनुसार) । बाबुको मुख्य पेसा कृषि भए तापनि पण्डित परिवारमा जन्मिएकाले उनले शिक्षा-दीक्षाको उचित वातावरण पाएको देखिन्छ । बत्स गोत्रका दाहालको न्वारनको नाम चेतनाथ भए पनि बोलाउने नाम बद्रीप्रसाद दाहाल हो (शोधनायकबाट प्राप्त जानकारीअनुसार) । बाल्यकाल सुखद् रूपमा बिताएका दाहालले

स्नातकोत्तरसम्मको शिक्षा लिएका छन् । १३ वर्षको उमेरमा मिश्रा अधिकारीसँग विवाह गरेका दाहालका २ छोरा र १ छोरी रहेका छन् । २०३४ सालदेखि २०६३ सालसम्म शिक्षण पेसा गरेका दाहालले विभिन्न सङ्घ-संस्थासँग संलग्न भई कार्य गरे वापत सम्मान तथा पुरस्कार पनि पाएका छन् । दौरा र सुरुवाल लगाउन मन पराउने दाहालले नेपाली साहित्यमा पाँचवटा कृतिहरू दिएर महत्त्वपूर्ण योगदान दिएका छन् । उनको जीवनीलाई यसरी बुझ्न सकिन्छ ।

### २.२.१ वंश-परम्परा

यिनको वंश परम्पराको कुनै पनि लिखित इतिहास पाइँदैन । त्यसैले शोधनायकसँगको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारीलाई नै आधार मान्नुपर्ने देखिन्छ । धादिङ् नेवारपानी, सुनौलो बजारबाट २०४८ सालमा बसाइँ सराईले गाउँ रित्तिदै गएपछि यो परिवार नीलकण्ठ न.पा.-३ मा झरेका थिए । यिनको वंश परम्परालाई बुझ्दै जाँदा मुख्य पेसा कृषि भए तापनि पौरोहित्यलाई पनि अँगालेको पाइन्छ । शैक्षिक क्षेत्रमा पनि यो परिवार अगाडि रहेको छ । पं. बुबासँग पढ्नका लागि घरमा विद्यार्थीको चाप रहेको पाइन्छ भने सामाजिक क्षेत्रमा पनि यस परिवारको छुट्टै अस्तित्व रहेको पाइन्छ । यिनको पुर्खालाई बुझ्दै जाँदा जयमङ्गलका छोरा श्रीकान्त र श्रीकान्तका छोरा शुकदेव भएको जानकारी पाइन्छ । शुकदेवका पं. गङ्गादत्त र पं. रोहिणीकान्त दुई भाइ छोरा रहेका थिए । यिनमा पं. गङ्गादत्त दाहालका गोमादेवी, दत्तात्रय, चूडामणि, हिरादेवी, शिवराज, टुनादेवी, बद्रीप्रसाद र इन्दिरा आठ सन्तान भएका देखिन्छन् (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

पं. गंगादत्त दाहाल र देवमाया दाहालका सातौं सन्तानका रूपमा बद्रीप्रसाद दाहालको जन्म २०११ साल पौष २७ गतेका दिन धादिङ जिल्लाको नेवारपानी सुनौलो बजारमा भएको हो । उनको न्वारानको नाम मेष राशि, अश्विनी नक्षत्रको दोश्रो पाउबाट चेतनाथ भए तापनि बोलाउने नाम बद्रीप्रसाद दाहाल रहेको पाइन्छ । दाजुहरू समेत पढाइ लेखाइमा राम्रा भएकाले घरायसी वातारणले गर्दा यिनी पनि सचेत रहेको देखिन्छ । बाबुको मुख्य पेसा कृषि तथा पौरोहित्य भए तापनि विद्वान् पण्डित भएकाले छोराछोरीको शैक्षिकस्तर अगाडि बढाउनुपर्ने मान्यता यिनका पुर्खामा देखिन्छ ।

### २.२.२ पारिवारिक पृष्ठभूमि

बद्रीप्रसाद दाहालका पूर्वज लामो समयसम्म धादिङ, नेवारपानी सुनौलो बजारमा बस्दै विकटता र विविध समस्यासँग जुध्दै आफ्नो जीवनको गुजारा चलाउँदै आएका थिए । जागिर, व्यापार र व्यवसाय नभएकाले कृषि, पौरोहित्य र पुराणवाचनमा आफूलाई स्थापित गरे । खास गरी कृषि नै उनको मुख्य पेसा थियो । आफूले औपचारिक शिक्षा नलिएकाले छोराछोरीको अध्ययनप्रति बाबु गङ्गादत्त निकै सजक थिए ।

गंगादत्त दाहाल र देवमाया दाहालका कोखबाट जन्मिएका बद्रीप्रसाद दाहालका तीन दाजु, तीन दिदी र एक बहिनीमध्ये सातौं गर्भबाट जन्मिएका थिए । दाजुहरूतर्फ दत्तात्रय, चूडामणि र शिवराज हुन् भने दिदीहरूमा गोमादेवी अधिकारी, हिरादेवी भट्ट र टुनादेवी अधिकारी हुन् । बहिनी निर्मला अर्यालभन्दा अघि यिनको जन्मभएको थियो । बाबु आमाको शिक्षाप्रतिको रुचिको कारण सम्पूर्ण परिवार शिक्षित रहेको पाइन्छ ।

### २.२.३ जन्मस्थान र जन्म

साहित्यकार बद्रीप्रसाद दाहालको जन्म नेपालको ३ नं. प्रदेश, बाग्मती अञ्चलको धादिङ जिल्लाअन्तर्गत नेवारपानी सुनौलो बजारमा २०११ सालपौष २७ गते पिता पं. गंगादत्त दाहाल तथा माता देवमाया दाहालका कान्छो छोरोको रूपमा जन्म भएको थियो । दाहाल दम्पतिका छोरातर्फबाट गन्दा कान्छा र दिदी-बहिनीतर्फबाट गन्दा यिनी ठुलोकान्छो सन्तानको रूपमा जन्मिएका हुन् ।

उनीपछि एकमात्र बहिनी जन्मिएकी थिइन् । तीन दाजुहरू दत्तात्रय, चूडामणि र शिवराज हुन् भने दिदीहरूतर्फ गोमादेवी अधिकारी, हिरादेवी भट्ट र टुनादेवी अधिकारी हुन् । बहिनी इन्दिरा अर्याल र प्रस्तुत शोधनायक दाहाल सहित आठ सन्तान रहेका पाइन्छन् ।

### २.२.४ नामकरण

मेष राशि भएका बद्रीप्रसाद दाहालको बत्सगोत्र हो । न्वारानको नाम चेतनाथ भएता पनि उनको बोलाउने नाम बद्रीप्रसाद नै हो । यिनका पिता पण्डित भएकाले ईश्वरबाट उत्प्रेरित भई छोराहरूको नाम पौराणिक पात्र या तीर्थको नामबाट दत्तात्रय, चूडामणि,

शिवराज र बद्रीप्रसाद राखेको देखिन्छ । यिनले 'भस्मासुर' साहित्यिक नामबाट पनि कृति र रचनाहरू पत्रपत्रिकामा छपाएको पाइन्छ तर पनि बद्रीप्रसाद दाहालको नामबाट नै यिनका साहित्यिक कृतिहरू सार्वजनिक भएका छन् ।

### २.२.५ बाल्यकाल

आफ्नै मातापिताको ममतामयी पालनपोषणमा यिनको बाल्यकाल बितेका पाइन्छ । धादिङ, नेवारपानी सुनौलो बजारको, सुन्दर, रमणीय वातावरणमा हाँस्दै खेल्दै हुर्केका बद्रीप्रसाद दाहालले बाल्यकाल त्यहीँ नै बिताएका हुन् । मध्यवर्गीय परिवारमा जन्मे पनि खासै यिनलाई दुःखको अनुभूति भएन । तीनदाजु र तीन दिदीका भाइ भएकाले पनि यिनको बाल्यकाल स्नेहमा बितेको देखिन्छ । यिनले बाल्यकालदेखि नै शास्त्रीय लयका कवितामा रमाउने र लेख्ने गरेको पाइन्छ । यिनले कवितामा व्यङ्ग्य घोलेर श्रोताहरूलाई आफूतर्फ आकृष्ट गरेको पनि पाइन्छ । बाल्यकालदेखि नै साहित्यिमा र खेलकुदमा निकै चासो रहेको देखिन्छ । भलिवल खेलका यिनी खेलाडी नै थिए । आफ्ना पिताबाट प्राप्त प्रेरणाले बद्रीप्रसाद दाहालले बाल्यकाल्यदेखि अगाडि बढ्ने वातावरण पाएका थिए । यसरी विविध परिवेशले हेर्दा यिनको बाल्यकाल सुखद् नै रहेको पाइन्छ ।

### २.२.६ शिक्षा-दीक्षा

धादिङ जिल्लाको पुरानो सदरमुकाम नेवारपानी ब्रह्मस्थल पुण्यभूमि हो (दाहाल, २०७२ : ८) । पिताजी त्यतिखेरका प्रख्यात पण्डित थिए । घरमा पढ्न आउनेको जमघट हुन्थ्यो (अर्याल, २०७२ : १०) । सुन्दर हरियालीको बिचमा कर्णेश्वर महादेवको मन्दिरमा सधैँ रुद्राभिषेक चल्दथ्यो । यही हिमवत्खण्ड पवित्र बौद्धिक स्थलमा उनको शिक्षा-दीक्षा भएको पाइन्छ ।

पढाइतर्फ अभिरुचि भएका बालक बद्रीप्रसादलाई विद्यालय पढाउन खासै गाह्रो परेन । औपचारिक शिक्षा धादिङ नेवारपानीबाटै प्रारम्भ भएको पाइन्छ । नेवारपानी संस्कृत पाठशालामा यिनले कक्षा ८ सम्म अध्ययन गरेका थिए । २०२७ देखि २०२९ सम्म रानीपोखरी संस्कृत पाठशालामा अध्ययन गरी कक्षा १० उत्तीर्ण गरको पाइन्छ । उनले

२०२८ देखि २०३० सम्म बाल्मीकि संस्कृत विद्यापीठबाट ज्योतिष विषयमा मध्यमा र २०३० देखि २०३२ सालमा सोही विद्यापीठबाट धर्मशास्त्रमा शास्त्री परीक्षा उत्तीर्ण गरेका थिए । त्यसपछि धर्मशास्त्र र राजनीतिशास्त्रमा स्नातकोत्तरसम्मको अध्ययन गरे तापनि अध्ययन पूरा नभएको देखिन्छ ।

### २.२.७ कार्यक्षेत्रमा प्रवेश र निरन्तरता

खेतीपाती मुख्य पेसा र पौरोहित्यलाई अँगाल्दै अगाडि बढेको पारिवारिक पृष्ठभूमि भए तापनि उनमा आफ्नो माइलादाजुको प्रेरणाबाट साहित्यिक फाँटमा उदाउन प्रेरणा मिलेको पाइन्छ । उनले २०३४ देखि २०५१ सालसम्म भैरवी मा.वि., नीलकण्ठ न.पा.-६ धादिङमा प्र.अ. भएर अध्यापन गरेका थिए । त्यसपछि २०५१ देखि २०६३ सम्म नीलकष्ठ मा.वि., नीलकण्ठ न.पा-३ धादिङमा नेपाली विषय शिक्षकको रूपमा काम गरेको पाइन्छ ।

यसरी बद्रीप्रसाद दाहालको कार्यक्षेत्र शिक्षणमात्र नभएर सिर्जना पनि भएको पाइन्छ । दाहालले २०२४ सालमा मन्दाक्रान्ता छन्दमा *हिमाल* कविता लेखेर साहित्ययात्राको थालनी भएको देखिन्छ । यस कविताले सबैको मन जितेपछि साहित्यिक सिर्जनामा अगाडि बढ्न हौसला मिलेको पाइन्छ (शोधनायकबाट प्राप्तजानकारी) ।

हालसम्म उनका प्रकाशित साहित्यिक कृतिमा *गंगा* (शोककाव्य) २०४०, *हेनरी ड्युना* (स्मृतिकाव्य) २०४६, *भस्मासुरका खित्का* (कविता तथा व्यङ्ग्य निबन्धसङ्ग्रह) २०५७, *डिबडिबे* (खित्का सँगालो) २०६०, *बाँसुरी* (कवितासङ्ग्रह) २०६३, रहेका छन् । बी.पी. कोइराला र उनले परिकल्पना गरेको नेपाल, *देवमाया* (शोककाव्य) र *भस्मासुरको बज्र* (ब्यङ्ग निबन्ध) प्रकाशोन्मुख कृति देखिन्छन् । यस्तै उनी विभिन्न सङ्घ-संस्थासँग पनि आवद्ध रहेका छन् । नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य, धादिङ साहित्य समाजको संस्थापक उपाध्यक्ष, वि.पि. चिन्तन प्रतिष्ठानको केन्द्रीय सदस्यका साथै विभिन्न सङ्घ-संस्थामा उनको आबद्धता रहेको पाइन्छ । यसरी विभिन्न सङ्घ-संस्थासँग आवद्ध भई आफ्नो कार्यक्षेत्रमा निरन्तरता दिएको पाइन्छ ।

### २.२.८ दाम्पत्यजीवन र पारिवारिक स्थिति

बढ्दो उमेरसँग छोराछोरीको विवाह गरिदिन पाए हुन्थ्यो भन्ने बाबुआमाको चाहनाअनुसार उनका तीन दाजु र तीन दिदीको विवाह सम्पन्न भएपछि उनको प्रसङ्ग पनि

विभिन्न ठाउँमा चल्न थाल्यो । यसै अनुरूप फुपूदिदी टीकादेवीको पहलमा २०२३ सालमा १३ वर्षको उमेरमा धादिङ नेवारपानी-६ निवासी यदुकुमार अधिकारी र मातादुर्गादेवी अधिकारीकी छोरी मिश्रा अधिकारीसँग उनको विवाह सम्पन्न भयो । कक्षा ८ सम्म अध्ययन गरेकी असल गृहिणी भएकीले यी दुवैको दाम्पत्यजीवनमा कहिल्यै पनि खटपट रहेन । माटोको भर ढुङ्गो, ढुङ्गाको भर माटो जस्तै भएर सुखद् रूपमा नै पारिवारिक जीवन चल्दै गयो । विवाहको १० वर्षपछि पहिलो सन्तानको रूपमा छोराको जन्म भयो । २ छोरा र १ छोरी गरी ३ सन्तानका बाबुआमा बनेका दाहाल दम्पती छोराछोरीको प्रगतिबाट प्रसन्न देखिन्छन् । बद्रीप्रसादका जेठा छोरा हेमन्त दाहाल २०३३ सालमा जन्मिएका हुन् । उनको विवाह चन्दा शर्मासँग भई २०६३ सालमा नाति हृदयराज जन्मिएका छन् । उनले एम.एल. शिक्षा पूरा गरी ल फर्म सञ्चालन र बुहारीले एम.एल. शिक्षा पूरा गरी कलेज पठाउँछिन् । कान्छा छोरा हर्षराज र बुहारी सबिनाले पनि एम.एच. शिक्षा पूरा गरी परियोजनामा कार्यरत छन् र उनीहरूका २०७५ मा नाति सहर्ष जन्मिएको देखिन्छ । छोरी सङ्गीताको गोकर्ण अधिकारीसँग विवाहभई व्यापार-व्यवसायमा लागेको देखिन्छ । सबै छोराछोरीको शिक्षा-दीक्षा पूर्ण भई आ-आफ्नो क्षेत्रमा लागेकाले घरमा श्रीमान् श्रीमतीमात्र रहेको पाइन्छ । यसरी यिनको पारिवारिक अवस्था सुखद् नै रहेको देखिन्छ ।

### २.२.९ लेखन प्रेरणा र प्रभाव

यस धरतीमा देखिने असङ्गत र बेमेल कुराले आफूलाई छटपटी बनाएर लेखन कार्यमा थप ऊर्जा मिलेको कुरा साहित्यकार दाहालले बताएका छन् (शोधनायकबाट प्राप्त जानकारीअनुसार) । बाल्यकालदेखि नै छरिता र सहज कविता लेख्ने साहित्यकार दाहालमा *रामायण, गीता* र *महाभारत*ले निकै प्रभाव पारेको देखिन्छ । यस्तै देवकोटाका *मुनामदन* पनि त्यतिकै प्रभाव पार्ने कृति रहेछ । विशेषतः विदेशी साहित्यका मोन्तेन, टाल्सटाय आदि व्यक्तित्व र उनका कृतिहरूको प्रेरणा र प्रभाव उनको साहित्य लेखनमा परेको छ । यिनका साहित्यिक कृतिमा तत्कालीन पञ्चायती व्यवस्था र हाल देशको सामाजिक, राजनैतिक, सांस्कृतिक, आर्थिक र दुराशापूर्ण वातावरणबाट उत्पन्न भएको विषम परिस्थितिको परिणति पनि लेखनकार्यमा ऊर्जाशक्तिका रूपमा आएको जानकारी पाइन्छ ।

यसरी समाजिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशको स्थितिले उनमा आएको छटपटीलाई व्यक्त गर्ने क्रममा साहित्य सिर्जना भएको देखिन्छ । समग्रमा भन्दा दाजुको व्यक्तिगत प्रभाव, आफ्नो अन्तर्मुखी स्वभाव, समाजको विसङ्गति र राष्ट्रिय-अन्तर्राष्ट्रिय व्यक्तित्वको प्रभाव आदि पक्षहरू उनको साहित्यलेखनको मूल प्रेरणा र प्रभावहुन् भन्न सकिन्छ ।

## २.२.१० वैयक्तिक जीवनका विशेष घटना-सन्दर्भ

हरेक मानिसका आ-आफ्नै दिनचर्या हुन्छन् । यही जीवनका उकाली-ओरालीसँगै विभिन्न समयमा भिन्न-भिन्न किसिमले असाधारण रूपमा विशेष घटना घट्ने गर्दछन् । यस्ता घटनाहरू अविस्मरणीय भएर रहेका हुन्छन् । यहाँ साहित्यकार बद्रीप्रसाद दाहालको जीवनको सन्दर्भमा घटेका अनेक घटनालाई विशेष रूपमा उल्लेख गर्न सकिन्छ । शोधनायकसँगको वार्तालापमा आफूसँग त्यस्तो धेरै घटना नभएको तर आफूलाई २०६३ माघ ३ गते हृदयाघात भएर नर्भिक अस्पताल काठमाडौँमा उपचाररत रहँदाको एक महिनाको पीडादायी क्षण कहिल्यै बिर्सन नसकिने बताउँछन् ।

## २.२.११ रुचि तथा स्वभाव

रुचि भन्नु इच्छा हो भने स्वभाव भन्नाले उसको जन्मजात गुण वा आर्जित बानी-व्यवहार भन्ने बुझिन्छ । मानिसका रुचि तथा स्वभाव नितान्त वैयक्तिक हुन्छन् । भिन्न-भिन्न मानिसका भिन्न-भिन्न रुचि र स्वभाव हुन्छन् । विभिन्न अर्थगत दृष्टिको अध्ययन गर्दा व्यक्तिले देखे-भोगेका वस्तुबाट आफूलाई छान्नु नै रुचि हो भने आफ्नै निजी तथा वैयक्तिक स्वभाव जुन सधैँ आफूमा रहिरहन्छ सो नै स्वभाव हुन आउँछ । यिनै सन्दर्भलाई केलाउँदा बद्रीप्रसाद दाहालका पनि अनेक रुचि र निजी स्वभाव भएको पाइन्छ ।

यिनी नेपाली संस्कृतिको विविधतालाई औधी मन पराउँछन् । आफ्नो जन्मभूमि धादिङ नेवारपानी त्यतिकै प्यारो लाग्ने दाहाललाई हिमशृङ्खला असाध्यै राम्रो लाग्छ । शोषित पीडित जनताको दुःख देख्दा भने उनको मन खिन्न हुन्छ त्यसैले उनलाई यस्ता जनताको पक्षमा उभिन मनलाग्दो रहेछ । साहित्यकार दाहाललाई प्रकृतिमा फुल्ने फूलले

पनि मन त्यतिकै तान्दो रहेछ । उनको साधारण नेपाली खाना दाल, भात र तरकारीमा विशेष रुचि छ । सामान्य कुर्ता सुरुवाल यिनको पोसाकको रोजाइ हो भने सङ्गीत र गीत मन पराउने साहित्यकारको मनपर्ने बाजा पञ्चेबाजा रहेछ । खेलकुदतर्फ भलिबल उनका लागि निकै मनपर्ने खेल हो । सरल र उदार हृदय भएका दाहालको स्वभाव सामूहिक भावनाको छ । उनी दीन-दुःखीप्रति साहानुभूति राख्दछन् । कुटिल चाल भएकालाई घृणा गर्छन् । कर्ममा निरन्तरता हुनुपर्ने उनको ठम्याइ छ ।

यसरी उनी सानैदेखि सरल, सफा र पवित्र हृदय भएका व्यक्तिका रूपमा चिनिएका छन् । उनमा राष्ट्रप्रेमको भावना उच्च रहेको छ भने उनी सरल, भद्र, नम्र, निःस्वार्थी र सहयोगी स्वभावका देखिन्छन् ।

### २.२.१२ सङ्घ-संस्थासँगको आबद्धता

साहित्यकार दाहाल समाजसेवीसमेत भएकाले साहित्यिक सङ्घ-संस्था एवम् अन्य सामाजिक सङ्घ-संस्थासँग आबद्ध रहेको देखिन्छ । नेपाली साहित्यलाई माथि उठाउनुपर्छ भन्ने मान्यता बोकेका दाहाल धादिङ साहित्य समाजको उपाध्यक्ष, बी.पी. चिन्तन प्रतिष्ठानको केन्द्रीय सदस्यजस्ता साहित्यिक सङ्घ-संस्थामा संलग्न भएका देखिन्छन् । यस्तै मानवीय भावनाले ओतप्रोत भएका दाहाल नेपाल रेडक्रसको आजीवन सदस्य भएर पनि काम गरेको पाइन्छ ।

दाहालले आफ्नो व्यक्तित्वको परिचय विभिन्न साहित्यिक सङ्घ-संस्थामा रहेर मात्र दिएका छैनन्, साहित्येतर संस्थाहरूमा समेत काम गरेर आफ्नो सामाजिक पहिचान स्थापित गरेका छन् । उनी जनता पुस्तकालय धादिङको उपाध्यक्ष आदि सामाजिक काममा समेत अग्रसर भएको पाइन्छ ।

यसरी दाहालले आफ्नो व्यक्तित्वका विभिन्न पाटालाई विभिन्न साहित्यिक, शैक्षिक, सामाजिक, सङ्घ-संस्थामा संलग्न गराएर साहित्य र साहित्येतर दुवै क्षेत्रमा आफूलाई परिचित गराएका छन् ।

### २.२.१३ चिन्तन, दर्शन र विचार

आध्यात्मिक चिन्तन, दर्शन र विचारबाट प्रभावित बद्रीप्रसाद दाहाल स्वच्छन्दतावादी, सुधारवादी र उदारवादी धाराका सर्जक हुन् । दाहालले सामाजिक

उत्पीडनलाई अन्धकारको उपमा दिएका छन् । साहित्यलाई समाजको प्रतिबिम्ब र जीवनदर्शनको रूपमा लिने दाहाल सङ्घर्षलाई कर्मको एउटा पाटोको रूपमा हेर्दछन् । मानवताको संरक्षण, मानवीय भावनाको विकास र आध्यात्मवादी दृष्टिकोणलाई सँगसँगै लैजानुपर्ने उनको विचार छ । अनुभव र कर्मको योग नै जीवन हो भन्ने दाहाल कर्मबिनाको जीवन निष्प्राण हुन्छ भन्दछन् । स्वच्छन्दतावादी चिन्तक भएता पनि प्रकृतिप्रेम, ईश्वरीय चिन्तन र भाग्यप्रतिको विश्वास मानस-पटलमा रहेको पाइन्छ ।

### २.२.१४ आर्थिक अवस्था

बद्रीप्रसाद दाहाल मध्यम वर्गीय परिवारमा जन्मे-हुर्केका व्यक्ति हुन् । बाबुआमाका पालासम्म राम्रै जग्गा जमिन भए तापनि अंशबण्डामा ५ रोपनी पाखो जमिन र आफ्नो आयबाट सिर्जित धादिङ सदरमुकाममा एउटा पक्की घर छ । दाहालको अध्यापन कालमा आर्जित सम्पत्तिले छोराछोरीको अध्ययनलाई टेवा दिएको पाइन्छ । हाल छोराहरूको कमाइ आर्जन र आफ्नो पेन्सनले गर्दा अन्नपात, औषधोपचार तथा दैनिक जीवनयापन सजिलैसँग चलेको पाइन्छ ।

### २.२.१५ पुरस्कार, प्रशंसा र सम्मान

आफ्नो व्यक्तिगत स्वार्थ त्यागी सामाजिक काममा योगदान दिएबापत प्रशंसा स्वरूप दिइने इनामलाई पुरस्कार भनिन्छ । नेपाली साहित्यलगायत अन्य क्षेत्रमा उनले दिएको सिर्जनात्मक योगदान स्वरूप विभिन्न सङ्घ-संस्थाबाट विभिन्न समयमा पुरस्कार र सम्मान पाएका छन् ।

बद्रीप्रसाद दाहालले प्राप्त गरेका पुरस्कार र सम्मानहरूको विवरण यसप्रकार छ :

क) २०२७ सालमा ग्रा.नि.ब.म. क्लवले कविता प्रतियोगितामा द्वितीय भएवापत प्रमाणपत्रद्वारा सम्मान गरेको छ ।

ख) २०४० मा शिक्षा क्षेत्रमा प्रशंसनीय कार्य गरेवापत शिक्षा दिवसको उपलक्ष्यमा पुरस्कृत गरिएको छ ।

ग)  २०५६ मा *धादिङ आवाज* साप्ताहिक पत्रिकामा स्तम्भ लेखी योगदान दिएबापत कदर-पत्रद्वारा सम्मान गरेको छ ।

घ)  २०६० मा जि.शि.का. धादिङले शिक्षा क्षेत्रमा लामो समयदेखि सेवा गरे वापत २९औं शिक्षा दिवसको अवसरमा कदर-पत्रद्वारा सम्मान गरेको छ ।

ङ)  २०६७ मा नीलकण्ठ पूर्व विद्यार्थी समाजले शैक्षिक चेतनाको चिरागले अन्धकारको विरुद्धमा ज्ञानको आलोक छर्नु भएकोमा अभिनन्दन गरेको छ ।

च)  २०७१ भाद्र २८ गते नीलकण्ठ न.पा-३ धादिङले सम्मान-पत्रद्वारा पुस्तकालयको उपयोग गरेबापत सम्मान गरेको छ ।

छ)  २०७२ मा *विन्दुकेशरा साप्ताहिक* धादिङले उत्कृष्ट लेखक धोषणा गरी सम्मान-पत्रद्वारा सम्मान गरेको छ ।

यसरी बद्रीप्रसाद दाहाल विभिन्न क्षेत्रबाट सम्मानित, प्रशंसित र पुरस्कृत हुनुको कारण साहित्यिक र सामाजिक क्षेत्रमा दिएको योगदानलाई मान्न सकिन्छ ।

## २.३ व्यक्तित्व

यस शोधपत्रमा बद्रीप्रसाद दाहालको व्यक्तित्वका आन्तरिक र बाह्य विविध पक्षको अध्ययन गरिएको छ । रचनामा व्यक्तिको प्रभाव पर्दछ । साहित्य र समाजप्रति समर्पित व्यक्तिका गुणले निकै प्रभाव पार्ने भएकाले यहाँ उनका जीवनका विविध परिस्थितिजन्य अनुभवहरूलाई केलाएर अध्ययन गरिएको छ ।

### २.३.१ बाह्य व्यक्तित्व र स्वभाव

बाह्य शारीरिक बनोटको संरचनाले बाह्य व्यक्तित्वलाई झल्काउँछ । शारीरिक अवस्थासँग आन्तरिक व्यक्तित्व जोडिँदा उसको वास्तविक पहिचान छर्लङ्ग हुन्छ । बद्रीप्रसाद दाहालको बाह्य व्यक्तित्व निकै आकर्षक छ । ५ फिट ५ इन्च उचाई, ७० के.जी. तौल, मध्यमस्तरको शरीर, आकर्षक जिउडाल, ठूलो निधार, सुन्दर मोहडा आदिले बाह्य व्यक्तित्वमा थप टेवा दिएको छ (शोधनायकबाट प्राप्त जानकारीअनुसार) । मिलनसार,

मृदुभाषी, धैर्यवान् व्यक्तित्वका धनी दाहाल गम्भीर, सरल र सादा जीवन उच्च विचार भएका व्यक्ति हुन् । चिन्तनशील स्वभाव भएका दाहाल सधैँ प्रसन्न, हँसिला र उज्याला देखिन्छन् ।

करुणा, दया, माया, ज्ञान, विवेक, भएका दाहालमा मानवतावादी विचार सलबलाएको देखिन्छ । जो कोहीसँग पनि नम्र भई बोल्ने दाहाल रोगी, दुःखी, गरिबप्रति सहानुभूति राख्दछन् । कर्मप्रति विश्वास गर्ने दाहाल सम्मानका भोका देखिँदैनन् । सामाजिक चेत भएका दाहालको सङ्घ-संस्थासँग पनि त्यतिकै निकटकता छ । बेइमान तथा दोहोरो चरित्र भएका व्यक्तिलाई घृणा गर्ने, अन्धविश्वास र अन्धपरम्परको विरोध गर्ने उनको प्रवृत्ति देखिन्छ । उनी सामाजिक असमानताबाट उब्जिएको यो वर्गीय अवस्था देख्दा निकै भावुक बनेको देखिन्छन् । आजका युवा-युवतीमा देखिएको विकृति र विसङ्गतिले पनि उनी ज्यादै संवेदनशील छन् ।

यसरी मझौला स्तरको शरीर भएका दाहालको बाह्य व्यक्तित्वले उनको सामाजिक व्यक्तित्वलाई छर्लङ्ग पारेको छ । मिलनसार, सहयोगी, दीन-दुःखी र असहायप्रति बढी नै संवेदनशील हुने दाहालमा रहेको अन्तर्मुखी, गम्भीर, चिन्तनशील, अध्ययनशील र भावुक देखिने बाह्य व्यक्तित्व साँच्चिकै अनुकरणीय छ ।

### २.३.२ आन्तरिक व्यक्तित्व

मानिस सामाजिक प्राणी हो तापनि समाजमा सबै मानिस समाजप्रति उत्तरदायी हुन्छन् भन्न सकिन्न । आफ्नो घरपरिवारभन्दा माथि उठेर समाजका लागि थप योगदान दिन सक्ने व्यक्तिलाई सार्वजनिक व्यक्तित्वका आधारमा मूल्याङ्कन गर्नुपर्छ । हिजोको ढुङ्गेयुगलाई परिवर्तन गराएर आजको यस आधुनिक युगसम्म ल्याइपुऱ्याउन यस्तै सामाजिक व्यक्तित्वबाट थुप्रै योगदान भएको पाइन्छ । जीवनयापनका क्रममा व्यक्तिले समाजप्रति गर्न सकेका कामका आधारमा उसको सामाजिक अस्तित्व के कति हुन्छ भन्ने कुरालाई सङ्केत गर्दछ ।

दाहालले आफ्नो जीवनयात्राको वर्तमान अवस्थासम्म आइपुग्दा विभिन्न सङ्घ-संस्थासँग आबद्ध भई आफ्नो व्यक्तित्व स्थापित गरेका छन् । यिनको सार्वजनिक व्यक्तित्वलाई भिन्नभिन्न कोणबाट चर्चा गर्नुपर्ने देखिएकाले विभिन्न शीर्षकमा उनको सार्वजनिक व्यक्तित्वलाई चर्चा गर्न सकिन्छ ।

## २.३.३ साहित्यिक व्यक्तित्व

साहित्य भनेको लोकको भलाइको लागि गरिने कार्य हो । यसै साहित्यिक पक्षसँग सम्बन्धित व्यक्तित्वलाई साहित्यिक व्यक्तित्व भनिन्छ । विद्यालयीय जीवनबाट नै साहित्ययात्रामा कविता लेखेर अगाडि बढेका दाहाल प्रभावशाली व्यक्तित्व भएका साहित्यिक व्यक्तित्व हुन् । सुमधुर पद्य कविताका शिल्पी, व्यङ्ग्यचेतनाका उर्वर प्रतिभा तथा सामाजिक, राजनैतिक, विकृति र बिसङ्गतिलाई विषयवस्तु बनाउने दाहालको सबैभन्दा बढी कलम चलेको विधा कविता हो । दाहालमा कवि, निबन्धकार, गीतकार र व्यङ्ग्य प्रतिभाहरू अन्तर्निहित छन् । उनी लालित्यले भरिपूर्ण श्रुतिमधुर गीत लेख्छन् । बाल्यकालदेखि नै साहित्य सिर्जनामा अभिप्रेरित साहित्यकार दाहालको पहिलो कविता *हिमाल* २०२४ हो ।

२०४० सालमा *गङ्गा* (शोककाव्य) छपाएर उनी साहित्ययात्रामा अघि बढेको पाइन्छ । उनले खास गरी काव्यगत मर्यादा र लालित्यलाई यथावत कायम राखी सामाजिक बिकार र विसङ्गति बिरुद्ध कलम चलाएका छन् ।

उनी विशेष गरी शास्त्रीय छन्द र मुक्तछन्दमा कविता लेखेर सन्देशमूलक र सकारात्मक विचार दिन सचेत छन् । यसरी दाहालको लेखनीले वस्तुगत सामाजिक यथार्थलाई चित्रण गर्दै अगाडि बढेको पाइन्छ । उनको साहित्यिक व्यक्तित्वलाई निम्नानुसार विभिन्न भागमा वर्णन गरिएको छ ।

### २.३.३.१ कवि व्यक्तित्व

दाहालको विशेष व्यक्तित्व नै कवि व्यक्तित्व हो । विद्यालय अवस्थादेखि नै साहित्यतर्फ उन्मुख भएका दाहालले मनमा उठेका छालहरूलाई आफ्ना सिर्जनामार्फत पस्केका छन् । गरिबीको अभाव, अन्याय, शोषण र पीडाबाट संवेदनशील भएर तिनलाई मुक्त र उत्थान गर्न कलम चलाउने दाहाल स्वतन्त्रताप्रेमी स्वच्छन्दतावादी स्रष्टा हुन् । कक्षा ८ मा पढ्दादेखि नै साहित्यमा कलम चलाएका दाहालले *'हिमाल'* कविता छपाएका थिए । समाजिक वितण्डा र उपद्रोले सीमा नाघेको अवस्थामा त्यसको प्रायश्चित्तको लागि कवि भन्छन् :

छुट्टै हाम्रो परिचय दिने योजना लक्ष्य राखौं
ताँती उठ्छन् अजय जनता उच्च आर्दश राखौं
हाम्रा गल्ती विगत दिनका जे भए राष्ट्र माझ
वाचा बाँधी उठ बस गरौं माफ दिन्छन् समाझ

(२०६० असार (१३-१९), साप्ताहिक विमर्श)

दाहालका हालसम्म ४ वटा कवितासङ्ग्रह र १ वटा निबन्ध तथा कवितासङ्ग्रह प्रकाशित भइसकेका छन् । विभिन्न समयमा विभिन्न पत्रिका, स्मारिका, गोष्ठी आदिमा प्रकाशित कवितालाई कविले कवितासङ्ग्रहमा सङ्कलित गरेका छन् । उनले २०६२ सालमा *गोरखापत्र*मा बैंसकी मोती आऊ शीर्षकको कविता प्रकाशित भएको पाइन्छ । यस कवितामा कविले बिम्बको प्रचुर प्रयोग गरी शृङ्गारिकताको प्रष्फुटन यसरी गरिएका छन् :

लाली चम्के, अधर भर नै, लालुपाते कपोल
चन्द्रा डुल्ने गगन सरहै, स्पर्श पाऊँ अमोल
तिम्रा गोरा, कमल करमा बज्छ संगित मिठो
आँखा भाखा, रसमय छरी गीत बोल्दै छ मिठो

(२०६२ साउन ८ गते शनिबार गो.प.मा प्रकाशित)

यसरी जीवनको जटिलता, बाँच्नुको व्यर्थता, भष्ट्राचार, कालोबजार, सामाजिक, धार्मिक बेथिति तथा प्रकृति प्रेम, सौन्दर्य, राष्ट्रप्रेम आदि विषयमा देखेभोगेका अनुभव, करुणा र दयाका अनुभूतिलाई भाषानुकूल शब्द टिपेर बिम्ब र प्रतीकका मध्यमबाट अभिब्यञ्जनात्मक ढङ्गले प्रस्तुत गर्ने कवि दाहालको शैली सरस तथा प्रभावकारी देखिन्छ । अतः उनको कवित्व साहित्यिक व्यक्तित्वको श्रेणीमा रहने प्रमुख व्यक्तित्व हो ।

### २.३.३.२ सम्पादक व्यक्तित्व

बद्रीप्रसाद दाहालले पत्रपत्रिकाको सम्पादक र प्रमुख सम्पादक भएर पनि काम गरेको पाइन्छ । भैरवी मा.वि., धादिङको मुखपत्र *भैरवी* (२०४०/२०४१) को सम्पादक र २०७५ मा नीलकण्ठ न.पा. को मुखपत्र *नीलकण्ठ दर्पण*को प्रधान सम्पादक भएर स्मारिका प्रकाशन गरेको पाइन्छ । अतः सम्पादक र प्रमुख सम्पादकको रूपमा सफल कार्य सम्पादन गरेर भूमिका निर्वाह गरेकाले उनी सम्पादक व्यक्तित्व हुन् भन्ने प्रष्ट हुन्छ ।

#### २.३.३.३ गीतकार व्यक्तित्व

बद्रीप्रसाद दाहाल सफल गीतकार पनि हुन् । उनले लोकजीवनमा प्रभाव पार्ने सुललित एउटा मात्र गीत लेखेका छन् । उनको 'स्याउ फुल्यो गालामा....' भन्ने गीतलाई लालकाजी श्रेष्ठले गाएका छन् र जुन रेडियो धादिङबाट बजेको देखिन्छ ।

### २.३.४ साहित्येतर व्यक्तित्व

एउटै साहित्यकारभित्र अनेक व्यक्तित्व हुन सक्छन् । त्यस्तै बद्रीप्रसाद दाहालमा पनि साहित्येतर व्यक्तित्व समान रूपमा देखापर्दछ । यस शीर्षक अन्तर्गत विविधपक्षहरूमा केन्द्रित रही उनको साहित्येतर व्यक्तित्वलाई केलाउन सकिन्छ ।

#### २.३.४.१ शिक्षक व्यक्तित्व

बद्रीप्रसाद दाहालको प्रमुख व्यक्तित्वमध्ये शिक्षक व्यक्तित्वले महत्त्वपूर्ण स्थान राख्दछ । उनी . २०३४ सालदेखि नै शिक्षण पेसामा संलग्न रहेको देखिन्छ । उनले २०३४ देखि २०५१ सालसम्म भैरवी मा.वि. नीलकण्ठ-६, धादिङमा प्र.अ. पदमा रहेर काम गरेको पाइन्छ । (२०५१-२०६३) सालदेखि नीलकण्ठ मा.वि. नीलकण्ठ न.पा.-३, मा मा.वि. दरवन्दीमा रही नेपाली विषय शिक्षकको रूपमा रही ३२ वर्षसम्म शिक्षण गरेको देखिन्छ । यो पेसामा उनी गर्व गर्दछन् । यो पेसामा रहेकै कारण उनलाई साहित्य-सिर्जनामा समेत टेवा मिलेको बताउँछन् ।

#### २.३.४.२ सामाजिक एवं साङ्गठनिक व्यक्तित्व

बद्रीप्रसाद दाहाल विभिन्न साहित्यिक सङ्घ-संस्थाहरूसँग संलग्न हुँदै आएका छन् । धादिङ साहित्य समाज संस्थाको संस्थापक उपाध्यक्ष, धादिङ सिर्जना प्रतिष्ठानको अध्यक्षको रूपमा तथा वी.पी. चिन्तन प्रतिष्ठानको केन्द्रीय सदस्य रहेर काम गरेको पाइन्छ । यी तथ्यहरूले विभिन्न साहित्यिक सङ्घ-संस्थासँग उनको आवद्धता रहेको पुष्टि गर्दछ ।

दाहालको संलग्नता सामाजिक सङ्घ-संस्थाहरूसँग पनि रहेको देखिन्छ । उनी सामाजिक सङ्घ-संस्थामा काम गर्ने व्यक्तित्वका रूपमा समेत चिनिन्छन् । नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य पदमा रहेर उनले मानवीय कार्यमा सहयोग पुऱ्याएको पाइन्छ । नीलकण्ठ मा.वि.को वि.व्य.स.को अध्यक्ष भएर शैक्षिक उन्नयनमा समेत काम गरेको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) । आफ्नो टोल छिमेकमा यस्ता थुप्रै अन्य

सामाजिक सङ्घ-संस्थामा रही विकास निमार्ण सम्बन्धी कार्यमा प्रत्यक्ष संलग्न भई काममा सहयोग पुऱ्याएका छन् । यसप्रकार दाहालले विभिन्न सङ्घ-संस्थाहरूसँग आबद्ध भई समाजसेवा गरेकाले उनको सामाजिक व्यक्तित्वको परिचय दिएको छ ।

### २.३.४.३ राजनीतिक व्यक्तित्व

बद्रीप्रसाद दाहाल राजनीतिक व्यक्तित्व पनि हुन् । राजनीतिक पारिवारिक पृष्ठभूमि नभए पनि विद्यार्थी जीवनदेखि नै राजनैतिक क्रियाकलापमा संलग्न रहँदै आएका दाहालको राजनीति प्रजातान्त्रिक विचारधारा हो । वी.पी.को समाजवादी चिन्तन-दर्शनबाट प्रेरित दाहाल भ्रष्टाचार, शोषण आदिको विरोध गर्दै ने.वि. संघ भन्ने तिर लागेको पनि पाइन्छ । शैक्षिक संस्थामा आवद्ध भएर लामो समय नेपाली भाषा, साहित्य र शैक्षिक उत्थानका लागि योगदान दिएका दाहालले राजनैतिक पृष्ठभूमिमा रहेर समाजवादी दर्शन व्यवहारमा उतार्न लागिपरेको देखिन्छ । उनी देशको राजनैतिक विकृति र विसङ्गतिप्रति चिन्ता व्यक्त गर्दछन् । दाहालको राजनैतिक मान्यता आफ्ना लेख र रचनाको माध्यमबाट पनि प्रकट भएको पाइन्छ ।

### २.३.४.४ प्रेरक व्यक्तित्व

बद्रीप्रसाद दाहाल प्रेरक व्यक्तित्वमा गनिने नाम हो । उनी आफू साहित्यानुरागी भएका नाताले अरु व्यक्तिहरूका लागि पनि साहित्यमा लाग्न प्रेरक बनेको देखिन्छन् । उनको व्यक्तिगत व्यक्तित्व र समाजिक व्यक्तित्वले टोलछिमेकी सबै प्रेरित भएको पाइन्छ । उनले सामाजिक क्षेत्रमा गरेको कार्यबाट पनि धेरै मानिस सामाजिक कार्यमा जुटेको देखिन्छ । यसरी साहित्य लेखनतर्फ तथा सामाजिक काममा उनीबाट धेरैले प्रेरणा प्राप्त गरेको जानकारी मिल्दछ ।

## २.४ जीवनी, व्यक्तित्व र साहित्य लेखनबीच अन्तःसम्बन्ध

बद्रीप्रसाद दाहाल ज्यादै कोमल हृदय भएका कसैलाई बिगार्न नचाहने प्रवृत्ति भएका व्यक्ति हुन् । उनले आफ्नो जीवनका उतार-चढाव, चिन्ता, समस्या तथा समाजमा विद्यमान अन्याय, अत्याचार र शोषणको प्रतिकार आफ्ना कलमको माध्यमबाट व्यक्त गरेका छन् । त्यस्तै देशका नेताबाट देश र जनताप्रति भएका घात-प्रतिघातहरूलाई आफ्ना कृतिहरू

मार्फत पोख्दछन् । नेपाली साहित्य सिर्जनालाई जीवनका भोगाईसँग साटासाट गर्ने दाहाल आफ्ना अनुभव र अनुभूतिका साथै समाजको वस्तुगत स्थितिको यथार्थ चित्रण गर्दछन् ।

दाहालको व्यक्तिगत जीवन र उनका सिर्जनाबीच अन्योन्याश्रित सम्बन्ध रहेको पाइन्छ । उनले नेपाली जनजिब्रोका बोलीहरू टपक्क टिपेर निकै सरल र सहज भाषाशैलीमा उतारी कृतिको स्वरूप दिएका छन् । उनका सिर्जनामा सर्जक स्वयम्‌को जीवन्त र कलामय प्रतिबिम्ब अन्तव्याप्त भएको छ । अशान्तिले आक्रान्त हाम्रो संस्कृति, समाज, व्यक्ति र परिवारभित्र जुन अभिशप्त चित्कार छ, त्यसलाई कविताले रचनाका माध्यमबाट अभिव्यञ्जन गर्ने प्रयास भएको छ । यसरी दाहालले आफूभित्र रहेको छटपटी, द्वन्द्व अनि सामाजिक विकृति, अन्याय र अत्याचारप्रति तिखो व्यङ्ग्यवाण तेर्स्याउँदै आफ्ना सिर्जनामा समेटेको पाइन्छ । उनको साहित्यिकयात्रा र जीवनबीच घटनाक्रमले निकटतम सम्बन्ध राखेको पाइन्छ । निष्कर्षमा भन्नुपर्दा उनको जीवनी, व्यक्तित्व र साहित्य लेखनबीच निकै अन्तःसम्बन्ध भएको देखिन्छ ।

## २.५ साहित्यसम्बन्धी बद्रीप्रसाद दाहालको धारणा

साहित्य नै जीवन हो भन्ने बद्रीप्रसाद दाहाल साहित्यलाई जीवन-जगत्‌को अनुभवको अभिव्यक्ति मान्दछन् । कुनै पनि सिद्धान्त र वादमा आधारित भएर साहित्य सिर्जना गर्नुहुँदैन भन्ने मान्यता राख्ने दाहाल साहित्य समाजको दर्पण हुनुपर्छ भन्दछन् । साहित्यले मानिसको हाँसो, रोदन, सुख-दुःख समेटिएको यथार्थ चित्रण गर्नुपर्ने दाहालको धारणा छ ।

यसरी दाहालको विचारमा यथार्थलाई साहित्यमा उतार्नुपर्ने धारणा पाइन्छ । विशेष गरी दीन-दुःखीप्रति साहानुभूति हुनुपर्ने भएकाले सामाजिक धरातलमा उभिएर साहित्य सिर्जना गर्नुपर्ने उनको धारणा रहेको छ ।

## २.६ निष्कर्ष

बद्रीप्रसाद दाहाल पिता गङ्गादत्त दाहाल र माता देवमाया दाहालका कान्छो छोरोको रूपमा २०११ पौष २७ गते धादिङ नेवारपानीमा जन्मिएका हुन् । एम.ए सम्मको अध्ययन गरेका दाहाल विद्यालयीय जीवनदेखि नै साहित्यतर्फ आकृष्ट भएको देखिन्छ । उनले आफ्नै

माइला दाजु चूडामणिको प्रेरणा र प्रोत्साहन पाएर प्रतिभालाई सिर्जना मार्फत प्रस्तुत गरेका छन् । १३ वर्षको उमेरमा दाम्पत्य जीवनमा बाँधिएका दाहालको वैवाहिक जीवन सफल देखिन्छ । दुई छोरा र एक छोरीका बाबु दाहाल आफ्नो पारिवारिक अवस्थासँग सन्तुष्ट छन् । २०३४ सालदेखि अध्यापन कार्यमा संलग्न दाहाल विभिन्न सङ्घ-संस्थामा पनि आवद्ध रहेर सामाजिक सेवामा लागेका देखिन्छ ।

सहयोगी, उदार र कोमल हृदय भएका दाहाल समाजको बेथिति, अन्धविश्वासले आक्रान्त पारेका निम्नवर्गका मानिसप्रति सहानुभूति राख्दछन् । सत्कर्मप्रति विश्वास राख्ने दाहाललाई साम्प्रदायिकता मन पर्दैन । उनी नेपाली साहित्यका कवि दिनेश अधिकारीको *अतिरिक्त अभिलेख*बाट प्रभावित देखिन्छन् । साहित्य सिर्जनामा लागेर पनि आफ्नो उचित मूल्याङ्कन नभएको गुनासो भए तापनि उनी बेखुसीचाहिँ छैनन् । कविता कृतिहरूको जन्म गराउन सक्नु नै आफ्नो सन्तुष्टि भएको ठान्दछन् । राष्ट्रिय स्तरका पुरस्कार नपाए पनि उनले स्थानीय मान-सम्मान प्रशस्त प्राप्त गरेका छन् ।

व्यक्तिको निजी र सार्वजनिक जीवनका विविधपक्षले उसको व्यक्तित्व निर्धारण गर्दछ । जीवन-भोगाईका क्रममा देखापरेका दुःख, सुख, समाज, परिवार, शिक्षादीक्षा, वातावरण आदिले उनको जीवनमा पारेको प्रभावस्वरूप विविध आरोह-अवरोहलाई देखाउँछ । यसैक्रममा दाहालको व्यक्तित्व पाटोलाई केलाउँदा उनी चिन्तनशील स्वाभावका देखिन्छन् । कर्मप्रति विश्वास राख्ने दाहालमा ईर्ष्या छैन । करुणा, दया, माया र विवेक भएका दाहालमा राष्ट्रवादी विचार छ । उनी स्वाभिमानी, निर्भीक र नम्र पनि छन् । सामाजिक असमानता, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा देखापरेका विकृति, विसङ्गति र वर्गीय पक्षपातजस्ता वर्तमान अवस्थामा देखापरेका संवेदनशीलतालाई गम्भीर रूपमा उठाउँछन् र व्यङ्ग्य मिश्रित शैलीमा आफ्ना सिर्जना व्यक्त गर्दछन् ।

दाहालको सार्वजनिक व्यक्तित्वअन्तर्गत समाजसेवी व्यक्तित्व, शिक्षक व्यक्तित्व, राजनीतिक व्यक्तित्व, सम्पादक व्यक्तित्व आदि प्रखर रूपमा देखापरे तापनि खास साहित्यिक व्यक्तित्वमा कवि व्यक्तित्व नै प्रमुख रहेको पाइन्छ । आफूले देखे-भोगेका, जाने-बुझेका र अनुभव गरेका भावना र विचारहरूलाई साहित्यिक र साहित्येतर दुवै क्षेत्रबाट महत्त्वपूर्ण योगदान दिएका दाहालको निजी र सार्वजनिक दुवै व्यक्तित्व सफल रहको पाइन्छ ।

# परिच्छेद : तीन

# बद्रीप्रसाद दाहालको साहित्यिकयात्रा
# र चरण विभाजन

## परिच्छेद : तीन

# साहित्यिकयात्रा र चरण विभाजन

### ३.१ विषयप्रवेश

लामो जीवनयात्राका क्रममा आएका अनेकौँ सामाजिक, राजनैतिक परिवर्तनहरूसँगै बद्रीप्रसाद दाहालको साहित्ययात्रा प्रभावित भएको देखिन्छ । आफ्नो जीवनकालमा देखिएका अनेक राजनैतिक, प्रशासनिक, सामाजिक समस्या र यसबाट सिर्जित वातावरण नै उनका काव्य कृतिका विषयगत शीर्षक हुन् । आफ्नो पालामा अनेक राजा-महाराजाहरूको स्थिति, अनेक आन्दोलन, आन्दोलको अधुरो रूप, राजनैतिक विचलन आदिसँग दाहाल परिचित हुने मौका पाए । राणाशासनको पतनपछि नेपालमा राजनैतिक, सामाजिक, प्रशासनिक सबै क्षेत्रमा विकृति-विसङ्गति हावी भएको अवस्थालाई पनि यिनले नजिकैबाट नियालेका थिए । देशमा व्याप्त आर्थिक अभावले गरीब जनताको जीवनमा देखापरेको निराशा र निरङ्कुशतन्त्रले बढाउँदै लगेको स्वेच्छाचारी शासन-पद्धतिका विरुद्धमा जनमानसमा उर्लिएको बिरोधी, भावना र करुणता उनका कवितामा अभिव्यक्त भएको पाइन्छ । उनको कविता-यात्राको विकासक्रम एकैनाशले अगाडि बढेको छैन । त्यसैले दाहालका कविताहरूको विश्लेषण गर्नुपूर्व उनको कविता-यात्राको चरणहरूको पहिचान गर्नु आवश्यक हुन्छ ।

### ३.२ चरण निर्धारणका प्रमुख आधारहरू

बद्रीप्रसाद दाहालका कविताहरूमा भावका दृष्टिले स्वच्छन्दतावाद पाइन्छ । कतैकतै आध्यात्मवादलाई समेत लिएर लेख-रचना गर्ने दाहालले आफ्नो कविता-यात्रा विद्यालयीय जीवनकालबाट अगाडि बढाएको पाइन्छ । यिनको कृतिको विकासक्रमको यात्रामा खास यो नै समयावधि स्वच्छन्दतावाद तथा अन्यवादका रूपमा किटान गर्न नसकिए तापनि काव्यचेतनाका दृष्टिले उनका कृतिहरू अध्यात्मवाद र स्वच्छन्दतावादबाट नै अगाडि बढेका छन् । सामन्ती राज्यसत्ता र यसको निर्माण गरेको सांस्कृतिक मूल्यलाई आदर्श मानी त्यसैलाई पक्षपोषण गर्ने आदर्शवादी-आध्यात्मवादी मूल्यलाई नै शास्त्रीयतावादी काव्यले आफ्नो मान्यता बनाउँछ । स्वतन्त्रता, प्रगति र यर्थाथभन्दा पनि प्राचीन आदर्श र यथास्थिति

मै रमाउनु यस काव्यधाराको मूल विशेषता हो । परम्परागत मूल्य र अति नियमवद्धताको विरोधका साथै वैयक्तिक स्वतन्त्रता र काल्पनिक उडानमा जोड दिएर पुँजीवादी मूल्यको वकालत गर्ने स्वच्छन्दतावादी धाराले पनि मूलतः वास्तविकभन्दा परको कल्पनाजगत्लाई नै सत्य ठान्दछ । दाहालका काव्यकृति यिनै मान्यतामा उभिएर लेखिएका छन् । उनका काव्यकृतिका चरणको विश्लेषण गर्नुभन्दा पहिला उनको जीवनयात्रामा देखिएका खास-खास मोड, तत्कालीन नेपालको राजनैतिक, सामाजिक परिवेश नेपाली साहित्यमा देखापरेको परिस्थिति, उनका कवितामा देखिएका प्रवृतिगत विशेषताले नै उनको कविता-यात्राको चरण विभाजन भएको देखिन्छ ।

उनी स्वच्छन्दतावादी, यर्थाथवादी र अध्यात्मवादी कविताका वाह्य दृश्यलाई विशेष महत्त्व दिन्छन् । उनी आफ्ना कवितामा स्वच्छन्द दर्शनले माग गरेअनुरूप कविताको विषयवस्तु ग्रहण गर्दछन् । अनि तदनुरूप नै भाव वा सन्देश प्रस्तुत गर्दछन् (तिमल्सेना र मिश्र, २०५६ : २७३) । कवि दाहालले पनि यिनै आधारमा आफ्ना कविता रचना गरेका छन् ।

### ३.२.१ सामाजिक-राजनैतिक परिवेश

मानिसलाई हरेक पक्षमा पार्ने तत्त्व नै सामाजिक-राजनैतिक परिवेश हो । समाजको वातावरण तथा राजनैतिक परिवेशले लेखक कलाकारलाई पनि प्रभावित पार्दछ । राणा शासनको पतनपछि २०१५ सालमा भएको आमनिर्वाचन र २०१७ सालमा राजा महेन्द्रले शिशु प्रजातान्त्रमाथि गरेको बलात्कारले सामाजिक परिवेशमा छुट्टै स्थिति सिर्जना भयो । बद्रीप्रसाद दाहालको युवाकालीन जीवन यही निरङ्कुश पञ्चायती शासनकालमा हुर्कियो । यति बेलाका राजनैतिक परिवेशले उनका कृतिमा पनि प्रभाव पारेको देखिन्छ । २०३६ साल, २०४६ सालका जनआन्दोलनका कारण उनको मनमा पनि क्रान्तिबिना सामाजिक सुधार र परिवर्तन गर्न सकिँदैन भन्ने भावना विकसित हुन पुग्छ । यी कालखण्डमा भएका आन्दोलनमा उनी प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सामेल भई शासन विरुद्ध आन्दोलित भए । आफ्नो कलमको माध्यमद्वारा उनले नेपाली समाजको कुण्ठा, पीडा, वेदना, राजनैतिक कुसंस्कार र यसबाट सिर्जित विकृतिको भण्डाफोर गर्दै अगाडि बढे । यसरी उनका कृतिमा सामाजिक-राजनैतिक परिवेशले प्रत्यक्ष असर पारेको पाइन्छ । कविले यथार्थमा अतीत,

वर्तमान र भविष्यका आधारभूत गुणहरूलाई समायोजन गरी भविष्यको दृष्टिबिन्दुबाट वर्तमानलाई निर्देशन गर्नुपर्ने हुन्छ (चापागाई, २०५१ : ८१) । यही यथार्थमा अतीत, वर्तमान र भविष्यका आधारभूत गुणहरूलाई समायोजन गरी कवि दाहालले यहाँ सामाजिक-राजनैतिक परिवेशलाई आत्मसात गर्दै आफ्ना कृति रचना गरेका छन् ।

### ३.२.२ बौद्धिक-साहित्यिक परिवेश

बद्रीप्रसाद दाहालको साहित्यिकयात्राको विकासक्रमको प्रमुख मोड निर्धारण आधारभूत तत्त्वको रूपमा आफ्नै घरायसी वातावरणमा र माइलादाजुको प्रेरणा तथा साहित्य अनुरागीको संसर्गले तयार पारेको वातावरणले महत्त्वपूर्ण भूमिका खेलेको छ (शोधनायकबाट प्राप्त जानकारी) । राष्ट्रिय, अन्तर्राष्ट्रिय परिवेश र सन्दर्भहरूले नेपाली समाजमा पारेको प्रभावबाट नेपाली साहित्य पनि मुक्त हुन सकेको छैन । युरोपेली मुलुकमा भएको आधुनिक विकास र क्रान्तिकारी आन्दोलन, रुसी क्रान्ति तथा यसको विघटन, भारत र चीनको तीव्रतर आर्थिक विकासको प्रभाव व्यापक रूपमा चर्चा परिचर्चा हुन थाल्यो । यिनै कारणले नेपाली सामाजमा पनि विभिन्न बौद्धिक-साहित्यिकजगत्ले आफूलाई नयाँ परिवेशमा उभ्याएका थिए । नेपालको राजनैतिक वातावरणमा शासकवर्गका क्रूरतालाई प्रत्यक्ष रूपमा अभिव्यक्त गर्न नसक्ने अवस्था भएकाले कविहरूले आफूभित्रको भावनालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्दथे ।

दाहालले यिनै सामाजिक-राजनैतिक घटनामा विकसित भएका बौद्धिक तथा साहित्यिक क्रियाकलापहरूबाट प्रभावित भई आफूलाई सोहीअनुसार अगाडि बढाएको पाइन्छ । माथि उल्लेखित घटनाक्रम जगत्मा टेकेर दाहालको कविता-यात्राको विकासक्रमको प्रमुख कालखण्ड निर्धारण गर्नुपर्ने हुन्छ ।

## ३.३ साहित्ययात्रा र चरण विभाजन

विद्यालय जीवनदेखि नै साहित्यमा कलम चलाएका बद्रीप्रसाद दाहालले नेपाली साहित्यमा २०२४ सालदेखि २०६३ सालसम्म जम्माजम्मी ३९ वर्षसम्मको साहित्ययात्रा पूरा गरिसकेका छन् । २०२४ सालमा *'हिमाल'* कविता लेखी प्रारम्भ भएको दाहालको साहित्यिकयात्रामा आजसम्म निम्नानुसारका कविता कृतिहरू प्रकाशित भएका छन् ।

क) *गङ्गा* (कवितासङ्ग्रह, २०४०)

ख) *हेनरी ड्युना* (कवितासङ्ग्रह, २०४६)

ग) *भस्मासुरका खित्का* (निबन्ध तथा कवितासङ्ग्रह, २०५७)

घ) *डिबडिबे* (कवितासङ्ग्रह, २०६०)

ङ) *बाँसुरी* (कवितासङ्ग्रह, २०६३)

यही क्रममा वी.पी. कोइराला र उनले परिकल्पना नेपाल, *देवमाया* (शोककाव्य) र *भस्मासुरको बज्र* (व्यङ्ग्यनिबन्ध) प्रकाशोन्मुख छन् । दाहालको पाँच दशक लामो साहित्यिकयात्राको अवलोकन गर्दा यिनका काव्यकृति प्रारम्भदेखि क्रमशः विकसित हुँदै पछिल्ला चरणमा अझ परिष्कृत बनेका छन् । प्रारम्भमा फाटफुट कविता लेख्ने दाहालले २०४० मा *गङ्गा* (शोककाव्य) कवितासङ्ग्रह मार्फत नेपाली साहित्यको क्षेत्रमा सक्रिय योगदान दिएको पाइन्छ । यहाँ यिनका साहित्यिकयात्रालाई पूर्वाध र उत्तरार्ध गरी दुई भागमा विभाजन गरेर अध्ययन गरिएको छ ।

### ३.३.१ पूर्वार्ध चरण (प्रारम्भदेखि २०४० सम्म)

विद्यालयमा पढ्दै गर्दा ८ वर्षको उमेरदेखि नै कविता लेख्ने र वाचन गर्ने दाहालले औपचारिक रूपमा नैं २०२४ सालमा *'हिमाल'* कविता लेखेर नेपाली साहित्यमा प्रवेश गरेका हुन् । कवितायात्राको प्रारम्भमा नै सफल बन्न सफल भए तापनि संरचना, लय र भावका दृष्टिले यस चरणका रचना सशक्त बन्न सकेका छैनन् । २०४० सालमा *गङ्गा* कवितासङ्ग्रह प्रकाशित गरेर उनले औपचारिक रूपमा साहित्ययात्रा सुरुवात गरेको देखिन्छ ।

यस चरणको सुरुमा देखापरेको *गङ्गा* कवितासङ्ग्रह शार्दूलविक्रीडित, वंशस्थ र उपजाति छन्दमा रचना गरिएको छ । यो उनको यस चरणमा रचना गरिएको एकमात्र कविता सङ्ग्रह हो । *गङ्गा* (शोककाव्य) कवितासङ्ग्रह हो । उनले यसमा आफ्ना पिता पं. गङ्गादत्त दाहालको देहावसानपछि पिताको विछोडको शोकमा उनलाई सम्झदैं भावविह्वल बनेर शब्दगुच्छा अर्पण गरेका छन् ।

यस समयावधिमा दाहालले कवितासिर्जनाको समयमा लेखिएका कवितामा भन्दा सुधारवादको प्रभाव परेको छ । यो समय उनको अभ्यासकालीन समय हो । पश्चिमी मुलुकमा भएको आर्थिक विकास, नेपालको राजनैतिक परिवर्तनजस्ता विषयले लेखकहरूमा आएको नवीन चेतनाबाट दाहालमा समेत प्रभाव परेको पाइन्छ । लेखनाथ पौडेल, चक्रपाणि चालिसे, धरणीधर कोइराला, लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण समजस्ता व्यक्तित्वको प्रभावबाट यिनमा पनि सामाजिक जगत्लाई उद्वोधन गर्ने भावना जागृत भएको पाइन्छ । २०४० भन्दा पूर्वका कविताहरू अप्राप्य भएकाले २०४० मा दाहालका पिताज्यू प्राच्यविद्याका निष्णात पण्डित गङ्गादत्त दाहालको स्वर्गवास भएपछि रचना गरिएको *गङ्गा* कवितासङ्ग्रहमा आफ्नो कविताको विकासोन्मुख बगैंचामा उनले आफ्नो रोदनलाई यसरी पोखेका छन् :

छैनन् आज हेर ! ती 'पूज्यजनको' मीठा मसीना कुरा ।
आमाको सिउँधो र नाडीहरूमा लागेछ ढुङ्गा छुरा ॥
यो ठुलो परिवार आज यसरी एक्कासी नै भत्कियो ।
आएका जति बन्धुवान्धवहरूलाई रुवाई दियो ॥

(गङ्गा, २०४०)

यसरी उनले २०४० पूर्वका उनका फुटकर कविताहरू सङ्ग्रह नगरिएकाले नभेटिएको बताएका छन् । यस चरणका कविताहरू विशेष गरी शास्त्रीय छन्दमा आधारित भएर लेखिएका छन् । २०४० को *गङ्गा* कवितासङ्ग्रहसम्म आइपुग्दा उनी स्वच्छन्दवादी र यथार्थवादी भावनाबाट प्रेरित देखिन्छन् । उनमा पिङ्गल प्रवृत्ति प्रखर रूपमा जागृत भएको छ ।

यस चरणका कवितामा प्रकृतिप्रेम, आशावादी प्रवृति, यथार्थपरक आर्दशको चेतना तथा सूक्ष्म घटनालाई टपक्क टिपेर कवितामा शिल्पसाथ पस्कन सक्ने प्रवृति विकास भइसकेको देखिन्छ । *गङ्गा* पुस्तकाकार कृति प्रकाशित गरेर आफ्नो छन्दबद्ध कविता शिल्पलाई जीवनको भोगाई र अनुभूतिअनुसार सरस, सरल र मर्मस्पर्शी भावनाबाट पस्कन सफल भएकाले आभ्यासिक चरण भए पनि उनको यो चरण सफल नै देखिन्छ ।

### ३.३.२ उत्तरार्ध चरण ( २०४६ देखि २०६३ सम्म)

पुरानो परम्परामा बग्दै वा अग्रभूमिको निमार्ण गरी नवीन परम्परा कायम गर्दै अबाध गतिमा अघि सरेको नेपाली कविता यस चरणमा मुक्तक जस्तो छोटो रूपदेखि महाकाव्य जस्तो ठूलो रूपसम्म मौलाएको छ ।

आधुनिक नेपाली कविताकाव्यको स्पष्ट बयान र समसामयिक अनुभूतिको प्रमाणिक रूपमा दाहालका कविता देखा पर्दछन् । बद्रीप्रसाद दाहालको साहित्यिक यात्रालाई विभाजन गर्दा २०४६ देखि २०६३ सम्मको अवधिलाई उत्तरार्ध चरण अन्तर्गत राखिएको छ । पूर्वार्ध चरणमा मैलाउन नसकेको उनको साहित्यिक व्यक्तित्व यस चरणमा झाँगिएको छ । पूर्वार्ध चरणको तुलनामा साहित्यलेखन सङ्ख्यात्मक र गुणात्मक दुबै दृष्टिले अगाडि बढेको देखिन्छ । यस चरणमा *हेनरी ड्युना* (कवितासङ्ग्रह-२०४६), *भस्मासुरका खित्का* (निबन्ध तथा कवितासङ्ग्रह-२०५७), *डिबडिबे* (कवितासङ्ग्रह-२०६०), *बाँसुरी* (कविता सङ्ग्रह-२०६३) प्रकाशितभएको पाइन्छ । कविले यस चरणको पहिलो कृति हेनरी ड्युनामा सात लहरमा छन्दोबद्ध, सन्तोषमूलक, सौन्दर्ययुक्त तरिकाबाट रेडक्रसका सिद्धान्तलाई अँगाल्दै कविता प्रस्तुत गरेका छन् । मानवता, निष्पक्षता, तटस्थता, लयात्मकता, आनुप्रासिकता र श्रुतिमधुरता यस कृतिका विशिष्ट प्राप्ति हुन् ।

कवि दाहालको *भस्मासुरको खित्का* (२०५७) यस चरणको अर्को कृति हो । यसमा ५३ वटा शीर्षकका रचना समाविष्ट रहेका छन् । कवितातर्फ गद्य र पद्य रहेका छन् । यसमा शब्दचयन, लयसंयोजन र भावपक्ष, सशक्त तथा सुन्दर अभिव्यक्त भएको पाइन्छ । निबन्धतर्फ गलत तरिकाले चले भास्मासुरको जस्तो अवस्था हुने भन्दै दाहालले समाज सुधारको आकाङ्क्षा गरेका छन्(कोइराला, २०५७ : क) ।

यसै गरी कवि दाहालका अन्य कृतिहरू *डिबडिबे* (खित्कासँगालो), २०६० र *बाँसुरी* (कवितासङ्ग्रह) २०६३ रहेका छन् । यी कवितासङ्ग्रहमा नेपाली विकृति र विसङ्गति चरित्रलाई उदाङ्गो रूपमा देखाइएको छ । नैतिकता र आदर्शको पालना निर्धाले मात्र गर्नुपर्ने विषयलाई कवितात्मक रूपमा कविले यसरी दिएका छन्(गौतम,२०५७ : ङ) ।

ठेक्का, अवैध, व्यापार, अपार, स्वर्णसम्पत्ति ।
कमाएर दिएको छु पार्टीलाई कति-कति ॥

विदेशी ब्राण्डी, ह्विस्कीमा नेता, नेत्री-नुवाइयो ।

अझै सम्पत्ति भर्नेछु जे होस् टिकट चाहियो ॥

(टिकट टिकट टिकट, ४:५८)

यसरी भन्नुपर्दा दाहालको पूर्वार्ध चरणको तुलनामा उत्तरार्ध चरण क्रमशः विकसित, उर्वर र सशक्त देखिन्छ । उत्तरार्ध चरणमा चारवटा कृतिले दाहाललाई सफल साहित्यकारका रूपमा परिचित गराएका छन् । उनका कृति यस चरणमा परिस्कृत र परिमार्जित बन्दै गएका देखिन्छन् । उनको लेखाइमा देखिएको विषयवस्तुको विविधता र नवीनता, प्रस्तुतीकरणमा रोचकता, चिन्तनको गाम्भीर्य र सामाजिक कुप्रथाप्रतिको तीव्र विरोधलाई पद लालित्ययुक्त चामत्कारिक भावप्रवाहमा पस्कन यस चरणका कविता सफल भएका छन् ।

धादिङका स्रष्टाहरूले विशेषतः भानुभक्त, लेखनाथ, घिमिरे र देवकोटाका सिर्जनाहरूलाई नै आर्दश मानेर लेखिरहेको अवस्थामा नै चुनौती दिँदै दाहाल परिष्कारवादतर्फ लम्किएको पाइन्छ । वि.सं २०४६/०४७ सालदेखि नेपालमा आएको राजनीतिक वातावरणले साहित्यमा अलिकति नयाँ घुम्तीको निर्माण गरेकाले यसै परिप्रेक्षमा आफ्ना रचना प्रकाशित गर्न थालेका कवि दाहालको उत्तरार्ध चरण कृतिगत तथा प्रवृत्तिगत दुवै हिसाबले सफल देखिन्छ ।

## ३.४ निष्कर्ष

साहित्यकार बद्रीप्रसाद दाहाल विगत तीन दशकदेखि साहित्य सिर्जनामा निरन्तर कलम चलाउने व्यक्तित्व हुन् । नेपाली काव्यकारितामा उनले छुट्टै स्थान बनाइसकेका छन् । उनको काव्ययात्रालाई चरण विभाजन गर्दा २०४० भन्दा पहिला पूर्वाद्ध चरण र २०४६ भन्दा पछिलाई उत्तरार्ध चरणमा विभाजन गरिएको छ । उनका ५ वटा कृतिहरू प्रकाशित भइसकेका छन् । चारवटा कृतिहरू शास्त्रीय छन्दमा र एउटा कृति निबन्ध तथा कविता ( संयुक्त) रूपमा रहेका छन् । यहाँ उनका कृतिहरूको कविता र निबन्ध मानकतत्त्वका आधारमा शीर्षक, संरचना, लय, भाव, बिम्बालङ्कार, शैली, उद्देश्य आदिका आधारमा छुट्टाछुट्टै विश्लेषण गरेर यिनका कृतिमा रहेका हरेक पक्षलाई केलाउने काम गरिएको छ । यिनका कृतिभित्र रहेका करुणा, मानवता, प्रकृतिप्रेम र राजनीतिक सामाजिक बेथितिका

विषयवस्तुलाई बाहिर ल्याउने काम गरिएको छ । उनले प्रयोग गरेका छन्द, शब्द, अलङ्कार, आदिलाई यथासक्य खुट्याउने काम गरिएको छ । समग्रमा उनका कृतिहरू स्तरीय छन् र नेपाली साहित्यको क्षेत्रमा मगमगाएर जीवन्त रहेका छन् ।

यस चरणका कवितामा प्रकृतिप्रेम, आशावादी प्रवृत्ति, यथार्थवरक आदर्शको चेतना तथा सूक्ष्म घटनालाई टपक्क टिप्ने प्रवृति पाइएकाले यस चरणमा उनी सफल रहेका छन् ।

# परिच्छेद : चार

# साहित्यिक कृतिहरूको अध्ययन

# परिच्छेद : चार

# बद्रीप्रसाद दाहालका साहित्यिक कृतिहरूको अध्ययन

## ४.१ विषयपरिचय

नेपाली साहित्यमा विगत तीन दशकदेखि साहित्यसिर्जनामा निरन्तर समर्पित साधक बद्रीप्रसाद दाहाल विशेषगरी कविता, समालोचना र निबन्धमा कलम चलाउने स्रष्टाका रूपमा परिचित छन् । यसै परिप्रेक्षमा यस अध्यायमा उनका काव्यकृतिहरू *गङ्गा* (२०४०), *हेनरी ड्युना* (२०४६), *भस्मासुरका खित्का* (२०५७), *डिबडिबे* (२०६०) र *बाँसुरी* (२०६३) कवितासङ्ग्रहको कविताविधाअन्तर्गत र *भास्मासुरका खित्का*मा समाविष्ट निबन्धको निबन्ध विधाअन्तर्गत रही विश्लेषण गरिएको छ । उनले समालोचनामा कलम चलाएका भए पनि पुस्तकाकार नभएकाले समालोचनामा समावेश गरिएको छैन् ।

## ४.२ बद्रीप्रसाद दाहालका काव्यकृतिको विश्लेषण

बद्रीप्रसाद दाहालका चारवटा कृति कवितासङ्ग्रह र एउटा कृति निबन्ध तथा कवितासङ्ग्रह भएकाले चारवटालाई कविता विधाअन्तर्गत र एउटा कृतिलाई कविता तथा निबन्ध विधाअन्तर्गत विश्लेषण गरिएको छ ।

साहित्यको रागात्मक भावना र अनुभूतिप्रधान पद्य-गद्यमय लयात्मक अनुशासनबद्ध विधा कविता हो । कविता प्रीतिको प्रथम मुस्कान हो भने काव्य त्यसैको निम्ति बसाउने आनन्दी घरबार र आवाद गर्ने उज्यालो संसार हो (घिमिरे, २०४९ : ३२) । कविता साहित्यकै एक विधागत भेद भएकाले साहित्यका सापेक्षतामा कविताको विधागत स्वरूप अपेक्षाकृत स्पष्ट रूपमा चिनिन सक्छ । कविता लयात्मक भाषिक कलाका रूपमा चिनिन्छ अनि यो सौन्दर्यपरक उपज पनि हो (त्रिपाठी, २०५४ : १५) । कविताले बिभिन्न अनुभूति र चिन्तनको अनेक तरेलीहरूलाई विविध शैलीका बान्की र छटाभित्र सजाएर मनमोहक, हृदयमोहक र श्रुतिरम्य श्रुतिहरू मस्तिष्कबोधक काव्य-कला कौशल बनी सर्वप्रसिद्धिको शिखर समात्न सक्षम भइरहेको छ । यस किसिमको साहित्यिक विधा कविताले *ऋग्वेद*देखि

एक्काइसौँ शताब्दीको यात्रासम्म आइपुग्दा अनेक रूप-स्वरूप अँगाल्दै आएको छ । कविता विधाका निम्नलिखित मानक स्वरूपका आधारमा कवितालाई विश्लेषण गर्ने गरिन्छ ।

दाहालका आजसम्म प्रकाशित कृतिलाई उनले अँगालेको काव्यप्रवृति र विधागत घटकतत्त्वका आधारमा तलको कालविभाजनअनुसार विश्लेषण गरिएको छ :

क) *गङ्गा* (कवितासङ्ग्रह-२०४०)

ख) *हेनरी ड्युना* (कवितासङ्ग्रह-२०४६)

ग) *भस्मासुरका खित्का* (निबन्ध तथा कवितासङ्ग्रह-२०५७)

घ) *डिबडिबे* (कवितासङ्ग्रह-२०६०)

ङ) *बाँसुरी* (कवितासङ्ग्रह-२०६३)

## ४.२.१ गङ्गा (२०४०) कवितासङ्ग्रहको विश्लेषण

गङ्गा कवितासङ्ग्रह कवि बद्रीप्रसाद दाहालको पहिलो कविता सङ्ग्रह हो । यस कवितासङ्ग्रहमा २४ पृष्ठ र विभिन्न शीर्षकका ६० वटा कविता रहेका छन् । यसभित्रका कविताहरू बढीमा आठ श्लोक र घटीमा दुई श्लोकसम्मका छन् । शीर्षक, संरचना, विषयवस्तु, लयविधान, भावविधान, बिम्बविधान, भाषाशैली र उद्देश्य यी आठवटा आधारभूत मूलतत्त्वहरूका आधारमा दाहालका काव्यकृतिहरूलाई विश्लेषण गरी तिनको निष्कर्ष प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

### ४.२.१.१ शीर्षक

यस कवितासङ्ग्रहको नाम *गङ्गा* हो । यस सङ्ग्रह विषयका दृष्टिले शोकतरङ्गले भरिएको छ । आफ्ना परम श्रद्धेय पिताज्यूको स्वर्गवास भएपछि उठेको तरङ्ग यस कवितामा पाइन्छ । यस सङ्ग्रहमा पिताको अवसानपश्चात् उनको जीवनको विविधपक्षलाई सम्झदैँ आमा, दिदी-बहिनी, दाजु-भाइ सबैले उनको स्मरण गर्दै रुवावासी गरेको वर्णन कविले गरेका छन् । कविले कवितासङ्ग्रहमा प्राच्यशास्त्रका विद्वान् पं. गङ्गादत्त दाहालको विद्वत्ता र सरलताको वर्णन गर्दै अभिभावकको अवसानमा भावविह्वलभई सरस, सरल हृदयविदारक

भाव पोखेका छन् । यिनै विषयवस्तुलाई राम्ररी केलाइएकाले कवितसङ्ग्रहको शीर्षक सार्थक देखिन्छ ।

### ४.२.१.२ संरचना

*गङ्गा* कवितासङ्ग्रहको प्रकाशक शिवराज दाहाल हुन् । यस कविता कृतिको दुई शब्द र अग्रभागमा मेरो भनाई प्रस्तुत गरिएको छ । मुख्य कविता खण्ड २४ पृष्ठमा संरचना गरिएको छ । कविताको खण्ड, भाग, वा शीर्षक नछुट्याइकन, के गरी आँसु रोकूँ, बाबा गयौ के गरी ? आदि १६ प्रकारका वाक्यांश रहेका छन् । सबैभन्दा बढी श्लोक ८ र कम २ रहेको छ । जम्माजम्मी यस कवितासङ्ग्रहमा ६० श्लोक संरचित छन् ।

यस सङ्ग्रहका सम्पूर्ण कविताहरू शास्त्रीय छन्दमा रचना गरिएका छन् । यसमा शार्दूलाविक्रीडित, स्वागता र वंशस्थ छन्दका कविताहरू रहेको देखिन्छ । कविताको बाह्य संरचना निमार्णमा अधिकतम तत्सम शब्दको प्रयोग भएको पाइन्छ ।

कवितासङ्ग्रहका प्रत्येक कवितामा शीर्षक लय योजनाको कुशल चित्रण र कलात्मक प्रस्तुतिले आन्तरिक संरचना सबल भएको देखिन्छ । अन्तर्वस्तुका हिसाबले पिताको देहावसानपश्चात् अभावको शून्यतालाई सरल र आकर्षक ढङ्गले मनोरम ध्वनि तरङ्गको रूपमा पस्केका कारणले आन्तरिक संरचना सशक्त बनेको छ ।

### ४.२.१.३ विषयवस्तु

यस कवितासङ्ग्रहको विषयवस्तु आफ्ना मनिषीजस्ता पिताको अवसानबाट भएको शून्यतालाई बनाइएको छ । कवि दाहालले यस कृतिमा वाबुबाट प्राप्त ममता, टुहुरो हुनुपरेको अवस्था, आमाको बिलौना, दिदी-बहिनीको रुवावासी र गाउँटोलको रुवाई आदि विषयलाई समावेश गरेका छन् । कविले आफ्नो पिताको देहावसानपछिको अवस्थालाई कारुणिक रूपमा प्रस्तुत गरेर योग्य अभिभावको अभावमा उत्पन्न परिस्थितिलाई केलाउँदै गरेको विषयवस्तु यस कवितासङ्ग्रहमा रहेको छ ।

### ४.२.१.४ लयविधान

बद्रीप्रसाद दाहाल लयात्मक भाषामा कविता लेख्ने कवि हुन् । छन्दका कविताहरू नियमित आवृत्ति हुन्छन् । यसले गर्दा उनका कवितामा लयबद्धता सिर्जना हुन्छ । यस

कवितामा शार्दूलविक्रीडित, स्वागता र वंशस्थ छन्दमा रचना गरिएका कविताहरू रहेका छन् । अनुप्रास, अत्यानुपास, उपमा आदि अलङ्कारले लयगत विशिष्टता सृजना गरी कारुणिक झङ्कार उत्पन्न गरेकोले टुहुरो भएको अवस्थामा जन्म र मृत्युलाई रोकेर रोकिदैंन । यो प्रकृतिको शाश्वत् नियम हो । अतः अब यस धरणीमा भएका टुहुरा जति हाँसौं भन्ने आशयलाई कविले यसरी व्यक्त गरेका छन् :

जान्छे आज चरी हराई वनमा छोडी नयाँबल्लरी ।
ढाक्यो बादलले सुफेन घरको बिस्कून तेसै परी ॥
सन्नाटा मधुमासमा छिरलिँदो मर्छन् बचेरा लडी ।
जन्मेका कति मर्दछन् धरणीमा हाँसौं टुहुरा जति ॥

(हामी टुहुरा जति, २ : २)

कविले पितालाई घाटमा जलाइ घर फर्किदाको शून्यतालाई यसरी दर्शाएका छन् :

जलाई काया, अनि घाट काम ।
झारी, सफा बस्त्र लिई, तमाम ॥
विदीर्ण कोलाहलपूर्ण गेह ।
रुँदै गइयो सब शून्य जे छ ॥

(घाटको तरङ्ग, ६ : २१)

बाबाको अभावमा आफूमात्र नभएर प्रकृति पनि रोएको सुन्दर चित्रणलाई कवितामा यसरी वर्णन गरिएको छ :

लेकालीवन रुन्छ रुन्छ चिडिया उँड्दै पखेरा भर ।
यी कर्णेश्वर, भैरवी, अरु कति रुन्छन् पँदेरा सब ॥
रुन्छन्, यी वनवेदवता कुसुममा देखिन्न शोभा पनि ।
आत्मा रुन्छ, छिया छिया मुटु भयो, बाबा गयौ के गरी ? ॥

(बाबा गयौं के गरी, ३ : ४)

यसरी सरल भाषाशैलीमा विशिष्ट अनुभूतिदिन सफल यो कृति लयविधानका दृष्टिले स्तरीय छ ।

### ४.२.१.५ भावविधान

बद्रीप्रसाद दाहालले *गङ्गा* कवितासङ्ग्रह पिताको अवसानपछि स्वर्गीयपिताका सम्झनामा वहाँको जीवनको विविध पाटोलाई केलाउँदै लेखिएको कारुणिक शोककाव्य हो । उनले कवितामार्फत पिताको अवसानपछिको करुणिक अवस्थालाई यसरी झल्काएका छन् :

रुन्चे बोली, मुख मलिन भो, सोचने आँट छैन ।
यौटा आत्मा धिपधिप भयो, बौरने छाँट छैन॥
हेर्दा हेर्दै, क्षण निमिषमा श्वास निखिसकेको ।
रुक्दो नाडी, विरस रसना चेत बिग्रिसकेको ।।

(के गरी आँसु रोकूँ, ३ : २)

यस्तै पिताको सम्झनामा आमाको विलौनालाई यसरी व्यक्त गरेका छन् :

मेरो पीडा दर्दका मर्मज्ञाता ।
मेरो सुखी ज्ञानका चक्षुदाता ॥
फाट्यो आधा जिन्दगीको पछ्यौरी ।
मर्छु तिम्रै साथ काया अंगाली ॥

(आमाको बिलौना, ३ : ७)

पवित्र-सम्मति, पिताको अवसानपश्चात् पाइँदैन भन्दै कवि भन्दछन् :

पुराण, गीता, स्मृति, कर्मकाण्ड र ।
पौरस्त्य शास्त्रीय अगाध सागर ॥
सद्धर्म व्याख्यान अरु कतिकति ।
पाइन्न नौला र पवित्र संमति ॥

(पवित्र-संमिति, १ : १२)

यसरी यस *गङ्गा* कवितासङ्ग्रहमा पिताको मृत्युपश्चात् आमा, दाजुभाइ, बन्धुवान्धब, छरछिमेकी आदिमा उत्पन्न भएको करुणिक भावलाई मार्मिक ढङ्गबाट व्यक्त गरिएकोले उकृष्ट लयविधान प्रयोग भएको पाइन्छ ।

### ४.२.१.६ बिम्ब-विधान

कवितामा आउने बिम्ब भनेको शब्दद्वारा वस्तुको चित्र र रूप उतार्नु हो । यो बिम्ब कवितामा भावनात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ र यसले मानिस र बाह्य यथार्थका

बीचमा रागात्मक सम्बन्ध स्थापित गराउँदै पाठकका मनमा विशिष्ट भाव पैदा गराउँछ (तिमल्सेना र मिश्र, २०६५ : २५१) । अनुप्रास, उपमा, रूपक दृष्टान्त आदि अलङ्कार सबै कवितामा पाइन्छन्(खनाल, २०४९ : २५) ।

दाहालले आफ्ना कवितामा उपयुक्त अलङ्कारहरूको माध्यमबाट पिताको निधनमा आइपरेका कारुणिक दृश्यलाई बिम्बका आधारमा व्यक्त गरेका छन् । दाहालको यस कविता सङ्ग्रहमा दृश्यबिम्ब र श्रव्यबिम्ब पाइन्छ । बद्रीप्रसाद दाहालको यस सङ्ग्रहमा प्रस्तुत दृश्य-बिम्बको नमूना यस्तो रहेको छ :

बायाँ बग्छे कलकल गरी स्वच्छ गङ्गा सुकौरा ।
दायाँ हेर्दा हिमशिखरका दृश्य मीठा अनौठा ॥
झुल्छन्, बस्ती वरपर तिँदु, आँप, अम्बा, अनार ।
रक्षा गर्छन् नजिक रहने पार्वतीका जुहार ॥

(के गरी आँसु रोकूँ, १ : २)

कवितामा दाहालले करुणरसको प्रयोग गरी बिम्बात्मक आयोजनाको सफल चित्रण यसरी गरेका छन् :

मेरो आत्मा कण्ठका दिव्यहार ।
बाहु शोभा भावनाकााजुहार ॥
मैले माया अर्पने छैन पात्र ।
स्यूँदो बिग्रिछन् रुखा केशमात्र ॥

(आमाको बिलौँना, ७ : ४)

कविले यमक अलङ्कारको प्रयोग गरी यसरी वर्णन गरेका छन् :

यौटा आभा नभतिर उँड्यो रोशनी नै बिलायो ।
फूल्दो शोभा धुर विधुर भो बागमा के हरायो ॥
बाँच्यो कालो मलिन घरमा सूर्य चम्किरहेछ ।
रोकौं आँसु बिरही-दिल हो जन्म नै मृत्यु रैछ ॥

(जन्म नै मृत्यु रैछ, ५ : १०)

यसरी बद्रीप्रसाद दाहालले आफ्नो यस कृतिमा विभिन्न बिम्ब, अलङ्कार र प्रतीकको प्रयोग गरेर कवितालाई श्रुतिमधुर तुल्याएका छन् ।

### ४.२.१.७ भाषाशैली

भाषाविचार र अनुभूति विनिमय गर्ने माध्यम हो । भाव र अनुभूतिलाई विशिष्ट तौरतरिका, विधि, पद्धति एवं ढाँचा ढर्रा र विशेष किसिमको प्रक्रिया अपनाउने तत्त्व नै यसको शैली हो । भाषाशैलीविना भाव मूर्त हुँदैन्, भावविनाको शैली निर्जीव हुन्छ (घिमिरे २०४९ : २) । प्रस्तुत कवितामा सरल, सहज, नेपाली शब्दहरूको समान प्रयोग रहेको छ । कविताकृति परिवेश सुहाउँदो भाषाशैली प्रयोग गरिएको उत्कृष्ट कृति हो । शब्दजाल नबिच्छ्याई सरल र सरस भाषामा साधारण पाठकले बुझ्ने गरी गम्भीर भाव र विचार प्रस्तुत गर्न सक्नु यस कविताको विशेषता हो ।

### ४.२.१.८ उद्देश्य

प्रत्येक साहित्यिक विधा सिर्जनामा उद्देश्य अनिवार्य हुन्छ । कुनै पनि कामका लागि एउटा निश्चित उद्देश्य राखिएकै हुन्छ । वास्तवमा लेखकका मनमा कुनै विषयमाथि उठेका भावना प्रस्तुत गर्नु नै उद्देश्य हो । उद्देश्यबिनाको संरचनाको कुनै अर्थ रहँदैन । बद्रीप्रसाद दाहालद्वारा रचना गरिएको यस कृतिमा पनि पिताको देहावसानपछि बिछोडको वेदनाले पिल्सिएको मनलाई सान्त्वना प्रदान गर्नु रहेको पाइन्छ । मृत्युलाई कसैले पनि टार्न सक्दैन तर पनि जीवन, कर्म, शिक्षा-दीक्षा र अभिभावकत्व दिएर संसार चिनाउने पितृस्नेहको अभावमा देखिने पीडालाई बाहिरी जगतमा उजागर गर्नु कविताको उद्देश्य देखिन्छ । कविले पिताको अभावलाई यसरी व्यक्त गरेका छन् :

> न्यानो काख यहाँ कतातिर गयो, त्यो लाडिलो चुम्बन ।
> सानो बालक देख्न सक्छु कसरी आकाश रित्तो जुन ॥
>
> (हामी टुहुरा जति, ४ : १०)

यसरी कविले पिताको अभावमा सम्पूर्ण हराए जस्तो ठानेका छन् । पिताको सम्झना नै यसको मूल उद्देश्यका रूपमा प्रस्तुत भएको पाइन्छ ।

### ४.२.१.९ कृतिगत निष्कर्ष

बद्रीप्रसाद दाहालको प्रस्तुत *गङ्गा* कवितासङ्ग्रहमा स्वर्गीय पिताको जीवनका विविधपक्षलाई केलाउँदै २४ पृष्ठमा ६० कविताहरू सङ्ग्रहित छन् । उनले वंशस्थ, स्वागता

र शार्दूलविक्रीडित छन्दमा प्रसङ्गको चित्रण गरेका छन् । यमक, अनुप्रास आदि अलङ्कार र बिम्बको प्रचुर प्रयोग गरिएको कारुणिक परिवेशलाई टपक्क टिपेर शास्त्रीय छन्दमा कसी लगाई मिलाउन सक्नुले नै यो *गङ्गा* कवितासङ्ग्रह उत्कृष्ट कवितासङ्ग्रहका रूपमा सफल रहेको पाइन्छ ।

### ४.२.२ हेनरी ड्युना कवितासङ्ग्रहको विश्लेषण

*हेनरी ड्युना* उनको दोस्रो कवितासङ्ग्रह हो । यसलाई सात लहरमा विभाजन गरिएको छ । सातै रहरमा जम्माजम्मी अनुष्टुप् छन्दका ८७ श्लोक रहेका छन् । तिनलाई कविताविधाको मानक स्वरूपका आधारमा विश्लेषण गरिएको छ ।

#### ४.२.२.१ शीर्षक

शीर्षक कविता कृतिको नामकरण मात्र नभई कृतिका भावविचारको सूचक सङ्केत वा उद्घाटक समेत हो (त्रिपाठी, २०४६) । *हेनरी ड्युना* बद्रीप्रसाद दाहालको अनुष्टुप् छन्दमा रचना गरिएको स्मृतिकाव्य हो । यस कृतिको शीर्षक हेनरी ड्युना हो । हेनरी र ड्युना दुई शब्द मिलेर बनेको यो संज्ञा हो । यो संज्ञाले रेडक्रसको जन्मदातालाई बुझाउँछ । विश्वमा जहाँसुकै पनि दैविक, भौतिक र प्राकृतिक आपत-विपत पर्दा उपस्थित हुने र निश्वार्थ सेवा गर्ने निश्वार्थ संस्था हो, रेडक्रस । यस्तो पवित्र संस्थाको स्थापना गरेर मानव सेवामा समर्पित भएका र हुन प्रेरित गर्ने महामानव हेनरी ड्युना हुन् । यस कृतिमा उनकै महानताको सिङ्गो चित्र समेटिएकाले यस कृतिको शीर्षक *हेनरी ड्युना* अत्यन्त सार्थक र उपयोगी देखिन्छ ।

#### ४.२.२.२ संरचना

कविता आफैँमा सम्यक प्रकारले रचित संरचना भएको कविता कृति हो । कविता कलात्मक समाधि हो, जसबाट नयाँ सृष्टि हुन्छ (घिमिरे, २०४९ : ५५) । कविले आफ्ना प्रगीत र रचनाहरूको संरचना गर्दा वृत्तात्मक पद्धतिका अतिरिक्त चक्रात्मक पद्धतिको अनुशरण गर्दछन् । चक्रात्मक पद्धतिमा कवितामा प्रयुक्त भाषाका शब्ददेखि वाक्यात्मक

तहसम्मका एकाइहरूकै पुनरावृत्ति नगरे पनि वा प्रारम्भ विन्दुमा नजोडिए पनि त्यसैको निकटबाट अगाडि बढी मूलभाव विस्तारित गरिरहेको हुन्छ (शर्मा, २०५५ : ११७) । दाहालको यस कृतिमा वृत्तात्मक वाचक्रात्मक पद्धतिको अनुशरण गरी एउटै केन्द्रीय भावलाई विस्तार गरी दुःखी, पीडितहरूलाई मानवीय सेवा प्रधान गर्ने ड्युनाको चित्रण गर्नु नै यसको बाह्य संरचना हो ।

यस कृतिका कविताहरूमा विश्वभर छरिएर रहेका पीडितहरूको अवस्थालाई मार्मिक ढङ्गले वर्णन गरिएको छ । बौद्धिकता र भावनात्मकता दुवै पक्षमा जोड दिएको यस कविता कृतिमा अनुप्रासीय र लयबद्ध भाषाको प्रयोग गरिएको छ । संरचनाको दृष्टिले लघु आकारको कवितासङ्ग्रह भए तापनि हेनरी ड्युनाले मानवीय सेवामा दिएको योगदानको सजीव चित्रण गर्न यो कृति सफल भएको छ । अनुष्टुप छन्दमा संरचित यो कृति २८ पृष्ठमा आबद्ध छ । पुस्तकको सुरुमा प्रकाशकका तर्फबाट तीर्थराज वन्तको मन्तव्य र त्यसपछि कवि दाहालले कृतज्ञता लेखेका छन् । सूक्ष्म आख्यानद्वारा यस कविताको आन्तरिक संरचना निर्मित भएको छ । अन्तर्लयात्मक भएकाले पनि यस कविता कृतिको आन्तरिक संरचना सवल र सुदृढ रहेको छ ।

### ४.२.२.३ विषयवस्तु

काव्य रचनाका लागि छनौट गरिएको वस्तुचयनलाई नै मूल रूपमा कविताको विषयवस्तु भनिन्छ । एक समर्थ कविले आफ्नो युगका सम्पूर्ण प्रवृत्तिलाई पिएर अर्कै युग निमार्ण गर्नसक्छ (घिमिरे, २०४९ : २९) । कविताका विषयवस्तु, धर्म, संस्कार, संस्कृति, देश, समाज, राजनीति, प्रकृति, जीवन, हेराई र भोगाइका अनेक पक्षसँग सम्वद्ध हुने गर्छ । दाहालले सहायताबिना निरीह भएर मर्न बाध्य भएका मानवहरूप्रति ड्युनाले देखाएको मानवसेवालाई विषयवस्तु बनाई निकै भावात्मक रूपमा प्रस्तुत गरेका छन् । मानिसहरू द्वेष, ईर्ष्या, दानवीयपना आदिले गर्दा जुद्धै गएका छन् । साम्राज्य फैलदैं जाने क्रममा मानिसहरूलाई खाल्डामा पुर्दै र बन्दुक पड्काउदै मार्दै गर्दछन् । यस्तो अवस्थामा ड्युनाले बाल्यकालमै रेडक्रसको स्थापना गरेर सहृदयी व्यवहारले आर्तहरूको घाउमा मलम लगाउन सहयोगी बने । यिनै प्रस्तुतिलाई विषयवस्तुले जीवन्त तुल्याएको छ ।

### ४.२.२.४ लयविधान

कविताामा लयव्यवस्थाको निश्चित पद्धति भन्नुनै छन्द स्थिति हो । यो लयविधान प्रथमतः भाषिक स्वर व्यञ्जन वर्णका वर्णगतध्वनिको साम्य बैषम्य दुवै भएको विवरण प्रक्रियाको कालगत प्राप्ति हो र कविता कृतिका चरण/पाउ वा पङ्क्ति/हरफको गतिक्रम यतिविधानबाट थालिन्छ (त्रिपाठी, भाग-४ : २८) । लयविधानले कुनै पनि स्वरवर्णको उच्चारण कालमा उत्पन्न आरोह अवरोहगत साङ्गीतिक लययुक्त ध्वनिवा स्वरलाई सङ्गीत दिएर श्रुतिमोहक बनाउँछ । यस *हेनरी ड्युना* कवितासङ्ग्रहका रचनाकार दाहाल छन्दमा कविता लेख्ने कवि हुन् । *हेनरी ड्युना* सात लहरमा रचना गरिएको कवितासङ्ग्रह हो । यस सङ्ग्रहभित्र मानवताको पक्षमा कविले यसरी वर्णन गरेका छन् :

यस्तो राक्षसी आचार मान्छेको जिन्दगीसित
अत्याचार-अनाचार चोखो मानवतासित
हेर्नै सकिन अन्याय उखेल्छु विकृति-रिति
भन्दै निर्णय ड्युनाले गरे बालकमै कति

(लहर-१, ७ : ३)

उल्लेखित यस श्लोकमा ८-८ अक्षरको पाउ छन् । यो अनुष्टुप छन्दमा रचना गरिएको छ । यसमा विषम पाउको सातौं अक्षर गुरु र समपाउको ह्रस्व हुन्छन् । चारै पाउमा पाँचौं अक्षर लघु र छैटौँ अक्षर गुरु हुन्छन् ।

सातै लहरमा दुस्मनी र लालसाले गर्दा मानिस दानव बन्दै गएको देखाइएको छ । आजलास माथि पनि प्रतिशोध हुँदा कविले यसरी वर्णन गरेका छन् ।

पाए वीरगति जस्ले तिनका लासमा पनि
दुस्मनी चाल चालिन्थ्यो दानवी वासना खनी

(लहर-३, ८ : १०)

यसरी दाहालले यस कवितासङ्ग्रह पूरै अनुष्टुप छन्दमा रचना गरी गति, लय र अलङ्कार आदिले अलङ्कृत गर्दै मनोहर तुल्याएका छन् ।

### ४.२.२.५ भावविधान

भावविधान कविता-काव्यको प्रमुख तत्त्व हो । कविताको कथ्य-सामग्री र सन्दर्भको सेरोफेरो यही नै हो (त्रिपाठी, भाग-४ : २०) । शब्दको लयात्मक गुल्फन संयोजनाभित्रबाट प्रकाशित हुने भाव नै यथार्थतः कविताको भाव हो । साहित्यिक कलाले भावलाई प्रकट गरेर भावभित्र बिलाउनुपर्दछ (घिमिरे, २०४९ : २) । भावविधान कविताको कलात्मक आयाममा भावविधान केन्द्रीय वस्तु हो । यस कवितासङ्ग्रहमा पनि कविले आफ्नो इच्छा त्यागेर मानव सेवामा लागेका ड्युनाको सम्मानमा यसरी व्यङ्ग्य गरेका छन् :

ड्युना आफ्ना मधुरस खशीदीनवा घाइतेमा
दाडी सानन्दित मुदित भै बग्दथे भावनामा
छोडे आफ्ना अमर कृतिमा सत्य सन्देश कर्म
मान्छे जानौंयुग पुरुषको मान सम्मान गर्न

(सातौं लहर, ३ : २६)

यसै गरी कवितामा कविले निश्वार्थ सेवाको भावलाई यसरी झल्काएका छन् :

खोलैखोला तरे धेरै लुगा जतन गर्दथे
सफा निर्मल धारिला भेषभुषा लगाउँथे
भ्याष्टीग्लोन पुगे शक्ति, शोक, सन्तप्त गाउँले
घाइते छट्पटी गर्दै को को होला रुचाउँथे

(दोस्रो लहर, ८ : ६)

यसरी यस कवितासङ्ग्रहमा कविले महामना हेनरी ड्युनाको कर्मशील दर्शनिक( व्यक्तित्वले महानता, निष्पक्षता, तटस्थता, स्वतन्त्रता, ऐच्छिक सेवा, एकता र विश्वव्यापीकरण आदि सिद्धान्तमा आधारित भएर पीडित र अशक्तहरूको सेवामा आफूलाई समर्पित गरेको विषयवस्तु उल्लेख गरेका छन् । कवि मानव सेवा लाग्ने प्रेरणा सबैमा जागृत होस् भन्न चाहन्छन् ।

### ४.२.२.६ अलङ्कारविधान

कवि बद्रीप्रसाद दाहालले *हेनरी ड्युना* कवितासङ्ग्रहमा उपमा, रूपक, उत्प्रेक्षा, अतिशयोक्ति, दृष्टान्त आदि अलङ्कारको संयोजना गरेर काव्यलाई मनोहर बनाएका छन् ।

काव्य छोटो छरितो भए तापनि संस्कृत तत्सम शब्दको उचित प्रयोगले सरस र सरल बनेको छ । काव्यको प्राण छन्द र अलङ्कारले काव्य अलङ्कृत छ । अर्थका माध्यमबाट काव्यमा विशेष सौन्दर्य उत्पन्न गर्ने बिम्बको उदाहरण यसप्रकार छ :

अतिशयोक्ति

आफ्नौ सम्राज्यको पञ्जा राज्य राज्य फिँजाउन,

दानवी-दुष्ट-दुर्भाव, जुद्धथे सभ्यतासँग

(प्रथम लहर, २ : ८)

अतिशयोक्ति अङ्कारका ५ भेद रहेका छन् । यस कवितामा प्रयोग भएको सभ्यता शब्दमा अतिशयोक्ति अलङ्कारको प्रयोग भएको छ :

अनुप्रास

लामो खाडल यौटैमा योद्धाको परलोक छ ।

लासमा लास खापेर मुर्दामा प्रतिशोध छ ।

(तेस्रो लहर, ८ : १०)

कविताको अन्त्यमा प्रयोग गरिएको छ, छ, वर्णबाट कविता लयात्मक र श्रुतिमधुर बनेको छ ।

उपमा

उपमा अङ्कारमा एउटा वस्तुलाई अर्कोसँग तुलना गरेको तादृश्य सम्बन्ध रहेको हुन्छ । यस कृतिमा उपमा अलङ्कारको प्रयोग यसरी भएको पाइन्छ :

यस्तै समुन्द्रको यात्रा माझमाझ पुगेपछि

जिज्ञासु शिशुका दृष्टि, जलपोत भएपछि

(प्रथम लहर, ५ : ६)

यहाँ शिशुको १-१ दृष्टिलाई जलपोतको उपमा दिएर यमक अलङ्कारको प्रयोग गरिएको छ ।

### ४.२.२.७ भाषाशैली

भावानुभूतिको अभिव्यक्तिको साधन भाषा हो । भाव र अनुभूतिलाई विशिष्ट तौरतरिका, विधि, पद्धति एवं ढाँचाढर्रा र विशेष किसिमको प्रक्रिया अपनाउने तत्त्व नै शैली

हो । भाषाशैलीबिना भाव मूर्त हुँदैन, भावबिनाको शैली निर्जीव हुन्छ (घिमिरे, २०४९ : २) । प्रस्तुत कवितामा संस्कृत तत्सम शब्दको पनि प्रयोग रहेको छ । द्वन्द, इर्ष्या, विद्वेश, सम्भ्रान्त जस्ता श्रुतिकटु शब्दहरू पनि रहेका छन् । कोमल, सुन्दर र श्रुतिमाधुर्य शब्दहरूको प्रचूर प्रयोगले कवितासङ्ग्रहलाई सरस तुल्याएको देखिन्छ । अङ्ग्रेजी शब्दको पनि प्रयोग गरिएको छ । कवि यस कृतिमा हेनरी ड्युनाले मानवताको क्षेत्रमा देखाएको महामनाको वर्णन गर्न सफल भएका छन् । यसमा कविले उत्कृष्ट शिल्पीको परिचय बनाएका छन् ।

### ४.२.२.८ उद्देश्य

'प्रज्वल मनोभावनाको स्वयं प्रवाह' भनी वर्ड स्वर्थले कविताको उद्देश्य बताएका छन् । कविले आफ्ना अनुभवलाई टुटफुट हुन नदिई पाठकमा सञ्चार गर्ने उद्देश्य राख्नुपर्छ (खनाल, २०४९ : १७) । साहित्य जीवनको ऐना हो । साहित्यले जीवनका हरेक पक्षको उद्घाटन गर्दछ । बद्रीप्रसाद दाहालले पनि यस कृतिमा हेनरी ड्युनाले आजीवन मानवताको क्षेत्रमा लागेर निःश्वार्थ काम गरेको देखाएका छन् ।

जहाँ जहाँ आपत विपत पर्दछ, त्यहाँ त्यहाँ पुगेर ड्युना र रेडक्रसको न्यूनतम भावना सबैमा हुनुपर्दछ भन्ने कविताको उद्देश्य रहेको छ । 'मानवता नै सेवा हो' भन्ने भावनाबाट प्रेरित हुँदै कवि भन्दछन् :

त्यत्रो वैभवशालीको सोख शान कता गयो ?
चोखो मानवताभित्र यौटा देवत्व जन्मियो ।

(तेस्रो लहर, ५ : ४)

मानिसहरूमा आइपरेका विपत्तिप्रति कविले यसरी व्यक्त गरेका छन् :

हात छैन मरेँ भन्छन्, पाउँ छैन वित्यास भो
घाइते कसरी खप्थे मर्का अङ्ग-प्रत्यङ्गको ।

(तेस्रो लहर, ७ : १०)

यसरी कविले समग्र रूपमा विश्वमानवताको क्षेत्रमा देखिएको विविध नकारात्मक पक्षलाई उजागर गर्दै "वसुधैव कुटुम्बकम्" को भावनालाई चरितार्थ गर्दै मानव सेवामा लाग्न सबैलाई उत्प्रेरित गर्नु नै कृतिको मुख्य उद्देश्य बनाएका छन् ।

### ४.२.२.९ कृतिगत निष्कर्ष

कवि बद्रीप्रसाद दाहालको यस कविता कृतिमा सात लहर रहेका छन् । यस कविताको मुख्य विशेषता हेनरी ड्युनाले मानवताको क्षेत्रमा दिएको योगदानको अन्तर्वस्तु र रूप पक्षको अथक प्रयास हो । अनुष्टुप छन्दमा रचिएका विभिन्न लहरका कविताहरूले मानिसलाई कर्तव्यबोधले ब्युँझाएको छ । विभिन्न, अलङ्कार र बिम्बको प्रयोगले सजाएर सामान्य पाठकले समेत बुझ्ने गरी सरल र सहज भाषाशैलीमा रचना गरिएको यो कृति कला र भाव दुवै दृष्टिले सुन्दर छ ।

### ४.२.३ भस्मासुरका खित्का कवितासङ्ग्रहको विश्लेषण

*भस्मासुरका खित्का* कवि तथा निबन्धकार दाहालको तेस्रो कृति हो । यसमा उनका ३१ वटा कविताहरू ५२ पृष्ठदेखि ९० पृष्ठसम्ममा रहेका छन् । ती कविताहरूलाई कविता विधाको मानकतत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

### ४.२.३.१ शीर्षक

यस निबन्ध तथा कवितासङ्ग्रहको नाम *भस्मासुरको खित्का* हो । यस सङ्ग्रहमा हाम्रो समाजमा भएका घटेका विकृति, विसङ्गतिलाई घतलाग्दो पाराले वर्णन गरिएको छ । समाजका उच्च वर्ग, उच्च पदासीन व्यक्तिहरू जो बाहिरबाट अत्यन्त सभ्य तर भित्रबाट अन्य व्यवहार गर्दछन् । तिनीहरूलाई भस्मासुरको उपमा दिएर कविले *भस्मासुरको खित्का* उपयुक्त र सार्थक शीर्षक दिएका छन् ।

### ४.२.३.२ संरचना

कविता आफैँमा सम्यक् प्रकारले रचित संरचना भएको कविता कृति हो । ज्ञान विज्ञान सम्बन्धी कुनै पनि वस्तुतत्त्व आदिका आधारमा बनाइएका ढाँचा वा किसिम, बनोट, शब्दरचना आदिलाई संरचना भनिन्छ । संरचना आन्तरिक र बाह्य गरी दुई किसिमका हुन्छन् । त्यो विविध भाग र अध्याय हुँदै विस्तारित हुन्छ । यस कविता तथा निबन्धसङ्ग्रहभित्र ३१ वटा कविता रहेका छन् । उनले यसमा समाविष्ट कविताहरूमा

समसामहिक विषयवस्तुलाई स्थापित गरेका छन् । कुनै कुनै कविताहरू शृङ्गार र प्रकृति चित्रण गरिएका पनि रहेका छन् ।

सूक्ष्म आख्यानद्वारा यस कविताको आन्तरिक संरचना निर्मित भएको छ । अतः यस कृतिको बाह्य तथा आन्तरिक संरचना सफल भएको देखिन्छ ।

### ४.२.३.३ विषयवस्तु

काव्य रचनाका लागि छनोट गरिएको वस्तु चयनलाई मूलरूपमा कविताको विषयवस्तु भनिन्छ । एक समर्थक कविले आफ्ना युगका सम्पूर्ण प्रवृतिलाई लिएर अर्के युग निमार्ण गर्न सक्छ (घिमिरे, २०४९ : २९) । कविताका विषयवस्तु धर्म, संस्कार, संस्कृति, राजनीति, प्रकृति हेराई र भोगाइका अनेक पक्षसँग सबद्ध हुने गर्छ । नेपालीको चरित्र, नैतिकता र आदर्श विचार भएका कविताहरू लेखी उदार भावना फैलियोस् भन्ने कविको दृष्टिकोण रहेको छ । धर्म, भाषा, सम्प्रदाय र जातपातको किल्ला भत्काउनु आजको आवश्यकता दाहालले महसुस गरेका छन् । यसरी दाहालका कविता समयानुकूलका विषयवस्तुले परिपूर्ण भएको पाइन्छ ।

### ४.२.३.४ लयविधान

लय व्यवस्थाको निश्चित पद्धति भन्नु नै छन्द स्थिति हो । लयविधान प्रथमतः भाषिक स्वरव्यञ्जन वर्णगत ध्वनिको साम्य वैषम्य दुवै भएको विवरण प्रक्रियाको कालगत प्राप्ति हो । यसले कवितालाई सङ्गीत दिएर श्रुतिमोहक बनाउँछ । *भस्मासुरका खित्का* भित्रका कविताहरू छन्दमा लेखिका छन् । विभिन्न विषयसँग सम्बन्धित कविताहरूमा लयको विधानलाई भेट्न सकिन्छ । उनले राजनीतिक आयामलाई व्यक्त गर्दै यसरी भनेका छन् :

मेरो जुलुस नारा जति, तेरो चौकादाउ ।
चुनाव जितिसकेपछि घट्न थाल्यो भाउ ॥
मेरो भाषण तेरो आसन रासन शासन शान ।
कुर्ल्यो अर्के बम्बाष्टक खै त मेरो मान ?

(औतारीमा नैतारी, १ : ५२)

तर कवि शुद्ध, स्वच्छ, अभिव्यक्तिमा पनि कुशल देखिन्छन् :

मोती जस्तै चमचम प्रभा काव्यमा पोतिएको ।
वाणीभित्रै सगर छहरा कन्दरा कोपिएको ॥

(हाम्रा प्रखर प्रतिभा, १ : ५४)

यसरी दाहालले यस कवितासङ्ग्रहलाई विभिन्न छन्दमा रचना गरी गति, यति, लय र अलङ्कारले मनोहर तुल्याएका छन् ।

### ४.२.३.५ भावविधान

कविता तथा काव्यको प्रमुख तत्त्व भावविधान हो । कविताको कथ्य सामग्रीको विधान हो । कविताको कथ्य सामग्रीको सेरोफेरो यही हो (त्रिपाठी, भाग-४ : २०) । साहित्यिक कलाले भावलाई प्रकट गरेर भावभित्र बिलाउनु पर्दछ (घिमिरे, २०४९ : २) । यस कवितासङ्ग्रहमा कविले प्रजातन्त्रप्रतिको आफ्नो भावनालाई कवितामार्फत यसरी पोखेका छन् :

प्रजातन्त्र त
फाटेको टोपी, नाङ्गो आडमा अनि
निरपेक्ष गरीबीको रेखामुनि
जनतासित फुलेको हुन्छ

(प्रजातन्त्र, ५ : ५६)

यसै गरी सुन्दर भाव र लयमा वासन्ती छटाको भावलाई पोख्दै कवि भन्दछन् :

रङ्ग भर्दै, वासन्तीले अङ्गभङ्ग सजाउँछे ।
लामा नयन चुल्ठीमा वैशाखी नै रमाउँछे ॥
शिरबन्दी चमेली वा वेली लालीगुराँस छन् ।
आऊ चाँदनी सन्ध्यामा आँखा प्रीति खन्याउँछन् ॥

(आँखा प्रीति खन्याउँछन्, ४ : ६२)

यसरी यस कवितासङ्ग्रहमा कविले प्रकृति, शृङ्गार, राजनीतिक आदि विषयवस्तुमा आधारित भएर विविधपक्षका भावनालाई सौन्दर्यपूर्ण ढङ्गले व्यक्त गरेका छन् ।

### ४.२.३.६ बिम्बविधान

बिम्ब भनेको शब्दद्वारा वस्तुको चित्र र रूप उतार्नु हो । यो बिम्ब कवितामा भावनात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ र यसले मानव र बाह्य यथार्थको बीचमा रागात्मक सम्बन्ध स्थापित गराउँछ (तिमल्सेना र मिश्र, २०६५ : २५१) । अनुप्रास, उपमा, रूपक, आदि अलङ्कार सबै कवितामा पाइन्छन् र दाहालका कवितामा पनि श्रवणबिम्ब र दृश्यबिम्ब पाइन्छ । यहाँ दृष्यबिम्बको नमूना यस्तो रहेको छ :

लामी डाँडा तरु लहरमा क्वैलीले गीत खोली ।
थुम्की हाँस्थी समथर दुवै छम्छमाएर नाच्थी ॥

(धरती श्रद्धा, ४ : ८५)

कवितामा दाहालले करुणरसको प्रयोग गरी बिम्बात्मक आयोजनाको सफल चित्रण यसरी गरेका छन् :

बिर्सौं तिम्रो तन म कसरी बोल किन्ताङ रानी ।
आफ्नी भन्छु मधुर नयनी खोल आफ्नो कहानी ॥
पीडाका यी विकिरण सबै बोकी वासन्ती हावा ।
बैसालुको नगर लगिद्यौ, वेदनाका सहारा ॥

(उनैको सम्झनामा, ४ : ८३)

कविले कवितामा यमकअलङ्कार प्रयोगलाई गुरु वन्दना कवितामा यसरी प्रस्तुत गरेका छन् :

ती प्यारा कलिला लीला मुटुभरी सद्ज्ञानको ज्योतीले
यो संसार सुसार शासन गरौं आफ्नै नयाँ खेतीले

(गुरु वन्दना, २ : ७७)

यसरी दाहालले आफ्नो यस कृतिमा विभिन्न बिम्ब, अलङ्कार र प्रतीकको प्रयोग गरी माधुर्य प्रदान गरेका छन् ।

### ४.२.३.७ भाषाशैली

उनका भाषा सरल छन् । उनको रचनामा व्यङ्ग्य पाइन्छ । छन्दमा उनी तत्सम शब्दको प्रयोग बढी गर्दछन् । उनका कवितामा मिठास पाइन्छ । गोरी-गोरी रम्माइ जस्ता

उपमा र उत्प्रेक्षा अलङ्कारको प्रयोग पाइन्छ । सुवोध र सरल भैकन पनि आलङ्कारिता उनको शैलीभित्र पर्दछ । व्यङ्ग्यमा भने भ्रष्ट, शोषक, घुसखोरी र नातावादबाट समाजलाई दिशाविहिन बनाउनेलाई पुग्ने गरी व्यङ्ग्यवाण प्रहार गरेका छन् । समयलाई बुझेर कमल चलाउने दाहालको विषयवस्तु समयानुकूल चलेको पाइन्छ । उनले समाजभित्रका स-साना घटना टपक्क टिपेर कलात्मकता भर्दै विषयवस्तु बनाएका छन् । उनको लेखनशैलीले विषयवस्तुलाई रोमाञ्चकता चित्रण गरेको छ । उनी प्रकृति र सौन्दर्य चेतलाई सरल भाषामा अभिव्यक्त गर्न सक्षम देखिन्छन् ।

### ४.२.३.८ उद्देश्य

कुनै पनि विषयवस्तुमा आधारित भएर भावमय अनुभूतिप्रधान कलात्मक व्यञ्जन, अभिव्यञ्जनात्मक प्रकटीकरण नै मूल रूपमा कविताको उद्देश्य हो । आफ्ना प्रत्येक सृजनामा आफूलाई पूर्णता दिन लैजाने कलात्मक प्रवृति नै उद्देश्य हो (घिमिरे, २०४९ : ३०) । कविताले भन्न चाहेको मूल चुरोको अर्थ भेटाएर लिन सक्नु कविताको मूल उद्देश्यको सन्निहित हुनु हो । दाहालद्वारा रचना गरिएको प्रस्तुत कृतिमा निष्ठा, आर्दश एवं लोकतन्त्रका पक्षमा वकालत गरेको हुनाले निष्ठा र आदर्शलाई उद्देश्य बनाएको पाइन्छ । प्रजातन्त्रकता फुल्छ भन्ने शीर्षकमा उनले तानाशाही व्यवस्थालाई व्यङ्ग्य कतै लेखेका छन् ।

### ४.२.३.९ कृतिगत निष्कर्ष

यसरी *भस्मासुरका खित्का* कविता तथा निबन्धसङ्ग्रहभित्रका कविताहरूले शीर्षकलाई सार्थक बनाएको देखिन्छ । विषयवस्तुको गहनता, संरचनागत बाह्य र अन्तरिक पक्ष अनि पद्य र गद्यमा संरचित सरल, सरस र लालित्यपूर्ण भाषाशैलीले कवितालाई उच्चतम् विन्दुमा पुऱ्याएको देखिन्छ । गहनतम भाव र बिम्वको उचित प्रयोग गरेर कविले आफ्नो शिल्पको प्रयोग गर्दै उत्कृष्ट कवितासङ्ग्रहको रूपमा उभ्याउन सफल भएको पाइन्छ ।

### ४.२.४ भस्मासुरका खित्काका निबन्धहरूको विश्लेषण

*भस्मासुरका खित्का* कवि तथा निबन्धकार दाहालको तेस्रो कृति हो । यसमा उनका २२ वटा निबन्धहरू रहेका छन् । पृष्ठ १ देखि ५० सम्ममा निबन्धहरू अटाएका छन् । ती निबन्धहरूलाई निबन्ध विधाको मानकतत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

#### ४.२.४.१ शीर्षक

निबन्धकार बद्रीप्रसाद दाहालको *भस्मासुरका खित्का* सङ्ग्रहभित्र जम्मा २२ वटा शीर्षकमा लेखिएका निबन्धहरू रहेका छन् । कुनै शब्दात्मक कुनै शब्दावली त कुनै वाक्यात्मक किसिमको ढाँचामा उनका निबन्धका शीर्षकहरू रहेका देखिन्छन् । व्यङ्ग्य लक्षणहरू र व्यञ्जनात्मकता अभिव्यक्ति हो । दाहालले आफ्ना निबन्धहरूमा विसङ्गतिले व्याप्त समाजको विरुद्धमा व्यङ्ग्य लेखन सोझ्याएका छन् । उनले मानिसलाई युगबोध गराउने हाँस्यव्यङ्गात्मक शैलीमा समाज सुधारको आकाङ्क्षा अभिव्यक्त गरेका छन् । *कालो अभिलाषाको टालो* शीर्षकबाट सुरु भएको निबन्ध बीचबीच शीर्षकमा गएर समापन भएको छ । उनले खराब व्यवहार देखाउनेहरूलाई व्यङ्ग्यात्मकशैलीमा बाण हान्ने काम गरेका छन् । निबन्धकारले खराब तत्त्वलाई भस्मासुरको जस्तो अवस्था आउन नदिनु सचेत गराउने काम गरेको देखिन्छ । निबन्धमा भाव र विषयवस्तुसँग तालमेल मिलाउन सफल रहेकाले शीर्षक विधानको दृष्टिले उपयुक्त प्रमाणित हुन्छ ।

#### ४.२.४.२ विषयवस्तु

विषयवस्तु निबन्धको अनिवार्य तत्त्व हो । कुनै पनि निबन्धको रचना गर्दा जीवन-जगत्का कुनै एकपक्ष वा मानव मनका भावनाहरूलाई समेट्ने गरिन्छ । *भस्मासुरका खित्का* सङ्ग्रहमा निबन्धको विषयवस्तु सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा देखिएका विकृति, विसङ्गतिहरूको भण्डाफोर गर्दै राष्ट्रियताप्रति सबैलाई सचेत रहन आग्रह गरिएको सम्बन्धमा रहेको छ ।

यसरी प्रस्तुत निबन्धका विषयवस्तु निबन्धकारकै वैयक्तिक अनुभूतिहरू हुन् । यहाँ निबन्धकारले कतै यथार्थ, कतै कल्पना त कतै भावनाका सुन्दर महल खडा गरेका छन् ।

उनको विषयवस्तु र भाववीच सन्तुलन देखिएको छ । आत्मपरक शैलीमा निबन्धहरूको विषयवस्तु प्रस्तुत गरिएको छ ।

### ४.२.४.३ संरचना

संरचना भन्नाले निबन्धको आयाम भन्ने बुझिन्छ । हरेक साहित्यिक रचनाको एउटा निश्चित आयाम भएझैं निबन्ध पनि लघु आयाम भएको लेख रचना हो । संरचनाको आधारमा हेर्दा यस निबन्धभित्र २२ वटा निबन्धहरू रहेको देखिन्छ । २०२९ सालमा लेखिएको *कोठा-गोता* निबन्ध देखिलिएर २०५७ सालमा लेखिएको *विस्तारवाद-जिन्दावाद !* सम्मका निबन्धहरू रहेका छन् । बाह्य संरचनाको रूपमा र आयामका आधारमा प्रस्तुत गर्दा पृष्ठ १ देखि पृष्ठ ५१ सम्म रहेको छ । आकारमा सङ्क्षिप्तता भए पनि विषयवस्तुको प्रस्तुति तथा भाव, विचार र अभिव्यक्ति कलामा भने यसभित्रका निबन्धहरू सशक्त देखिन्छन् ।

### ४.२.४.४ उद्देश्य

प्रत्येक साहित्यिक विधामा सिर्जनाको आ-आफ्नै उद्देश्य भएझैं निबन्ध साहित्य सिर्जनाको पनि आ-आफ्नै उद्देश्य रहेको हुन्छ । निबन्धकारको मनमा कुनै विषयवस्तुमाथि उठेका भावनाहरू प्रस्तुत गर्नु र उक्त विषयवस्तुका बारेमा जानकारी दिनु नै निबन्धको उद्देश्य रहेको छ ।

दाहाल आत्मपरक शैलीमा निबन्ध लेख्ने निबन्धकार हुन् । उनी आफू बाँचेको समाज र युगको, राजनीतिक, आर्थिक, धार्मिक, संरचना निर्माण गर्ने ध्येय गर्नु उनका निबन्धको विशेषता रहेको पाइन्छ ।

### ४.२.४.५ कथन पद्धति

यस निबन्धसङ्ग्रहमा रहेका निबन्धहरू प्रायः आत्मपरक शैलीमा लेखिएको पाइन्छन् । यस निबन्धभित्रका निबन्धहरूमा प्रथम पुरुष कथनपद्धतिको प्रयोग भएको छ । यसका साथै आख्यानात्मक, संवादात्मकता, मुक्तकीय टुक्राटुक्रीहरूको प्रयोगले कवितात्मक,

संवादात्मक र मनोविनोदात्मकताको समेत समुचित मिश्रणले निबन्धहरू ज्यादै रोचक बन्न पुगेका छन् ।

### ४.२.४.६ भाषाशैली

भाषाशैली स्रष्टाको निजी पहिचान हो । यसलाई निबन्धको अनिवार्य तत्त्व भनिन्छ । जुनसुकै साहित्यिक रचनामा भाषाशैलीले अहम् भूमिका निर्वाह गरेको हुन्छ । निबन्धमा प्रयुक्त भाषाशैली प्रत्येक निबन्धकारको फरक हुन सक्छ । निबन्धमा वाक्य गठन तथा शब्दगत चयनको भूमिका ठूलो रहेको हुन्छ । त्यसमा प्रयोग हुने विभिन्न बिम्ब एवं प्रतीकहरूले निबन्धको गुणस्तरलाई माथि उठाएका हुन्छन् । भस्मासुरका खित्का निबन्ध सङ्ग्रहभित्रका निबन्धहरू आत्मपरक शैलीमा लेखिएका छन् । यसमा सरल, सरस, कोमल भाषा, हल्का हाँसोको माध्यमबाट घोचिलो व्यङ्ग्य प्रहार गरिएको छ । अभिव्यक्तिमा गाम्भीर्य, श्रुतिमधुर व्यङ्ग्य, कविता, गजल र हास्यव्यङ्ग्यको मिश्रित मनोरञ्जन उनका निबन्धका मुख्य उपलब्धि हुन् । सङ्क्षिप्त आयाम, आनुप्रासिक पद योजना, भाषिक, सम्प्रेष्यता, उखान तथा सूक्तिको प्रयोग जस्ता निबन्धात्मक स्वभाव उनका यस सङग्रहभित्रका निबन्धहरूमा पाइन्छ ।

### ४.२.४.७ कृतिगत सारांश

*भस्मासुरका खित्का* निबन्धसङ्ग्रहभित्रका निबन्धहरू आत्मपरक वा निजात्मकताका दृष्टिले उच्च मानिन्छन् । यसभित्र सङ्कलित २२ वटा निबन्धमध्ये केही पहिले नै प्रकाशित भइसकेका छन् भने केही प्रथम पटक प्रकाशित देखिन्छन् । शीर्षक विधानका दृष्टिले निबन्धहरू सफल देखिन्छन् । उनका निबन्धहरूका शीर्षकले विचारलाई समेटेको पाइन्छ । शीर्षक, भाव र विषयबीच समन्वयको स्थिति देखिएको पाइन्छ ।

विषयवस्तुका रूपमा उनका निबन्धहरूले आर्थिक, सामाजिक, राजनीतिक विकृति र विसङ्गतिहरूलाई अवलम्बन गरेको पाइन्छ । मृदु हाँस्य र व्यङ्ग्यको माध्यमबाट विचारको प्रस्तुति गरिएको छ । आयामका आधारमा १-५० पृष्ठमा फैलिएको २२ निबन्धहरू बढीमा चार पृष्ठसम्मका छन् । निबन्धमा कवितात्कता, मनोवादत्मकताको झल्को पाइन्छ ।

शब्दगत र वाक्यांशगत, संस्कृत, हिन्दी र अङ्ग्रेजी शब्दको प्रयोग पाइन्छ । विचार र भावनाको प्रस्तुतिका क्रममा शैली सरल, सरस र रोचक बन्न पुगेकाले उत्कृष्ट निबन्ध बन्न पुगेको छ ।

## ४.२.५ डिबडिबे कवितासङ्ग्रहको विश्लेषण

*डिबडिबे* कवितासङ्ग्रह दाहालको चौथो कृति हो । यस कृतिमा जम्माजम्मी २३ वटा कविताहरू रहेका छन् । ४४ पृष्ठको लघु आकारमा रहेका कविताहरू केही पत्रपत्रिकामा प्रकाशित भैसकेका र केही अप्रकाशित छन् । यहाँ यी कविताहरूलाई समग्रमा कविताविधाको मानकतत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

### ४.२.५.१ शीर्षक

यस स्फुट-काव्य सँगालो कविताकृतिको लघुतम आयाममा देखिएको छ । शीर्षक कविताकृतिको नामाकरण मात्र नभई कृतिको सारभूत भाव प्रष्ट पार्ने सूचकसमेत हो । २०६० सालमा हेमन्तराज दाहालबाट प्रकाशक भई प्रकाशित भएको यो काव्यमा समाज देखिएका विसङ्गतिप्रति निबन्धकारले दरिलो वाण हिर्काएका छन् । 'डिवडिबे' महादेवलाई खुसी पार्ने साधना हो । यो डिबडिबेले दुई पाटाको प्रतिनिधित्व गरेको छ । एकातिर शिल्प र सिर्जना, निच्छल आवाज सृष्टिमा निरन्तरता छ भने अर्कोतिर खिसी ट्युरीको खित्काले व्यङ्ग्यप्रहार गरेर देशभक्तिको भाव प्रकट गरेको छ ।

कविता अङ्ग-अङ्गबाट व्यङ्ग्यको चटारोले डिबडिबे नाचिरहेको छ । सामाजिक, राजनैतिक विकृति र विसङ्गतिका चोटबाट थलिएको राष्ट्रको रोदन यहाँ काव्यसुधा भई बगेको छ । यस काव्यमा आध्यात्मिक चेतना, भौतिक ज्ञान र राष्ट्रप्रेमको भावना डिबडिबेको तालमा छमछमी नाचेका छन् । राष्ट्रियता, मानवता, संस्कृति, स्वधर्मको सिद्धान्तप्रतिको चोटिलो प्रहारबाट खबरदारी गर्ने काम डिबडिबे गरेको छ । हाँस्य-व्यङ्ग्यचेतनाका क्षेत्रमा डिबडिबे साँच्चिकै डिबडिबेका रूपमा स्थापित भएकाले यस कृतिको शीर्षक डिबडिबे अत्यन्त उपयुक्त र सार्थक देखिन्छ ।

### ४.२.५.२ संरचना

*डिवडिबे* खित्का-सङ्गालो नामाकरण गरिएको यस काव्यको प्रकाशक हेमन्तराज दाहाल रहेका छन् । *शुभेच्छा, भूमिका, कृतिबारे उद्गार, भलाकुसारी*जस्ता शीर्षक पृष्ठ १ देखि ९ सम्म गरिएको यस काव्य कृतिमा जम्मा ४३ पृष्ठ रहेका छन् । २३ वटा विषय शीर्षक राखेर प्रकाशित भएको यस कृतिमा केही कविता छन्दमा रचना गरिएका छन् । यो छन्दको कुशलता र व्यङ्ग्यवाहुल्यता रहेको लघुकाव्य कृति हो । ५४९ श्लोकमा रहेका शीर्षकमा विविधता छ । यस काव्यको आन्तरिक संरचना नेपालको सामाजिक राजनीतिक क्षेत्रमा देखिएका विकृतिप्रति व्यङ्ग्य गरी देशभक्तिको भावना सञ्चार गर्नु नै हो । कवि शास्त्रीय छन्दमा मात्र होइन स्वच्छन्दतावादी भावधारामा समेत दौडिएका छन् । कविले आफ्ना विषयशीर्षक रचनाहरूको संरचना गर्दा वृतात्मक पद्धतिका अतिरिक्त चक्रात्मक पद्धतिको अनुशरण गरिएको छ । चक्रात्मक पद्धतिमा कविता प्रयुक्त भाषाका शब्ददेखि वाक्यात्मक तहसम्मका एकाइहरूकै पुनरावृत्ति नगरे पनि वा प्रारम्भ विन्दुमान जोडिए पनि त्यसकै निकटबाट अगाडि बढिरहेका छन् ।

संरचनाको दृष्टिले लघु आकारको खित्का सङ्ग्रह भए तापनि देशभित्रका जटिल विषयवस्तुलाई सजीव चित्रबाट प्रस्तुत गर्ने र समसामयिक अवस्थाको विविध क्षेत्रमा देखिएका विकृतिबाट मानवलाई मुक्ति दिने यो काव्यकृति सफल भएको छ । अन्तरलयात्मकता भएकाले पनि यस कविता कृतिको आन्तरिक संरचना सवल र सफल भएको पाइन्छ ।

### ४.२.५.३ विषयवस्तु

कविताको स्वरूप बन्न छनोट गरिएको मूल रूप नै विषयवस्तु हो । एक समर्थ कविले आफ्ना युगका सम्पूर्ण प्रवृत्तिलाई पिएर अर्को युग निमार्ण गर्न सक्छ । कविताका विषयवस्तु बह्माण्डभित्रका यथावत वस्तु, मानवीय स्वभाव, राजनीतिक प्रकृतिसहित जीवन भोगाई र हेराइका अनेक पक्षसँग सम्बद्ध हुने गर्छ । बद्रीप्रसाद दाहालले यस हाँस्यव्यङ्ग्य कृतिमा हाम्रो समाजमा घटिरहेका विकृति एवम् विसङ्गतिहरू क्रमशः अतिक्रमित हुँदै आएको पाश्चात्य संस्कृति, आफ्नो कर्तव्यवोधबाट च्यूत भैतिकवादी रूपले रुमलिएका

स्वघोषित सभ्य र परिष्कृत भएका घटनाक्रमलाई यस कृतिमा सजाइएका छन् । सांस्कृतिक, आर्थिक र राजनीतिक पक्षलाई विकृतिबाट जोगाउन समाजमा सचेतनाको वीज छर्दै, सभ्य समाजको संरचना गर्न व्यङ्ग्यकाव्यका विषयहरू सुसज्जित भएका छन् । यस काव्यकृतिमा सङ्गीतमय ध्वनिको माध्यमबाट न्यायिक समाजको याचना गरिएको छ । सत्यं शिवं सुन्दरम्को खोजीमा आफ्ना कोमल शब्दहरूलाई त्रिशूलजस्तै तिखा बनाएर समाजका विकार र विसङ्गतिका विरुद्ध कुशलतापूर्वक राष्ट्रवादी भावनालाई सत्मार्गको माध्यमबाट अगाडि बढ्न आग्रह गर्नु यस कृतिको विषयवस्तु हो ।

### ४.२.५.४ लयविधान

लयविधान कवितातत्त्वको अभिन्न अङ्ग हो । कवितामा लय भएन भने श्रुतिमोहक बन्न सक्दैन । उनी लयविधानले कविता लेख्ने क्रियाशील कवि हुन् । दाहालको सिद्धहस्त कमलबाट जन्मन पुगेको यस कृतिका अधिकांश शीर्षकका कविताहरू मूलतः चार पङ्क्तिकै नियमित लयव्यवस्थामा आधारित छन् । दाहालले आफ्ना कविताहरूमा नेपाली जनजिब्रोमा भिजेको लोकछन्द र छन्दका माध्यमबाट समाज र राजनीतिमा देखिएका वेथिति, विसङ्गति, पीर, व्यथा, आचरण, सङ्घर्ष र विद्रोहलाई सबैले बुझ्ने गरी सरल भाषा र लयमा प्रस्तुत गरेका छन् । यस काव्यभित्र अन्त्यानुप्रास, वृत्यानुप्रास जस्ता समायोजनाले यो कृति लयात्मक हुनुका साथै आकर्षक एवम् रोचक बनेको छ । हास्यव्यङ्ग्यलाई तिखो वाणको रूपमा लयात्मक बनाएर पद्यात्मक, गेयात्मक र लयात्मक बनाउनुले उनको कवित्वमा उचाई थपिएको छ ।

यस कविताकृतिमा अन्यायका विरुद्ध वा पुराना सामाजिक संरचनाका उत्पीडक शक्तिका बिरुद्ध उत्रन उत्साहित गरिएको छ :

वितण्डा मच्चिदै मान्छे, मान्छेभित्र हराउँछ ।
हिंसाको उग्र छप्काले, आँखामुटु रसाउँछ ॥

(ब्रह्मसत्य प्रियंवद, ५:३७)

उल्लेखित यस श्लोकमा सबै पाउमा १६ वटा अक्षर छन् । वृत्यानुप्रास अलङ्कारले यो साच्चिकै सुन्दर कृति बनेको छ । विभिन्न आरोह-अवरोह साङ्गीतिक लययुक्त ध्वनि वा

स्वरताललाई सङ्गीत दिएर श्रुतिमोहक बनाइएको छ । प्रत्येक पङ्क्तिका अन्तमा देखिएका अन्त्यानुप्रास अलङ्कारले काव्यलाई मनमोहक बनाएको छ । समान ध्वनि भएका एक वा अनेक स्वर व्यञ्जन वर्णको बारम्बार आवृत्तिबाट उत्पन्न भएको शब्दालङ्कारयुक्त अनुप्रासले काव्यकृतिलाई लयात्मक बनाएको छ । काव्यकृतिका अन्तिम ४ शीर्षक गद्यात्मक छन् । जुन लयात्मक, गेयात्मक छन् ।

### ४.२.५.५ भावविधान

भावविधान कवितातत्त्वको अनिवार्य अङ्ग हो । जीवनजगत्को विषयवस्तु र मानवचेतनाको यावत अनुभवजन्य मानवीय समाज, संस्कृति, पूराकथा, इतिहास, दर्शन, ज्ञान, विज्ञानका कथन कवितामा आएका हुन्छन् । शब्द-शब्दको शृङ्खलाबद्ध गुम्फनबाट संरचना भएको भाषिक स्वरूपले निश्चित भाव प्रकट गरेको हुन्छ । कविता कलात्मक आयाममा कुनै भावकेन्द्रीय बनोटमा वृत्तात्मक, चक्रात्मक भई प्रकट भएको हुन्छ । यस *डिबडिबे* हास्यकृतिमा राष्ट्रियता, मानवता, संस्कृतिमा आएको ह्रासलाई विषयवस्तुको मुख्य भाव बनाएर आफ्नो कर्तव्यपथबाट च्यूत भएका भौतिकवादी रुमालोमा रुमलिएका स्वघोषित, सभ्य र परिस्कृत भनाउँदाप्रति तिखो व्यङ्ग्य गर्नु यस कृतिको मुख्य भाव हो । आजको समाजमा देखिएका विकृतिजन्य प्रवृत्तिप्रति डिबडिबेले डमडम गर्न पुगेको छ । यस कृतिले नौलो युगको शङ्खघोषको भावलाई सङ्गीतमय ध्वनिलाई ध्वनित गरेको छ । जस्तै :

मुर्कट्टाको बस्तीमा
विवेक पलाउने ठाउँ छैन
मात्र अस्मिता जुर्मुराइरह्यो ।

(पशुतामानवता, ३ : २३)

नयाँ मार्गको खोजीमा लागेका कवि दाहाल मानिसलाई गुमराहमा पर्ने स्वार्थी प्रवृत्तिप्रति यसरी गर्जिन्छन् :

सजाइन्न सफा मूल्य, बेमूल्य हुन्छ दर्शन
सभा मात्र उरालेर गर्दछौ किन गर्जन
राग त्याग जहाँहुन्न स्वार्थ अर्थ लिएपछि
कामक्रोध सबै उठ्छन, लोभ मोह पिएपछि ।

(राष्ट्र पारौं हराभरा, २ : १८)

यसरी काव्यमा कतै विनीत भई कतै न्यायिक, कतै याचना, कतै विद्रोह गरेर त्रिशूलजस्तै बनी राष्ट्रवादी दृष्टिकोण प्रवाह गर्ने विकासशील सिर्जनाको भाव व्यक्त गर्ने काव्यकृति बन्न पुगेको छ ।

### ४.२.५.६ बिम्ब र अलङ्कार

कवि बद्रीप्रसाद दाहालको *डिबडिबे* हास्यसँगालो अनुप्रास, यमक, रूपक, उत्प्रेक्षा, उपमा आदि अलङ्कारको संयोजनले कृति मृदु, मनोहर बनेको छ । एकै बसाइमा पढी सकिने यो काव्यकृतिमा संस्कृत तत्सम शब्दहरूको बाहुल्य रहेको छ । सामन्तवादी सामाजिक संरचना परिपाटीका बिरुद्ध चेतना र सामाजिक मुक्तिका लागि गरिने सङ्घर्ष कवि दाहालले अन्तर्वस्तुका रूपमा प्रस्तुत गरेका छन् । नियमित लय व्यवस्थामा सन्तुलन राखेर विभिन्न छन्दमा रचना गरिएको यो *डिबडिबे* सङ्ग्रहमा बिम्ब-अलङ्कारको स्थिति यस प्रकार रहेको छ :

उपमा अलङ्कार

खाइजात्रा गर्दागर्दै, गाइजात्रा भयो
जात्रैजात्रा बाह्रै वर्ष, तदर्थमै गयो
घातपछि अन्तर्घात, बात हातलात
रक्सीजस्तै सत्ता रैछ, चढ्ने हाम्लाई मात ॥

(पाँचथुने चुड्का, ५ : १३)

यस श्लोकमा सत्तालाई रक्सीजस्तै दाँजिएको हुँदा उपमा अलङ्कारको प्रयोग गरिएको छ ।

यमकअलङ्कार

भिन्नभिन्न अर्थलाई सङ्केत गर्ने गरी व्यजन वर्णहरूको उही क्रममा आवृत्ति हुँदा उत्पन्न हुने शब्दालङ्कारलाई यमक अलङ्कार भनिन्छ । यस अलङ्कारमा सुन्दा एउटै जस्तै लाग्ने र क्रम वा स्वरूपका दृष्टिले पनि उही शब्दको आवृत्ति भएजस्तो लाग्ने तर अर्थका दृष्टिले भने भिन्न हुने ब्यञ्जन वर्णहरूको आवृत्ति अनेक हुन्छ । जस्तै :

बज्दैन मादल कतै, मुरली र ख्याली

सारङ्ग-रङ्ग नभरेर बजेन झ्याली ॥

(बिरानो मौलिकता, १ : १६)

यहाँ रङ्ग-रङ्ग पदमा यमकअलङ्कारको प्रयोग भएको छ ।

यसरी यस सँगालोमा यस्तै मध्यानुप्रास, वृत्यानुप्रास र रूपक अलङ्कारको प्रशस्त प्रयोग भई कृति श्रुतिगम्य बनेको छ ।

### ४.२.५.७ भाषाशैली

भाषाशैली कविताको प्रमुख तत्त्व हो । यस काव्यमा प्रयोग भएको भाषा सहज, सरल र सत्य छ । काव्यमा समाज सुहाउँदो भाषाशैलीको प्रयोग भएको छ । यस काव्यको भाषाशैली स्वभाविक छ । यस काव्यमा तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दहरूको प्रयोग भएको छ ।

भाषामा केही तत्सम शब्दको प्रधानता छ । सामान्य पाठकका लागि पनि यो हास्यकृति सुवोध्य छ । छन्दमा रचिएका केही शीर्षक अन्त्यानुप्रास, मध्यानुप्रास मिलेकाले श्रुतिगम्य बनेका छन् ।

कवितामा छन्द कुशलता र व्यङ्ग्यबाहुल्यता राष्ट्रप्रेमको आँगनमा सजिएर शब्दहरू कतै शास्त्रीय तालमा र कतै स्वच्छन्द शैलीमा नाचेका छन् । भाषिक शुद्धताको दृष्टिले हेर्दा कतै लिङ्ग, बचन, पुरुष आदिमा अक्षम्य अशुद्धिहरू भेटिँदैनन् । भाषा शैलीशिल्पमा खासै खोट लगाउन पर्ने ठाउँ भेटिँदैन । नेपाली झर्रो अनुकरणात्मक शब्दले यो कृतिको काव्यशैली मनमोहक र सुन्दर बनेको छ ।

### ४.२.५.८ उद्देश्य

कुनै पनि विषयवस्तुमा अभिव्यञ्जना प्रकटीकरण गर्नु नै मूल रूपमा कविताको उद्देश्य हो । दाहालले यस *डिबडिबे* कवितामा प्रशासन नै शासन र शासन नै प्रशासन, अगुवा नै पछौटे र पछौटे नै अगुवा, न्याय नै अन्याय र अन्याय नै न्याय आदि तिर्मिराएको बेला डिबडिबेले सचेत गराउने काम गरेको छ । समयको प्रवाहसँगै आउने प्रत्येक परिवर्तन

राष्ट्रियता, मानवता, संस्कृति एवं स्वधर्मको रक्षाहेतु बन्न सक्नुपर्दछ । यी विषयहरू बर्तमान अवस्थामा ह्रास हुँदै गएका छन् । यस्ता भावनालाई व्यङ्ग्यपूर्ण शैलीमा खबरदारी गर्ने काम डिबडिबेले गरेको छ । यसरी समसामयिक अवस्थाको विविध क्षेत्रमा देखिएका विकृतिबाट कसरी मानवलाई मुक्ति दिन सकिन्छ भन्ने नै *डिबडिबे* कविताको मुख्य उद्देश्य रहेको छ ।

### ४.२.५.९ कृतिगत निष्कर्ष

बद्रीप्रसाद दाहालले *डिबडिबे* कवितासङ्ग्रहमा समाजमाविकृति र बिसङ्गतिहरू अति क्रमिक हुँदै आफ्नो कर्तव्यबोधबाट च्यूत भौतिकवादी रुमलोमा रुमलिएकाहरूमा डिबडिबे वाणीमा डमडम गर्न पुगेको छ । सांस्कृतिक, आर्थिक र राजनीतिक पक्षलाई विकृतिबाट जोगाउन समाजमा सतेतताको बीज छर्दै सुसंस्कृत समाजको निर्माणार्थ काव्य सफल सभ्य भएको पुष्टि गरेको छ ।

### ४.२.६ 'बाँसुरी' कवितासङ्ग्रहको विश्लेषण

*बाँसुरी* साहित्यकार दाहालको प्रकाशित कृतिहरूमा पाँचौ तथा अन्तिम कवितासङ्ग्रह हो । यसमा ३६ वटा कविता रहेका छन् । ३२ वटा पद्य र ४ वटा कविताहरू गद्यमा रचना गरिएका छन् । कविताहरू त्यति लामा छैनन् । ४, ५, ६ श्लोकका रहेका छन् । समग्रमा यी कविताहरूलाई कविताविधाको मानकतत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

### ४.२.६.१ शीर्षक

शीर्षक नामकरण मात्र नभई कृतिको सारभूत भावविचारको सूचक, सङ्केत वा उद्घाटक समेत हो (घिमिरे, २०४९ : ३२) । *बाँसुरी* बद्रीप्रसाद दाहालको मन्दाक्रान्ता, स्रग्धरा, अनुष्टुप, शार्दूलबिक्रीडित र उपजातिका ४ वटा कविता छन्दमा रचिएको कविताको सङ्गालो हो । *बाँसुरी* शब्द सुर, ताल र लय निकाल्ने मुरली हो । साँच्चिकै यसभित्रको सबै शीर्षक सुर बनेर आएका छन् । लोकतन्त्रका पक्षपाती कविले तानाशाही व्यवस्थालाई यान्त्रिक मानेका छन् । आफ्नो निहित स्वार्थमा तल्लीन रहेका शासकहरूप्रति तिखो बाण

प्रहार गर्दै विद्यमान परिस्थिति र प्रकृतिको मनोहारी चित्रलाई बाँसुरीको धुनका रूपमा विषयवस्तुको सँगालो काव्यवाणी भई सुसेल्न खोजेको धुनजस्तै बनेको हुँदा यो सङ्ग्रहको नाम बाँसुरी उपयुक्त देखिन्छ ।

### ४.२.६.२ संरचना

कविता आफैँमा सम्यक प्रकारले रचित संरचना भएको कविताकृति हो । ज्ञान-विज्ञान सम्बन्धी कुनै पनि वस्तुतत्त्व आदिका आधारमा बनाइएका ढाँचा वा किसिम, बनावट र बनोटजस्ता, शब्दरचना, भावरचना, वस्तुसंरचना आदिलाई संरचना भनिन्छ । संरचना दुई किसिमका हुन्छन् । (१) आन्तरिक (२) बाह्य कविताकृतिको बाह्य संरचना त्यसका लयात्मक खण्ड (गण र विश्राम भई पाउ) चरण वा पङ्क्तिका विधान तथा पङ्क्तिअनुसार थालिन्छ र त्यसका विविध भाग अध्याय हुँदै विस्तारित हुन्छ । यसमा ३६ वटा विषय शीर्षक राखिएका छन् । संरचनाको दृष्टिले लघुआकारको भए तापनि यसमा रहेका हरेक शीर्षकले सुसज्जित धुनका माध्यमबाट आज नेपाल आमाको जीर्ण छातीमाथि आफ्नै सन्तानहरूले गरिरहेको उपद्रो र वितण्डतासँग सबैको चित्त दुखेको छ । यस कवितासङ्ग्रहभित्र ३२ वटा पद्य र ४ वटा गद्यकविता सङ्ग्रहित भएका छन् । यस सङ्ग्रहमा चार पाउ भएका एकसय तेइस श्लोक र दुई पाउ भएका ३७ वटा श्लोक पद्यात्मक शैलीमा राखिएका छन् । यस सँगालोमा आत्माभिव्यक्ति गर्ने वा एकालापबाहेक 'तिमी' जस्ता द्वितीय पुरुष वाचकपात्रहरूको उपस्थिति पनि गराइरहेको छ बौद्धिकता, भावात्मकतामा बढी जोड दिई यस सङ्ग्रहमा अनुप्रासीय, लयबद्ध, भाषालाई छन्दको माध्यमद्वारा लिपिबद्ध गरिएको छ । कतिपय शीर्षकका विषयवस्तु शृङ्गार धारामा समेत वगेका छन् ।

यस सङ्ग्रहभित्र राष्ट्रप्रेम, आदरणीय व्यक्तिप्रति श्रद्धाभाव र लोकतन्त्रप्रति आस्थाभाव बोकेर केन्द्रीय विचारलाई चक्रात्मक रूपमा बिस्तार गरेका छन् । यस सङ्ग्रहको सुरुमा बलदेव मजगैयाँको *बाँसुरी* बारे दुई शब्दभूमिका *'बाँसुरीको धुनसँगै'* शीर्षकमा स्वयम् बद्रीप्रसाद दाहालको प्राक्कथन छ । सूक्ष्म आख्यानद्वारा यस कविताको आन्तरिक संरचना निर्मित भएको अन्तरलयात्मकता भएकाले पनि यस कविता कृतिको आन्तरिक संरचना सबल र सफल भएको देखिन्छ ।

### ४.२.६.३ विषयवस्तु

कुनै पनि लेख, ग्रन्थआदिमा प्रतिपादन वा विवेचना गरिने वा कुरोलाई विषयवस्तु भनिन्छ । कवि बद्रीप्रसाद दाहालद्वारा रचित यस *बाँसुरी* कवितासङ्ग्रहको विषयवस्तुको स्रोत वर्तमान समाजका विद्यमान विकृति, विसङ्गति एवम् आदरणीय व्यक्तिप्रति गर्नुपर्ने सम्मान, मान्छेले भोग्नुपरेका पीडा, कुण्ठा, वेदनालाई ऐनाको रूपमा पस्किएको पाइन्छ । यो कवितासङ्ग्रह कविको आत्मस्वीकृति अनुसार समाजमा रहेको व्याप्त आक्रमण, उत्पीडनद्वारा क्षत-विक्षत मान्छेको चित्कार अनि सङ्कीर्ण राजीनिक रूपमा प्रदूषित भएको विसङ्गतिजन्य ज्वालामुखीहरूको बाफिलो क्रन्दन हो । यस सङ्ग्रहमा धेरैजसो कविताले नेपालको वर्तमान राजनैतिक उथल-पुथललाई उजागर गरेको छ ।

*बाँसुरी* दाहालको कवितासङ्ग्रहको नाम हो । यस पुस्तकमा जम्माजम्मी ३५ वटा कविताहरू रहेका छन् । ३१ वटा पद्यमा र ४ वटा गद्यमा रचना गरिएका छन् । पद्य कविताहरू मन्दाक्रान्ता, स्रग्धरा, अनुष्टुप र शार्दूलविक्रीडित छन्दमा रचना गरिएका छन् । छन्दमा लेखे कविता हुने र अछन्दमा कविता नहुने होइन । उनी दुवैमा लेख्छन् । कविता त नैसर्गिक प्रतिभाबाट स्फुरण हुने जरुवा मूल हो अनि गद्य र पद्य पानीमा डुबाउने लोटा र ग्राग्रा मात्रै हुन् । उनका कविता छन्दमा छन् र सराहनीय छ ।

उनका मूल विषयवस्तु शृङ्गारले सुसज्जित हुँदै अघि बढेका छन् भने आज नेपाल आमाको जीर्ण छातीमाथि आफ्नै सन्तानले उपद्रो गर्दै छन्, त्यसका लागि प्रायश्चित्त आवश्यक छ भन्दै कवि लेख्छन् :

हाम्रा गल्ती विगत दिनमा जे भए राष्ट्रमाझ,
बाचा बाँधी उठवस गरौं माफ दिन्छन् समाज (दाहाल, २०६३ : ५१) ।

उनी प्रजातन्त्रको गाथा गाउँछन् । अग्रजलाई सम्मान गर्दछन् तर प्रजातन्त्रका विकृतिलाई घृणा गर्न पुग्दछन् । जनताका अधिकार खोस्ने धृष्टता नगर्न आग्रह गर्दै भन्दछन् :

पुनः गङ्गाजल छर्किएर
भ्रष्ट अँध्यारा र काला मस्तिष्कहरूमा
क्षमाको उदारता पेश गर्न सक्दैनन् ।

(आधुनिक लोकतन्त्र, ३ : ५१)

यसरी उनका कवितामा विषयगत विविधता छ । प्रत्येकको अलग-अलग सामाजिक, राजनैतिक विकृति बिसङ्गति, केही प्रेम-प्रणय, व्यङ्ग्य, बिद्रोहजस्ता विषयवस्तु समेटिएका छन् ।

### ४.२.६.४ लयविधान

कवितामा लय व्यवस्थाको निश्चित पद्धति भन्नु नै छन्दको स्थति हो । यो लय विधान प्रथमतः भाषिक स्वर व्यञ्जन वर्णगत ध्वनिको साम्य-बैषम्य दुवै भएको विवरण प्रक्रियाको कालगत प्राप्ति हो र कविता कृतिका चरण/पाउ वा पङ्क्ति/हरूफको गतिक्रम र यति विधानबाट थालिन्छ (त्रिपाठी : २८) । लय विधानले कुनै पनि स्वरवर्णको उच्चारण कालमा उत्पन्न आरोह-अवरोहगत साङ्गीतिक लययुक्त ध्वनि वा स्वरताललाई सङ्गीत लिएर श्रुतिमोहक बनाउँछ । यस *बाँसुरी* कवितासङ्ग्रहका कवि बद्रीप्रसाद दाहाल छन्दमा कविता लेख्ने कवि हुन् । बाँसुरी ३२ पद्य र ४ गद्य कविताहरूको सङ्ग्रह हो । यस सङ्ग्रहभित्र पृथक भाव र शीर्षकमा रहेका कविताले शृङ्गारको यसरी वर्णन गरेको छ :

लाम्चा काला नयन दहमा, डुब्न पाऊँ म आज
भ्रुभङ्गीका रसिक वनमा, खेल्न पाऊँ बहाड,
रङ्गीचङ्गी, कुसुम शिरमा दिव्यजादु कमाल
स्यूँदो भर्ने मन रमणीको प्रेममा अङ्कमाल

(बैंसको मोतीआऊ, १ : २५)

उल्लेखित यस श्लोकमा सबै पाउमा १७ अक्षर छन् । मन्दाक्रान्ता छन्दमा रचना गरिएको यस कवितामा मभनततगुगु गण र प्रत्येक पाउमा ४, ६, ७ अक्षरमा विश्राम रहेको छ ।

आज नेपाल आमाको जीर्ण छातीमाथि आफ्नै सन्तानहरूले गरिरहेको उपद्रोलाई समेत कविले प्रायश्चित्त यसरी गरेका छन् :

छुट्टै हाम्रो परिचय दिने योजना लक्ष्य राखौं
ताँती उठ्छन् अजयजनता उच्च आदर्श राखौं

हाम्रा गल्ती विगत दिनमा जे भए राष्ट्रमाफ
वाचा बाँधी उठबस गरौं माफ दिन्छन् समाज

(आजको आवाज, ३ : ४)

यसै गरी स्रग्धरा छन्दमा प्रत्येक पाउको ७/७ अक्षरमा विश्राम गरी रचिएको कविताले अस्त्रशस्त्र होइन, अब वार्ता र छलफलबाट देश विकास गरौं भन्ने भाव कवि यसरी व्यक्त गर्दछन् :

जित्नै सक्दैन कैल्यै, अवनितल भरी, शास्त्रले युद्ध-लक्ष्य
हार्नै सक्तैन कैल्यै, अवनितल भरी, शास्त्रको युद्ध-तथ्य
वार्ताभित्रै रमाऔं, छलफल मनका, भाव पोखी मिलेर
भडकाई, 'शान्तिगाथा'कलुषित मनमा, हुन्न बस्नै जिएर

(शान्तिको होस सुराज, ८ : ७)

यसरी बद्रीप्रसाद दाहालले यस कविता सङ्ग्रहमा शार्दूलविक्रीडित, अनुष्टुप्, मन्दाक्रान्ता, स्रग्धरा र उपजाति छन्दमा कविता रचना गरी लय, अलङ्कार आभूषणले सजाएर निकै मनोहर तल्याएका छन् ।

### ४.२.६.५ भावविधान

भावविधान कविताविधाको अभिन्न अङ्ग हो । यसमा जीवन-जगत्को समग्र विषयवस्तु र मानव चेतनाको यावत अनुभव कवितामा नअटाउने चाहिँ होइन र पूरै प्रवृत्ति (जीवन र जगत्) मानवीय समाज र संस्कृति, पूराकथा र इतिहास, दर्शन र ज्ञानविज्ञान आदिका साथै मानव मनको समस्त अनुभव व्यापारको कथन कवितामा हुन सक्छ । यिनै भाव वा विचारको अभिव्यक्ति भावविधानभित्र पर्दछन् (त्रिपाठी, भाग-४ : २०) । कविता शब्द-शब्दका शृङ्खलामा गुम्फित भाषिक संरचना हो । यिनै शब्दमा अन्तर्निहित सत्ता वा अस्तित्व नै भाव हो । कविता कलात्मक भाव वा विचारको केन्द्रीय चुरो भावविधान वृत्तात्मक, चक्रात्मक वा अन्य प्रकारको पनि हुन सक्छ । यस कवितासङ्ग्रहमा कविले भिन्न शीर्षकमा जनताको इच्छा आकाङ्क्षालाई प्रतिविम्बित गर्दै तानाशाहप्रति व्यङ्ग्य गरेका छन् :

त्यस्ता तुच्छ अयोग्यशक्ति चिनिद्यौ नेता बनौं सुन्दर ।

भ्रmeली कौवा छन्, छली छ शकुनी नेता खबरदार छ ॥

(नेता खबरदार छ, ४ : ४३)

यसै गरी कविताभित्रको राष्ट्रप्रेम बोलेको छ । कवि आफ्ना अग्रज स्रष्टाप्रति सम्मान र आदर गर्दै भन्दछन् :

साँच्चै मानववादका कलम हौ गर्छौं सधैं सम्झना

यी हाम्रा कविकाव्यका मणि भनी गर्छौं नुही वन्दना ।

(काव्यमणिमा, ५ : १८)

कवि बद्रीप्रसाद दाहालले छन्दमुक्त कवितामार्फत पनि लोकतन्त्रको गाथा गाएका छन् र निरङ्कुशतालाई यसरी घृणा गरेका छन् :

खुराफातले आघात पार्ने

फट्याइँमा टठ्याँई ठम्याउने

पक्षपातलाई भुजाभात भन्ने

छली र दम्भीहरूको

अँध्यारो विचार पछ्याउन सक्दैन

अबलोकन्त्रले ओठेभक्ति भट्याउन सक्दैन ।

(आधुनिक लोकतन्त्र, २ : ५०)

यसरी यस सङ्ग्रहमा कविले नेपालीले भोगेका दुःख, पीडा, वेदना, समाजमा भएका विकृति, बिसङ्गति जनतामा परेको आघातलाई पन्छाउँदै राष्ट्रवादी प्रेमको भावनाले नेपाली समाज आदर्श, सुसंस्कृत र प्रजातन्त्रको प्राप्तिमा विकासशीलताको भावना सिर्जना होस् भन्ने भाव व्यक्त गरेका छन् ।

### ४.२.६.६ बिम्बालङ्कार विधान

कवि बद्रीप्रसाद दाहालको *बाँसुरी* कवितासङ्ग्रहमा अनुप्रास, यमक, रूपक, उत्प्रेक्षा, उपमा आदि अलङ्कारको संयोजनले काव्य मनोहर बनेको छ । एकै बसाइमा पढी सकिने यो सङ्ग्रहमा संस्कृत तत्सम शब्दको बाहुल्य भए तापनि सरल र सरस छ । उनी छन्दमा

कविता लेख्ने कवि भएकाले उनको यो कवितासङ्ग्रह छन्द र अलङ्कारले सुसज्जित छ । अर्थका माध्यमबाट काव्यमा विशेष सौन्दर्य उत्पन्न गर्ने विम्बअलङ्कारको उदाहरण यसरी हेर्न सकिन्छ :

मध्यानुप्रास /अन्त्यानुप्रास

आज त्यो एकतन्त्री, हुकुमसित सधैं मूर्त बिद्रोह बोल्यो
योद्धा अग्ला लडाकू, सहिद, हृदयले, सूर्यकै ज्योति खोल्यो ।

(वीरका स्वर्णगाथा, १ : ३७)

यहाँ प्रयुक्त वर्णबाट मध्यानुप्रास र अन्त्यानुप्रासको झल्को दिई, कविता लयात्मक बनेको छ ।

वृत्यानुप्रास

एक वा अनेक व्यञ्जन वर्णहरूको अनेक पटक आवृत्ति हुँदा उत्पन्न हुने अनुप्रास अलङ्कारलाई वृत्यानुप्रास अलङ्कार भनिन्छ :

उर्लेको रक्तको खोलो, भलो गर्दैन देशको
द्यौ शान्ति, पृथ्वी शान्ति, भाव बोकौं स्वदेशको

(भाव बोकौं स्वदेशको सर्ग छ, ६ : १६)

यमक

भिन्नभिन्न अलङ्कारलाई सङ्केत गर्ने गरी व्यञ्जन वर्णहरू उही क्रममा आवृत्ति हुँदा उत्पन्न हुने शब्दअलङ्कार यमकअलङ्कार हो । सुन्दा एउटै जस्तो लाग्ने तर अर्थका दृष्टिले भने भिन्न हुने वर्णहरूको प्रयोग कवितामा यसरी भएको पाइन्छ ।

बजुर्वा क्रुर जाँतोमा दलिने दलितै त हुन् ।
दलित जात नै छैन्, सर्वहारा समिपहुन् ।

(सबैको रूप फुल्दछ, ५ : ३०)

यहाँ दलितै-दलित पदमा यमक अलङ्कारको प्रयोग भएको पाइन्छ ।

रूपक

उपमेय र उपमानको अभेद सम्बन्ध देखाउँछ वा दुईका बीच एक्यारोप गर्दा उत्पन्न हुने अर्थालङ्कारको प्रयोग गरी फलानो नै फलानो हो भनेर सोझै तोकेर रूपक अलङ्कार यसरी प्रयोग भएको छ :

रूपमात्रै छ मान्छेमा, कुरूप मूल्य-मान्यता
बोलीमात्रै छ मान्छेमा, झोलीभित्र त दैत्यता

(भाव बोकौँ स्वदेशको, १ : १६)

यसरी बद्रीप्रसाद दाहालले यस *बाँसुरी* कवितामा मान्छेका दुःख, जालझेल, प्रजातन्त्रप्रतिको आस्था, राजनीतिक बिसङ्गति, अग्रज साहित्यकारप्रति आदर आदि विषय बनाएर त्यसमा विभिन्न बिम्ब-अलङ्कारले सजाएर निकै मनमोहक तुल्याएका छन् । बिम्बालङ्कारको प्रयोगले यस काव्यकृतिको सौन्दर्य चमत्कार बढेको छ । अतः निष्ठा, आदर्श एवम् लोकतन्त्रका पक्षमा खुलेर उनले वकालत गरेका छन् । काव्यकौशलता प्रस्तुत गरेका छन् । लोकतन्त्रका पक्षपाती कविले लोकतन्त्र र राष्ट्रप्रेमको भावना आफ्ना कृतिमा प्रष्फुटित गरेका छन् ।

### ४.२.६.७ भाषाशैली

उनका भाषा सरल छन् । उनको रचनामा व्यङ्ग्य पाइन्छ । छन्दमा उनी तत्सम शब्दको प्रयोग बढी गर्दछन् । उनका कवितामा मिठास पाइन्छ । गोरी-गोरी रमाइ जस्ता उपमा र उत्प्रेक्षा अलङ्कारको प्रयोग पाइन्छ । सुवोध र सरल भैकन पनि आलङ्कारिता उनको शैलीभित्र पर्दछ । व्यङ्ग्यमा भने भ्रष्ट, शोषक, घुसखोरी र नातावादबाट दिशाविहिन बनाउनेलाई पुग्ने गरी व्यङ्ग्यवाण प्रहार गरेका छन् । समयलाई बुझेर कलम चलाउने दाहालको विषयवस्तु समयानुकुल चलेको पाइन्छ । उनले समाजभित्रका स-साना घटना टपक्क टिपेर कलात्मकता भर्दै विषयवस्तु बनाएका छन् । उनको लेखन शैलीले विषयवस्तुलाई रोमाञ्चकता चित्रण गरेको छ । उनी प्रकृति र सौन्दर्य चेत सरल भाषामा अभिव्यक्त गर्न सक्षम देखिन्छन् ।

### ४.२.६.८ उद्देश्य

कुनै पनि विषयवस्तुमा आधारित भएर भावमय अनुभूतिप्रधान कलात्मक व्यञ्जन, अभिव्यञ्जनात्मक प्रकटीकरण नै मूल रूपमा कविताको उद्देश्य हो । आफ्ना प्रत्येक

सृजनामा आफूलाई पूर्णता दिन लैजाने कलात्मक प्रवृत्ति नै उद्देश्य हो (घिमिरे, २०४९ : ३०)। कविताले भन्न चाहेको मूल चुरोको अर्थ भेटाएर लिन सक्नु कविताको मूल उद्देश्यको सन्निहित हुनु हो । दाहालद्वारा रचना गरिएको प्रस्तुत कृतिमा निष्ठा, आदर्श एवं लोकतन्त्रका पक्षमा वकालत गरिएको छ । प्रजातन्त्र कता फुल्छ भन्ने शीर्षकमा उनले तानाशाही व्यवस्थालाई व्यङ्ग्य गर्दै लेखेका छन् :

छैन् संवेदना कत्ति, यन्त्र जस्तै अचेत छ, ।
दल्ने, छल्ने र चुस्नेमा, मात्रै डाँका सचेत छ ॥

(प्रजातन्त्रकता फुल्छ, ३ : ११)

उनले नेतालाई खबरदारी गर्दै यसरी लेखेका छन्, हरेक क्षेत्रमा देखिएका उपद्रोप्रति प्रायश्चित्त आवश्यक छ भन्दै आजको शीर्षकमा :

छुट्टै हाम्रो परिचय दिने योजना लक्ष्य राखौं ।
ताँती उठ्छन् अजय जनता उच्च आदर्श राखौं ॥

(आजको आवाज, ५ : ४)

यसरी समग्र रूपमा वर्तमान अवस्थाको विषयलाई जनसमक्ष प्रस्तुत गर्नु नै यस कृतिको मुख्य उद्देश्य रहेको पाइन्छ ।

### ४.२.६.९ कृतिगत निष्कर्ष

बद्रीप्रसाद दाहालको २०४० देखि २०६३ सम्मका कृतिहरूको अध्ययन गर्दा उनलाई साहित्यको बहुविधामा कलम चलाउन सक्ने साहित्यकारका रूपमा लिन सकिन्छ । उनले हास्यव्यङ्ग्य कवितासङ्ग्रह प्रकाशित गरेका छन् भने *गोरखापत्र,* राजधानी र अन्नपूर्ण पोष्टका उनी स्तम्भकार हुन् । गद्य र पद्य दुवैमा समान रूपमा कलम चलाए पनि उनलाई कवि भन्नु उपयुक्त ठहर्छ । उनका कविता छन्दमा धेरै छन् । सरलताले सौन्दर्य थपेको छ । *बाँसुरी*ले पाठकमा त्रिफलाको काम गरेको छ । निष्कर्षमा उनलाई सफल साहित्यकारका रूपमा पुष्टि गरेको छ ।

## ४.३ निष्कर्ष

कवि बद्रीप्रसाद दाहालका २०४० देखि २०६३ सालसम्म प्रकाशित भएका चारवटा कवितासङ्ग्रह र एउटा कविता तथा निबन्ध संयुक्तसङ्ग्रहको विधागत मूलतत्त्वका आधारमा प्रस्तुत गरिएको छ । *गङ्गा, हेनरी ड्युना, भस्मासुरका खित्का, डिबडिबे* र *बाँसुरी* सङ्ग्रहहरूमा छन्द, अलङ्कार, गुण, रीति आदिको उचित प्रयोग भएको पाइन्छ । तत्सम शब्दको अधिक प्रयोग भएको पाइन्छ । तत्सम शब्दको अधिक प्रयोग गरिएको छ भने आगन्तुक शब्दको पनि सामान्य प्रयोग रहेको छ । करुणता, मानवता, प्रकृतिप्रेम, सौन्दर्यचेत र व्यङ्ग्यले कविता मनोरम बनेका छन् । सरलता, सरसता, बोधगम्यता आदिले उनका कवितासङ्ग्रहहरू उत्कृष्ट सङ्ग्रहका रुपमा उभिन सफल रहेको देखिन्छ ।

# परिच्छेद : पाँच

# उपसंहार तथा निष्कर्ष

# परिच्छेद : पाँच

# उपसंहार तथा निष्कर्ष

## ५.१ विषयपरिचय

यस अध्यायमा साहित्यकार बद्रीप्रसाद दाहालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनको सन्दर्भमा अघिल्ला विगतका परिच्छेदहरूमा गरिएका अध्ययन र विश्लेषणको परिच्छेदगत सारांश तथा विशेषता उल्लेख गरी समग्र प्रवृत्तिगत निष्कर्ष दिइएको छ ।

## ५.२ परिच्छेद एकको निष्कर्ष

परिच्छेद एक शोधपरिचयको रूपमा रहेको छ । यो औपचारिक खण्ड हो । यसमा विषयप्रवेश, समस्याकथन, शोधपत्रको उद्देश्य, पूर्वकार्य समीक्षा, शोधकार्यको औचित्य, सीमाङ्कन, सामग्री सङ्कलन र शोधपत्रको रूपरेखाको जानकारी दिइएको छ ।

## ५.३ परिच्छेद दुईको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार बद्रीप्रसाद दाहालको जीवनी, परिचयअन्तर्गत वंशपरम्परा, जन्मस्थान, बाल्यकाल, शिक्षादीक्षा, नोकरी प्रवेश, दाम्पत्यजीवन र सन्तान, आर्थिक अवस्था, दिनचर्या, संघ-संस्थाहरूसँगको आवद्धता, रुचि तथा स्वभाव समावेश हुनुको साथै व्यक्तित्वमा सार्वजनिक व्यक्तित्व, साहित्यिक व्यक्तित्व, समाजसेवी व्यक्तित्व राजनीतिक व्यक्तित्व र शिक्षक व्यक्तित्वको चर्चा उल्लेख गरिएको छ ।

## ५.४ परिच्छेद तीनको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार बद्रीप्रसाद दाहालको साहित्यिकयात्रा र चरण विभाजनको अध्ययन गरिएको छ ।

## ५.५ परिच्छेद चारको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार बद्रीप्रसाद दाहालको कृतित्वको अध्ययनअन्तर्गत उनका कृतिहरूको अध्ययन विधातत्त्वका आधारमा गरिएको छ । कविताको सैद्धान्तिक तथा

निबन्धको सैद्धान्तिक मान्यतानुरूप तत्त्वगत आधारमा समेत अध्ययन विश्लेषण गरिएको छ ।

## ५.६ समग्र निष्कर्ष

धादिङ जिल्लाको नीलकण्ठ न.पा.-६, मा २०११ सालमा जन्मिएका बद्रीप्रसाद दाहाल नेपाली साहित्यको कविता विधामा तथा (व्यङ्ग्यनिबन्धका क्षेत्रमा) लामो समयसम्म क्रियाशील हुने कवि हुन् । १३ वर्षको उमेरमा लेखेको *हिमाल* कविता नै उनको पहिलो कविता हो । आफ्नो सामाजिक परिवेशमा अनेक प्रक्रियाले गाँजेको नेपाली जनताको अवस्था देखाउन स्वच्छन्द तथा सुधारवादी काव्ययात्रामा उनी लागेका हुन् ।

शैक्षिक प्रमाण-पत्रका हैसियतले स्नातक तहसम्म तथा अनौपचारिक रूपमा स्नातकोत्तर तहसम्मको अध्ययन गरेका बद्रीप्रसाद दाहाल शिक्षण पेसामा मात्र रहे । आफ्नो जीवनकालमा विभिन्न स्थानमा रही अध्ययन अघि बढाएका उनले २०३२ सालमा स्नातक ( शास्त्री) उत्तीर्ण गरेका हुन् । यिनमा देखिएको निर्भीकता, स्वाभिमानी स्वभाव, आदिले कहिल्यै पनि अपमानको अनुभूति गर्नु परेन ।

बद्रीप्रसाद दाहालको प्रेरणा दाजु चूडामणि र घरायसी वातावरणबाटै जागृत भएको देखिन्छ । पिता, पितामह र प्रपितामह पूर्वीय शास्त्रका मूर्धन्य पण्डित भएकाले शास्त्रीय छन्दको ज्ञान भएको पाइन्छ । उनमा राजनीतिक, सामाजिक र शिक्षक आयामहरू देखिए तापनि सिर्जनशील व्यक्तित्व नै उनको महत्त्वपूर्ण व्यक्तित्व रहेको छ । कविता विधामा कलम चलाएका दाहालको कवि व्यक्तित्व नै परिचयको दरिलो माध्यम बनेको छ । उनको *गङ्गा* (२०४०) पहिलो प्रकाशित कृति हो । त्यसपछि क्रमशः *हेनरी ड्युना* (२०४६), *भस्मासुरका खित्का* (२०५७), *डिबडिबे* (२०६०) र *बाँसुरी* (२०६३) कवितासङ्ग्रह प्रकाशित छन् । उनका केही कृतिहरू अप्रकाशित अवस्थामा छन् ।

दाहालका प्रत्येक काव्यकृतिमा नवीन मूल्य र मान्यता पाइन्छ । शोक, मानवता, स्वतन्त्रता, विरोध उनमा कालक्रमिक विशेषता देखिन्छन् । अभिधात्मक अर्थलाई राखेर शीर्षक राखे तापनि कविले केही कविताका शीर्षक प्रतीकात्मक पनि रोखका छन् ।

आयामका दृष्टिले दाहालका फुटकर कविताहरू ५, ६, ७ र बढीमा १४ श्लोकसम्म रहेका छन् । कृतिगत आयामका दृष्टिले हेर्दा २४ पृ. २६ पृ., २८ पृ., ९० पृ.का लघु आकार र मझौला आकारका रहेका छन् । उनका कविताका विषयवस्तुहरू सरस तरिकाले शृङ्खलित रूपमा आएका देखिन्छन् ।

उनले आफ्ना कविताहरूमा खास गरी स्वच्छन्द लेखन तथा समसामयिक विषयवस्तुका विविध रूपलाई प्रस्तुत गरेका छन् । विविध विषयवस्तुका विविध भावहरू अन्तर्निष्ठता र बहिर्निष्ठतामा समाहित गर्नु पनि यिनको स्वभावका विशेषता हुन् । दाहाल स्वच्छन्द रूपमा मानवीय वेदना, पीडा, दुःख आदिलाई अभिव्यञ्जित गर्ने स्वच्छन्दतावादी कवि हुन् । उनले यथार्थ जीवन पद्धतिमा प्रकृतिलाई मानवीयकरण गरेका छन् । आफू बाँचेको युगको छटपटी तथा उत्साह, उमङ्ग र प्रेरणादायी सन्देशले राष्ट्रवादी स्वर उर्लिएको छ । उनका कृतिमा मधुरभाषा, सुललित पदचयन, बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग कुशल भएको पाइन्छ । यथार्थवादी दृष्टि, मानवीय संमवेदना, स्वच्छन्द दृष्टिकोण उनका मौलिक विशेषता हुन् ।

बाल्यकालदेखि नै सहित्यप्रति अभिरुचि राख्ने साहित्यकार बद्रीप्रसाद दाहाल विद्यालयीय जीवनदेखि नै साहित्य रचनामा लागेको देखिन्छ । विशेष गरी २०२४ सालमा उनीद्वारा लेखिएको *हिमाल* कविता लेखाइको दृष्टिले पहिलो मानिन्छ । प्रशासनका दृष्टिले भने *गङ्गा* पहिलो कृति हो । उनको आजसम्मको सम्पूर्ण काव्ययात्रालाई हेर्दा पूर्वार्धचरण ( २०४० पूर्व) र उत्तरार्धचरण २०६३ सम्म गरी दुई चरणमा विभाजन गर्न सकिन्छ ।

मूलतः स्वच्छन्दतावादी जीवनदृष्टिका कविले सम्पूर्ण काव्ययात्रालाई पुस्तकाकार कविताकृति प्रकाशनका आधारमा दुई चरणमा विभाजन गरिए पनि उनका सम्पूर्ण कविताहरूमा मूल प्रवृतिहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

समकालीन यथास्थितिवादी सामाजिक तथा राजनीतिक आफ्ना कविताहरूमा लोकतन्त्रको पक्षमा खुलेर वकालत गरेका छन् । उनले आफ्ना स्वच्छन्द भावहरू प्रतीकात्मक तथा अभिधात्मक दुवै अर्थमा प्रयोग भएको देखिन्छ । विशेषगरी *भस्मासुरका खित्का* (२०५७), *डिबडिबे* (२०६०), *बाँसुरी* (२०६३) कवितासङ्ग्रहका विभिन्न कविताहरूमा स्वच्छन्दभाव व्यक्त गरिएको पाइन्छ ।

बद्रीप्रसाद दाहाल आफ्नो समय र समाजका विकृति-विसङ्गतिलाई खुलेर विरोध गर्दछन् । बाहिरी सभ्य र भित्रबाट अन्य व्यवहार भएकालाई व्यङ्ग्यात्मक शैलीमा प्रहार गर्न पछि पर्दैनन् । यसै गरी दाहालले अत्याचार, शोषण, सामाजिक र राजनैतिक बेथिति आदिका विरुद्धमा पद्यात्मक या गद्यात्मक शैलीमा सुरबोध गराउँदै व्यङ्ग्य प्रकट गरेका छन् । उनले *भस्मासुरका खित्का* र *डिबडिबे* कृतिमा यसरी नै कलम चलाएका छन् ।

बद्रीप्रसाद दाहाल कारुणिक तथा मानवताका पक्षमा खुलेर कलम चलाउने व्यक्ति हुन् । कारुणिकता *गङ्गा* र मानवता *हेनरी ड्युना* कवितामा पस्केका छन् । दुःखी, पीडित र दर्दमा पिल्सिएकाहरूको करुणभाव उनका कृतिमा छताछुल्ल देखिन्छ ।

आफ्ना कविताहरूमा विषयगत विविधतालाई प्रस्तुत गर्नु कवि बद्रीप्रसाद दाहालको विषयगत प्रवृत्ति देखिएको छ । समसामयिक विषयवस्तुलाई विभिन्न अभिधात्मक, व्यङ्ग्यात्मक तथा प्रतीकात्मक रूपमा प्रस्तुत गर्नु यिनको प्रवृत्तिगत विशेषता नै देखिएको छ । नेपाली कविता विधामा कवि बद्रीप्रसाद दाहालले छन्दको प्रचुर प्रयोग गरेका छन् । छन्दमा पाइने लयात्मकता उनका कवितामा प्रशस्त पाइन्छ ।

कविता विधाका विभिन्न चार स्वरूपमध्ये उनको लेखनी विशेष गरी फुटकर कविताहरूको रचना गर्नुमा तिखारिंदै आएको पाइन्छ । समग्रमा स्वच्छन्दतावादी देखिने कवि बद्रीप्रसाद दाहालका कविताहरूमा भावगत तथा विषयगत विविधता पाइन्छ । विभिन्न स्रोतको प्रयोग गर्ने कविले मूलतः तत्सम शब्दहरूको प्रयोग बढी गरेका छन् ।

साथै आगन्तुक शब्दहरूमा अङ्ग्रेजी, फारसी भाषाका शब्दहरू प्रयोग गरेर कविता रचना गर्ने भए तापनि ठेट नेपाली शब्दहरूको प्रयोग र व्यङ्ग्यले उनका काव्यकृति रोचक बनेका छन् । भाषिक प्रयोगका दृष्टिले, शैलीप्रयोगका दृष्टिले र आयामका दृष्टिले कवितामा अनेक प्रवृत्ति देखिए तापनि समग्रमा दाहाल स्वच्छन्दतावादी कविका रूपमा उभिएका छन् ।

समग्रमा उनले लेखनीमार्फत निष्ठा, आदर्श एवम् लोकतन्त्रका पक्षमा कौशलता देखाएका छन् । छन्द साहित्यका शिल्पी दाहालले पञ्चायती कालरात्रीदेखि वर्तमानसम्म देश र जनतालाई नाङ्गो रूपमा लुट्न पल्केकाप्रति असहमति जनाउँदै समाजको यथार्थ रूप प्रस्तुत गरेका छन् । आफूलाई प्रकृतिप्रेम, जन्मभूमिप्रति आस्था, समाजसेवी भावना, मानवता, करुणिक भाव, प्राकृतिक सौन्दर्य आदि विविध विषयलाई सरल र सहजताका साथ लालित्य छर्दै विविध प्रतीकको प्रयोग गरेर पद्य र गद्य दुवैमा समान रूपले पौडन सक्ने स्वच्छन्दतावादी कविका रूपमा स्थापित गराएका छन् ।

# सन्दर्भग्रन्थसूची

# सन्दर्भग्रन्थ सूची


उपाध्याय, केशवप्रसाद (२०४९), *प्राथमिक कवि र काव्यप्रवृत्ति,* ते.सं., ललितपुर : साझा प्रकाशन ।

खनाल, यदुनाथ (२०४९), *समालोचना सिद्धान्त,* पाँचौ सं., पुल्चोक : साझा प्रकाशन, ।

घिमिरे, माधव (२०४९), *आफ्नो बाँसुरी आफ्नै गीत,* चौं.सं., काठमाडौं : साझा प्रकाशन, ।

चापागाई, निनु (२०५१), *यथार्थवादी रचना, दृष्टिकोण र विवेचना,* काठमाडौँ : दिल वरदान, महिम चापागाई ।

जोशी, रत्नध्वज (२०३९), *आधुनिक नेपाली साहित्यको एक झलक,* ते.सं., काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (सम्पा.) (२०५५), *नेपाली साहित्यकोश,* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव, दैवज्ञराज न्यौपाने र केशव सुवेदी (२०४६), *नेपाली कविता* भाग-४, प्रथम सं., ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य (२०५३), *नेपाली कविता* भाग-४, दो.सं., ललितपु : साझा प्रकाशन ।

तिमल्सेना, पशुपति (२०६५), *युद्धप्रसाद मिश्र र उनका कविता,* काठमाडौँ : एसिया पब्लिकेशन प्रा.लि.

दाहाल, बद्रीप्रसाद (२०४०), *गङ्गा,* धादिङ : शिवराज दाहाल ।

——————— (२०४६), *हेनरी ड्युना,* काठमाडौं : मानवता प्रकाशन ।

——————— (२०५७), *भस्मासुरका खित्का,* धादिङ : मिश्रा दाहाल ।

——————— (२०६०), *डिबडिबे,* धादिङ : हेमन्तराज दाहाल ।

——————— (२०६३), *बाँसुरी,* धादिङ : सङ्गीता दाहाल ।

पाण्डेय, ताराकान्त (२०५६), *गरिमा,* वर्ष १८, अङ्क ३, ललितपुर : साझा प्रकाशन, फाल्गुण ।

——————— (२०५५), *प्रगतिवादी नेपाली कवितामा अभिव्यञ्जित यथार्थ,* त्रि.वि. काठमाडौं अप्रकाशित विद्यावारिधि शोधप्रवन्ध ।

पोखरेल, बालकृष्ण (२०५८), *नेपाली बृहत शब्दकोश,* पाँचौं संस्करण, काठमाडौं : ने.रा.प्र.प्र. ।

पौड्याल, कृष्णविलास (२०५९), *साहित्य सिद्धान्त,* काठमाडौं : श्रीकृष्ण प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (सम्पा.) (२०५२), *साझा समलोचना,* ललितपुर : साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०५८), *नेपाली लोकसाहित्य,* काठमाडौ : एकता बुक्स ।

शर्मा, बालचन्द्र (सम्पा.) (२०५७), *नेपाली शब्दकोश,* काठमाडौं : सृष्टि प्रकाशन ।

शर्मा, मोहनराज (२०४८), *शैलीविज्ञान,* काठमाडौं : ने.रा.प्र.प्र. ।

———— (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौं : ने.रा.प्र.प्र ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०५२), *शोधविधि,* ललितपुर : साझा प्रकाशन ।

# परिशिष्ट

# परिशिष्ट

क) फुटकर रचना प्रकाशित भएका पत्र-पत्रिका तथा स्मारिका

वि.सं. २०२४ बाट कविता लेखन सुरु गरेका बद्रीप्रसाद दाहालका साहित्य सम्बन्धी रचना विभिन्न पत्रिका र स्मारिकामा प्रकाशित भएका छन् । उनका फुटकर रचनाको खोज गर्ने क्रममा फेलापरेसम्मका फुटकर रचनामध्येको कालक्रमिक विवरण यसप्रकार प्रस्तुत गरिएको छ :

| क्र.सं. | शीर्षक | पत्रिका | वर्ष |
|---|---|---|---|
| १ | अरुणोदय | नयाँ सन्देश | २०३३ |
| २ | हाइहाइ जात्रा बाइबाइ | श्रुति साप्ताहिक | २०४४ |
| ३ | अभिवादनका स्वर | पुनर्जागरण साप्ताहिक | २०५१ |
| ४ | पुड्को | गोरखापत्र | २०५२ |
| ५ | डण्डा, झण्डा, टन्टा | कान्तिपुर | २०५३ |
| ६ | हाम्रा प्रखर प्रतिभा | मधुपर्क | २०५३ |
| ७ | भुलक्कड | पुनर्जागरण | २०५४ |
| ८ | चिन्ता | आँसुको सुसेली | २०५५ |
| ९ | विजेताको नाच | धादिङ, साहित्य समाज (बिसौनी) | २०५६ |
| १० | कालो अभिशापको टालो | महेन्द्रोदय मा.वि. | २०५६ |
| ११ | देश अस्तित्व टुट्ला | साप्ताहिक विमर्श | २०६० |
| १२ | आजको आवाज | साप्ताहिक विमर्श | २०६० |
| १३ | जनता नै विजेता | साप्ताहिक विमर्श | २०६० |
| १४ | सम्झना काव्य तारा | गोरखापत्र | २०६२ |
| १५ | बैंसकी मोती आऊ | गोरखापत्र | २०६२ |
| १६ | देवीमा पुकारा | गोरखापत्र | २०६२ |

स्रोत : शोधनायकबाट प्राप्त विवरणअनुसार ।

## ख)   शोधनायसँग लिइएको अन्तर्वार्ताको नमुना

क) आफ्नो नामकरण, पुर्ख्यौली वंशबारेमा जानकारी दिनुहुन्छ कि ?

ख) आफ्नो शिक्षा-दीक्षाका सम्बन्धमा यथार्थ विवरण दिनुहोस् न ।

ग) नेपाली साहित्यमा कहिलेदेखि लेखन कार्य गर्न थाल्नुभयो ?

घ) साहित्यिक सङ्घ-संस्थासँगको संलग्नता कुन संस्थामा कुन पदमा कहिलेदेखि कहिलेसम्म गर्नुभयो ।

ङ) सामाजिक सङ्घ-संस्थासँगको संलग्नता कुन संस्थामा, कुन पदमा र कहिलेसम्म गर्नुभएको छ ।

च) हालसम्म प्रकाशित फुटकर कविता कुनकुन पत्रिकामा कहिले प्रकाशित भएका हुन् ?

छ) नेपाली साहित्यको योगदान गरेवापत यहाँले कुनै साहित्यिक पुरस्कार, सम्मान, अभिनन्दन प्राप्त गर्नुभएको छ ?

ज) साहित्य सिर्जनाका लागि प्रमुख प्रेरक व्यक्तित्व विधागत रूपमा भनिदिनुहुन्छ कि ?

झ) राष्ट्रिय-अन्तर्राष्ट्रिय व्यक्तित्वमध्ये मूलतःयहाँ बढी कसबाट प्रभावित हुनुभएको छ ?

ञ) तपाई साहित्य सिर्जना के का लागि गर्नुहुन्छ ?

ट) वादमा आधारित वावादमुक्त साहित्य उपयुक्त हुन्छन् ? यहाँका लेखन केसँग सम्बन्धित हुन्छन् ?

ठ) तपाई नेपाली शिक्षक भएका नाताले शिक्षण पेशा र साहित्यलाई कसरी सँगसँगै लैजानु भएको छ ?

ड) नेपाली साहित्यको वर्तमान अवस्थालाई यहाँले कसरी मूल्याङ्कन गर्नुभएको छ ?

ढ) साहित्य सिर्जनमा सबैभन्दा खुसी भएको क्षण र दुःखित भएको क्षणको कुनै सम्झना छ कि ?

ण) तपाईको आजसम्मको जीवनमा कुनै अविस्मरणीय घटना छन् कि ?

त) मोफसलमा रहेर साहित्य सिर्जना गर्दा के कस्ता तितामिठा अनुभव गर्नुभएको छ ?

थ) अन्य विधाभन्दा यहाँ कविता विधामा नै रमेको पाइयो, यसको कुनै कारण छ कि ?

द) साहित्यका क्षेत्रमा तपाईले गरेको योगदानको कत्तिको कदर र मूल्याङ्कन भएको ठान्नुहुन्छ ?

## ग) बद्रीप्रसाद दाहालका सम्बन्धमा अन्य प्रमुख व्यक्तिहरूसँग लिइएको अन्तर्वार्ताको नमुना

क) बद्रीप्रसाद दाहालको कवित्वलाई कुन रूपमा हेर्नुहुन्छ ?

ख) तपाईलाई बद्रीप्रसाद दाहालको कुन कृति उत्कृष्ट लाग्छ ?

ग) बद्रीप्रसाद दाहाललाई कुन रूपमा कलम चलाउने कविका रूपमा मान्नुहुन्छ ?

घ) बद्रीप्रसाद दाहालका रचनामा कत्तिको बौद्धिकताको प्रयोग पाउनुहुन्छ ?

ङ) कलात्मक दृष्टिले दाहालका रचनाहरू कुन स्तरका छन् ?


च) बद्रीप्रसाद दाहालका रचनामा कत्तिको समसामयिकता आत्मासात गरेको पाउनुहुन्छ ?

छ) बद्रीप्रसाद दाहालको व्यक्तित्वबारे थप केही जानकारी छ कि ?

घ) बद्रीप्रसाद दाहालका बारेमा अन्तर्वार्ता लिइएका विशेष व्यक्तिहरूको विवरण

| क.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | नवराज अधिकारी | र.न.पा-१४, चितवन |
| २ | पुरुषोत्तम दाहाल | नी.न.पा-७, धादिङ |
| ३ | बासुदेव तिमल्सिना | त्रिपुरासुन्दरी गा.पा.-५, धादिङ |
| ४ | रामचन्द्र भट्ट | ज्वालामुखी गा.पा., धादिङ |
| ५ | रुद्रप्रसाद भट्ट | ज्वालामुखी गा.पा.-२, धादिङ |
| ६ | विश्वराज अधिकारी | नी.न.पा-३, धादिङ |
| ७ | सीता शर्मा | तारकेश्वर न.पा-११, काठमाण्डौं |
| ८ | सीताराम अधिकारी | थाहा उ.मा.न.पा.-११, हेटौडा |

ङ) बद्रीप्रसाद दाहालले प्राप्त गरेका केही कदर तथा सम्मानपत्रहरू र छायाचित्र



गुरु ब्रम्हा : गुरु विष्णु : गुरु देवो : महेश्वर :
गुरु साक्षात् परम् ब्रम्हा तस्मै श्री गुरुवे नम :

नेपाल शिक्षक संघ

जिल्ला कार्य समिति
धादिङ


कदर-पत्र

धादिङ जिल्ला नीलकण्ठ गा.वि.स. बस्ने तपाई श्री बद्रीप्रसाद दाहालले आफ्नो अमूल्य जीवनको लामो कालखण्ड शैक्षणिक क्षेत्र तथा संघको सांगठनिक विकासमा समर्पण गरी नमनीय योगदान पुऱ्याउनुभएकोले यहाँको दीर्घ-जीवन, सु-स्वास्थ्य एवं भावी समय समेत शैक्षिक सेवामा आलोकित बनिरहोस् भन्ने शुभेच्छा सहित यो कदर-पत्र प्रदान गरिएको छ ।

मोहनबहादुर कडेल
अध्यक्ष
ने.शि.संघ, धादिङ

मिति : २०६५/९/२४

विष्णुप्रसाद अधिकारी
प्रमुख अतिथि
वरिष्ठ उपाध्यक्ष-ने.शि.संघ, केन्द्रीय समिति



भानु प्रतिष्ठान
काठमाडौं, नेपाल

श्री बद्री दाहाल
धादिङ बजार, धादिङ

आदिकवि भानुभक्त आचार्यलाई राष्ट्रिय विभूतिका रूपमा सम्मान गरी तपाईंले भानुभक्तका काव्यकृतिको अध्ययन, अनुसन्धान, प्रतिमा स्थापना/संरक्षण, उद्यान निर्माण आदि कार्यका माध्यमले नेपाली भाषा, साहित्य र संस्कृतिको समुन्नयनमा पुऱ्याउनु भएको योगदानको कदर गर्दै भानु द्विशत वार्षिक समारोहको समापनका अवसरमा राष्ट्रपति भवन, शीतल निवासमा आयोजित विशेष समारोहमा गणतन्त्र नेपालका प्रथम राष्ट्रपति [illegible]का समुपस्थितिमा यो सम्मान पत्र प्रदान गरिएको छ।

(डी.पी. अर्याल)
महासचिव
भानु प्रतिष्ठान

(प्रा.डा. व्रतराज आचार्य)
अध्यक्ष
भानु प्रतिष्ठान, काठमाडौं

(नरहरि आचार्य)
मन्त्री कानुन न्याय तथा संसदीय व्यवस्था
विशिष्ट अतिथि पुरस्कार वितरण समारोह

(राष्ट्रकवि माधव घिमिरे)
अध्यक्ष
भानु द्विशत वार्षिक समारोह समिति
भानु प्रतिष्ठान

२०१ औं भानु जयन्ती सप्ताह २०७१ आषाढ २९ गते



"सेवा नै धर्म हो ।"
"तमसोमा ज्योतिर्गमय"

नेपाल रेडक्रस सोसाइटी
नीलकण्ठ उपशाखा धादिङ

सम्मान पत्र

श्री बद्रीप्रसाद दाहाल ज्यू
संस्थापक सभापति
नीलकण्ठ न.पा.-३, धादिङ


मानवीय सेवाका लागि दत्तचित्त भई लागी पर्ने मानवीय संस्था नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा धादिङ अन्तर्गतको यस नीलकण्ठ उपशाखाको संस्थापक सभापतिको भूमिका निर्वाह गर्नुभई संस्थालाई स्थापना गर्न पुऱ्याउनुभएको अमूल्य योगदानको उच्च मूल्याङ्कन गर्दै संस्थाको १३ औं साधारण सभा तथा ५ औं अधिवेशनको अवसरमा यो सम्मान-पत्र प्रदान गरिएको छ ।

आगामी दिनमा पनि यहाँको सक्रिय सहयोग एवं सल्लाह सुझावको अपेक्षा सहित उत्तरोत्तर प्रगति एवं दीर्घ जीवनको हार्दिक कामना गरिन्छ ।

गोविन्द बुढाथोकी
सचिव
१२ फागुन २०७४

सीताराम कोइराला
प्रमुख अतिथि
सभापति-नेपाल रेडक्रस सोसाइटी
जिल्ला शाखा धादिङ

रामहरि अधिकारी
सभापति
नेपाल रेडक्रस सोसाइटी
नीलकण्ठ उपशाखा



"हाम्रो नीलकण्ठ, राम्रो नीलकण्ठ ज्ञान र सीपका लागि सधैं नीलकण्ठ"

नीलकण्ठ उच्च माध्यमिक विद्यालय
नीलकण्ठ नगरपालिका-३, धादिङ
स्थापित : २०३१

सम्मान-पत्र


लामो समयदेखि शिक्षण पेशामा संलग्न रही शैक्षिक उन्नयनमा लाग्नु भएका कर्तव्यनिष्ठ, शिक्षाप्रेमी तपाईं शिक्षक श्री बद्री प्रसाद दाहालले यस विद्यालयको शैक्षिक, भौतिक तथा सर्वतोमुखी विकासमा पुऱ्याउनु भएको योगदानको उच्च मुल्याङ्कन गर्दै यहाँको उत्तरोत्तर प्रगति एवं सेवा निवृत्त जीवनको पूर्ण सफलताको शुभकामना सहित यो सम्मान-पत्र प्रदान गरिएको छ ।

विष्णु प्रसाद सिलवाल
प्रधानाध्यापक

रेणुका पाण्डे
जिल्ला शिक्षा अधिकारी
प्रमुख अतिथि

होमनाथ रिजाल
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति


जि.प्र.का.द.नं. ०४/०५६/०५७, जि.हु.द.नं. ०२/०६३/०६४
विकास विचार समाचारको स्वतन्त्र खुराक
धादिङ आवाज साप्ताहिक
धादिङ २०५६
कदर-पत्र
धादिङ आवाज साप्ताहिकको १२ औं वार्षिकोत्सवको अवसरमा यस
स्तम्भ लेखी महत्वपूर्ण योगदान दिने तपाई स्तम्भकार
श्री बद्रिप्रसाद दाहाल (भष्मासुर) लाई सम्मान स्वरूप
यो कदर-पत्र प्रदान गरिएको छ।
आगामी दिनमा पनि तपाईको सहयोग र सहकार्यको अपेक्षा
राख्दै हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।
के.पी. दुवाडी
सम्पादक
धादिङ आवाज साप्ताहिक
नवराज छत्कुली
प्रकाशक
धादिङ आवाज साप्ताहिक
शंकर पोखरेल
मन्त्री
सूचना तथा संचार
नेपाल सरकार


Regd. No.: 205/2047/048
"Let all the Private and Boarding Schools' be United"
निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल
(प्याब्सन) धादिङ
Private and Boarding Schools' Organization Nepal
(PABSON), Dhading
हार्दिक उपहार
प्रस्तावित धादिङको नक्सा
त्रिपुरासुन्दरी गाउँपालिका